# दोस्रो अध्याय

# देवकोटाको परिचय

## 2.1. देवकोटाको पारिवारिक जीवन

2.1.1 जन्म – लक्ष्मीप्रसाद देवकोटाको जन्म विक्रम संवत् 1966 को कार्तिक 27 गते शुक्रवार राती 9.54 बजे काठमाडौंको धोबीधारा टोल अन्तर्गत ब्लक नं. 21/541-मा भएको थियो । गाईतिहार औंसीको बेलुकी लक्ष्मीपूजा सिद्धिएपछि जन्मेका हुनाले बाबु-आमाले उनलाई लक्ष्मीको प्रसाद स्वरूप ठहराए र जन्ममुहूर्तअनुसार उनको नाउँ तीर्थमाधव[1] भए तापनि जन्म पत्रिकामा न्वारनको नाउँको पहिलो अक्षर "ती" मात्र राखी "लक्ष्मीप्रसाद" नाउँ नै पुरा लेखिएको छ ।[2] यसै नाउँले उनी नेपाली साहित्य-जगत्मा प्रसिद्ध छन् ।

2.1.2. परिवार – देवकोटाहरू स्वयंलाई भारतको प्राचीन राज्य कन्नौजका ब्राह्मणहरूका वंशज मान्दछन् । तिनीहरूको मूल थलो पश्चिम नेपाल आछामको देवकोट गढीको ठाउँ थियो । त्यहाँबाट पछि तिनीहरू गोर्खातिर बसाइँ सरेर गए । पछिबाट पृथ्वीनारायण शाहले आधुनिक नेपाल अधिराज्यको गठन गरेपछि केही देवकोटा ब्राह्मणहरू काठमाडौं आएर बसोबास गर्नथाले । यसरी आउनेहरूमध्ये एकजना थिए पण्डित विद्याधर देवकोटा । यिनका नाति पं. तिलमाधव देवकोटाकी दोस्री पत्नी अमरराज्यलक्ष्मीदेवीबाट कान्छा छोराको रूपमा लक्ष्मीप्रसाद देवकोटाको जन्म भएको हो । उनका दुइजना दाजुहरू मध्ये जेठा लेखनाथ र माहिला दुर्गानाथ हुन् तथा तीनजना भाइहरू मध्ये साहिँला काहिँला मुकुन्द, ठाहिँला मित्रनाथ र कान्छा गोपीमाधव देवकोटा भनी परिचित छन् । पाँचवटी दिदीबहिनी मध्ये जेठी ओमकुमारी, माहिली

---

1. राहुल सांकृत्यायनले देवकोटाको न्वारनको नाउँ "तीर्थदेव" भएको उल्लेख गरेका छन्, [उत्तर, देवकोटा विशेषांक, पृ. 117], तर अरु सबै विद्वान्हरूले "तीर्थमाधव" नै भएको उल्लेख गरेका छन् ।
2. नित्यराज पाण्डे, महाकवि देवकोटा, ललितपुर: मदन पुरस्कार गुठी, वि.सं. 2017, पृ. 3-4 एवं पृ. 305-6.

हुलक्ष्मी, साहिँली नैनकुमारी र कान्छी प्रेमकुमारी हुन् ।[3]

वि.सं. 1981 को फागुन महिनामा काठमाडौंको [illegible] निवासी चालिसे ब्राह्मणकी तेह्र वर्षीया छोरी मनदेवीसित पन्ध्र वर्षीय किशोर लक्ष्मीप्रसाद देवकोटाको बिहे भयो । मनदेवीबाट लक्ष्मीप्रसादका चार भाइ छोरा र पाँच बहिनी छोरीहरूको जन्म भयो । तीमध्ये माहिली छोरी 1992 मा जन्मेर दुइमहिनापछि नै स्वर्गवासी भइन् । माहिला छोरा कृष्णप्रसाद देवकोटा एघार वर्षको उमेरमा वि.सं. 2004 को असोज 20 गतेका दिन टायफायडको शिकार भए । 2009 साल मंसिर 11 गतेका दिन लक्ष्मीप्रसादका जेठा छोरा प्रकाशप्रसादको पनि निधन भयो । वि.सं. 1991 को असार 24 गतेका दिन उनकी आमाले अनि त्यसको एकवर्ष नपुग्दै वि.सं. 1992 को जेठ 25 गते पिताले पनि परलोक गमन गरे । तिलमाधव देवकोटाको परिवार निकै ठूलो थियो । वि.सं. 2002 मा मैतीदेवी पाटीमा एउटा सानो घर किनेर लक्ष्मीप्रसाद देवकोटा आफ्ना जहान-बेटाबेटी लिएर बसे ।[4] उनको अभावग्रस्त र कष्टात्मक गार्हस्थ्य जीवन प्रायः यसै घरमा बित्यो ।

2.1.3. शिक्षा – पं. तिलमाधव देवकोटाले आफ्नो साहिँलो छोरो लक्ष्मीप्रसादको अक्षरारम्भ वि.सं. 1971 मा गराए । तर यसरी पाँच वर्षको उमेरमा विधिवत् रूपमा अक्षरारम्भ गर्दा लक्ष्मीप्रसादलाई "क" देखि "ज्ञ" सम्मका अक्षर "घर-गाउँमै भइसकेका थिए" ।[5] उनले प्रारम्भिक शिक्षा घरमा पिताजी र ठूलाबुबाट पाए । वि.सं. 1974 को चैत महिनामा उनको उपनयन कर्म सम्पन्न भयो । आफ्ना पण्डित पिताबाट गायत्री मन्त्रको दीक्षा प्राप्त गरेपछि उनले संस्कृत पढ्न थाले । घरमा अमरकोष कण्ठस्थ गरे, संस्कृत परिचय पढे र धेरै स्तोत्र गाउन सिके । यसका साथै ठूल्दाजु केदारनाथ देवकोटाबाट उनले अंग्रेजी समेत पढ्न सिके । वि.सं. 1977 को

---

3. चूडामणि बन्धु, देवकोटा, पृ. 4 – 5.
4. चूडामणि बन्धु, देवकोटा, पृ. 116; नित्यराज पाण्डेको भनाइअनुसार उनले त्यो घर वि.सं. 1997 तिरै किनेका थिए । – द्रष्टव्य : नित्यराज पाण्डे, महाकवि देवकोटा, पृ. 17.
5. लक्ष्मीप्रसाद देवकोटा, "कवि हुने धुनमा", दाडिमको रूखनेर, काठमाडौं : साझा प्रकाशन, वि. सं. 2039, पृ. 130.

चैत महिनामा दरबार हाई स्कूलमा पाँचौं श्रेणीमा भर्ना हुन पुग्नुभन्दा अघि उनले पि.सि. सरकारको "इंग्लिस फस्ट बुक" पढिसकेका थिए । पिताजीले उनलाई संस्कृत पढाउन चाहेका भए तापनि आमा र दाजुको जिद्दीले उनलाई अंग्रेजीमा पढाउनका निम्ति दरबार हाई स्कूल अर्थात् भानु माध्यमिक विद्यालयमा पाँचौं श्रेणीमा भर्ना गरियो । सानैदेखि उनको रुचि संस्कृततिरभन्दा पढाइ-लेखाइतिर नै बेसी रह्यो । स्कूलमा भर्ना भएपछि उनी झन् तल्लीनतापूर्वक पढाइ-लेखाइमा लागे । उनी बढी-बढी पढिलेखेर मास्टर बन्न र "पैसा कमाउन, घर उज्यालो बनाउन, बाबालाई मदत गर्न, दुःख भएका सबैलाई पुऱ्याउन" चाहन्थे । बिहान 5 बजेदेखि राती 12 बजेसम्म लगातार उनको पढाइ चलिरहन्थ्यो । यस तरिकाबाट उनले पाँच वर्ष पढे । सामान्यतया प्रवेशिकासम्मको अध्ययन सिध्याउन नौ वर्ष लाग्थ्यो, तर उनको त्यस्तो निरन्तर परिश्रमले गर्दा उनले पाँच वर्षमै वि.सं. 1982 मा पटना विश्वविद्यालयबाट पहिलो दर्जामा प्रवेशिका उत्तीर्ण गरे ।[7] प्रवेशिका उत्तीर्ण गरेपछि केही समयसम्म दाजुले चलाउने ट्युसन गर्न थाले । त्यसै वर्ष उनले त्रिचन्द्र कलेजमा आई.एस्सी.मा भर्ना लिए । वि.सं. 1985 मा आई.एस्सीको अध्ययन उनले सिध्याए ।[8] त्यसपछि बिहान जाँदो कक्षामा नै स्नातक स्तरको अध्ययन गर्ने अठोट गरी त्रिचन्द्र कलेजमा नै भर्ना लिई वि.सं. 1986 को अन्त्यतिर बि.ए. को परीक्षा दिएर दोस्रो श्रेणीमा उत्तीर्ण गरे ।[9] बि.ए.को परीक्षा सिध्याएर लगभग एक वर्षसम्म घरै बसेर उनले ट्युसन गरिरहे ।

वि.सं. 1987 को चैतमा काठमाडौंमा एउटा पुस्तकालय खोल्ने अठोट गरी उत्साही विद्यानुरागीहरूले प्रधानमन्त्री भीमशमशेर समक्ष अनुमतिका निम्ति एउटा निवेदन-पत्र पेश गरे । तर तिनै 46 जना मध्येका एकजना रामचन्द्र अधिकारीले उपस्थित गरेकाले पुस्तकालय खोल्ने अनुमतिको सट्टा रु. 100/- प्रतिव्यक्ति जरिमाना तिर्नुपर्‍यो र यस्तो कानुनको काम अब उप्रान्त बाह्र वर्षसम्म नगर्ने प्रण कबुल गरेर लेखापढी

---

6. चन्द्रबहादुर श्रेष्ठ, माई रेमिनिस्सेन्सेज अब द ग्रेट पोयट लक्ष्मीप्रसाद देवकोटा, काठमाडौं : रोयल नेपाल एकेडेमी, सन् 1981, पृ. 1.
7. लक्ष्मीप्रसाद देवकोटा, "हाई हाई अंग्रेजी", लक्ष्मी निबन्ध संग्रह, पृ. 52.
8. नित्यराज पाण्डे, पूर्ववत्, पृ. 8 – 9.
9. चूडामणि बन्धु, पूर्ववत्, पृ. 20.

दिनुभएको । यस कालखण्डलाई नेपालको इतिहासमा "आक्रोरी पर्व" भनेर चिनिन्छ । "यस आक्रोरी पर्वमा दक्षिण भएका युवकहरूमध्ये नेपालका रत्न तथा सरस्वतीका वरदपुत्र स्वरूप प्रखर प्रतिभा सम्पन्न कवि लक्ष्मीप्रसाद देवकोटा पनि थिए ।"[10]

बि.ए. को अध्ययन सिध्याएपछि देवकोटाले केही समयसम्म चक्रपाणि चालिसेसित नेपाली भाषा प्रकाशिनी समितिमा अनुवादको काम गरे ।[11]

वि.सं. 1988 मा देवकोटा, शंकरदेव पन्त र चन्द्रबहादुर श्रेष्ठले एम. ए. पढ्न जानका निम्ति डाइरेक्टर अव पब्लिक इन्स्ट्रक्सनसमक्ष आवेदन गरे तर प्रधान मन्त्री भीम शमशेरबाट उनीहरूलाई एम. ए. होइन बि. एल. पढ्नका निम्ति अनुमति प्राप्त भयो । आखिर निवेदन गर्दा बि. एल. चाहिँ पढ्ने पर्ने र व्यवहारैक अझ आफ्नो इच्छाले पैले पढेपनि हुने कुराको ठेगान पाएपछि उनीहरूले पटना विश्वविद्यालयको कानून कक्षामा भर्ना लिए । उनीहरूलाई सरकारले प्रतिमास रु. 70/-को दरले छात्रवृत्ति पनि दियो । बि.एल. मा भर्ना लिएपछि अंग्रेजीमा एम.ए. गर्नका निम्ति पनि उनीहरूले प्रयास गर्न थाले । देवकोटाको बि.ए. को परीक्षाफल राम्रो हुनाले अपेक्षित उनले अंग्रेजीमा एम. ए. गर्न लागि पटना विश्वविद्यालयमा भर्ना पाउनले ।[12]

वि.सं. 1990 को ठूलो भुइँचालो गएको बेलुकी लक्ष्मीप्रसाद देवकोटा पटना स्थानमा आफ्नो बि.एल. को परीक्षा उत्तीर्ण गरेर काठमाडौं पुगेका थिए । उनले बि.एल. के निम्ति छात्रवृत्ति पाएका हुनाले त्यसको अध्ययन सिद्धिनासाथ छात्रवृत्ति पाउन पनि बन्द भयो । फलस्वरूप उनको एम.ए. को अध्ययन पुरा भएन । पारिवारिक आर्थिक स्थितिको कठिनाइले गर्दा अब उनले पनि कमाइ गरेर परिवारको भरण-पोषणमा सघाउ पुर्याउनु अपरिहार्य भइसकेको थियो । यतिन्जेलमा उनी एउटी छोरी र एउटा छोराका पिता पनि बनिसकेका थिए । फलस्वरूप उनी जीवनको व्यावहारिकतामा पस्न

---

10. ढुण्डिराज भण्डारी, नेपालको आलोचनात्मक इतिहास, तृतीय खण्ड, अध्याय-6, काठमाडौं : प्रकाश प्रकाशन, वि.सं. 2027, पृ. 161.
11. चन्द्रबहादुर श्रेष्ठ, पूर्वोक्त, पृ. 11.
12. ऐजन, ऐजन, पृ. 12 – 16.

बाध्य भए र साथसाथै साहित्य-सिर्जनातर्फ पनि सक्रिय बन्दै गए । तैपनि एम.ए.को अध्ययन पूरा गर्ने उनको धोको रहेकै थियो । अतः वि.सं. 1992 को मीनमसान्तमा आफ्ना शिष्य उदयलाल श्रेष्ठका साथ कलकत्ता गएर फर्किंदा उनले एम.ए.को पाठ्यक्रमका केही पुस्तकहरू किनेर ल्याएका थिए । पटनामा पढ्दा नै पनि केही पुस्तकहरू उनले किनिराखेका थिए ।[13] कलकत्ताबाट फर्केपछि उनले एम.ए.को परीक्षा दिनका निम्ति पटना विश्वविद्यालयबाट फर्म पनि भरेका थिए । तर पारिवारिक आर्थिक संकट र बढ्दो मानसिक तनावले गर्दा उनले परीक्षा दिन सकेनन् ।

यसप्रकार औपचारिक रूपमा उनको शिक्षा बि.ए.बि.एल. सम्ममै सीमित रह्यो तर अनौपचारिक रूपमा भने उनले पूर्वीय र पाश्चात्य दुवै थरी साहित्य र दर्शनको गम्भीर अध्ययन गरेका थिए ।

2.1.4. कार्यक्षेत्र – जीवनयापनका निम्ति लक्ष्मीप्रसाद देवकोटाको अर्थोपार्जनको मूल र दीगो माध्यम ट्युसनवृत्ति नै रह्यो । वि.सं. 1982 मा म्याट्रिक परीक्षा दिइसकेपछि उनी ट्युसन पढाएर परिवारका आर्थिक आवश्यकताको पूर्तिमा दाजुभाइ कमाउन लागे । एकातिर आफ्ना र परिवारका दैनिक आवश्यकतापूर्तिका निम्ति काम गर्नु आवश्यक थियो भने अर्कोतिर जातीय साहित्य, संस्कृति तथा राष्ट्रिय सामाजिक, राजनीतिक एवं शैक्षिक अवस्थामा सुधार र विकास ल्याउनका निमित्त पनि काम गर्नु पर्ने आवश्यकता उनले बुझेका थिए । वस्तुतः पटनाबाट बि.एल.को अध्ययन सिध्याएर फर्केपछि नै उनी यी दुवै क्षेत्रतर्फ उत्तिकै सक्रियतापूर्वक देखिए । उनी प्रतिदिन 18 घण्टासम्म ट्युसन पढाउँथे र उब्रिएको 6 घण्टामा खानु, सुत्नु, पढ्नु, लेख्नु आदि सारा काम भ्याउनुपर्थ्यो । यसरी अभावको दबाउमा परेर अपनाउनु परेको यस्तो ट्युसनवृत्तिबारे उनी "कमारो" शीर्षक आफ्नो एउटा कवितामा लेख्छन् –

"अभाव जस्तो चक्कर छैन ।
ट्युसन जस्तो जाँतो हुँदैन ।"

---

13. कुमारबहादुर जोशी, देवकोटा र उनका महाकाव्य, पृ. 124.

एकातिर उच्चशिक्षा हासिल गर्ने अधुरो धोको, अर्कोतिर "ब्याज र ब्याजखोरी" को दैनिक चिन्ता र दबुक्को जाँतो, अनि अब अर्कोतिर मातृ-पितृ वियोग – यी तीनै कटा कुरा भावुक र संवेदनशील व्यक्ति देवकोटामाथि लगभग एकैचोटिको आइलागे। फलस्वरूप उनको मानसिक तनाउ बढ्यो । यहीबाट उनको मानसिक असन्तुलन शुरु भयो ।[14]

वि.सं. 1992 को मीनपचासमा आफ्ना शिष्य उदयराज श्रेष्ठसँग कलकत्ता भ्रमण गरेको बेलादेखि उनले चुरोट खान सिके । विद्यार्थी जीवनमा कहिल्यै चुरोट नखाने र अरुले खाएको पनि मन नपराउने देवकोटालाई कलकत्ताको त्यो यात्रापछिदेखि चुरोटको लत लाग्यो । यही चुरोटको लतले पनि उनको मानसिक असन्तुलन बढाउनमा र नर्भस हुने आदि जस्ता रोगको वृद्धिमा सघाउ पुर्‍याएको हो भन्ने लेखनाथ देवकोटाको धारणा छ ।[15] यही मानसिक असन्तुलनको उपचारार्थ वि.सं. 1995 मा उनलाई राँची पठाइयो ।

राँचीबाट फर्केर आएपछि पनि उनको मनस्थिति असन्तुलित नै रहेको देखी दाजु लेखनाथ देवकोटाले उनलाई वि.सं. 1995-96 मा गोकर्णस्थानतिर डुलाउन लगे ।[16] त्यस यात्राबाट फर्केर आएपछि उनले आफ्नो साहित्य-सिर्जनाको क्रमलाई अझ अघि बढाए । यतिन्जेलमा उनलाई चिनाउने "गरीब", "[illegible]", र "मुनामदन" जस्ता कृतिहरू प्रकाशित भइसकेका थिए । 1996 तिर उनले बेलायतका प्रसिद्ध अंग्रेजी निबन्धकार बेकनका [illegible] निबन्ध नेपालीमा अनुवाद गरेर 1996 को भदौ 29 गते नेपाली भाषा प्रकाशिनी समितिलाई समर्पण गरेका थिए । समितिद्वारा उक्त संकलन "प्रसिद्ध प्रबन्ध संग्रह" शीर्षकमा 1998 मा प्रकाशित भयो ।

वि.सं. 1998 मा शिवप्रताप थापाले [illegible] शिकार उपरी अंग्रेजीमा लेख्न भनी

---

14. भवानी घिमिरे, "बन्देका दृष्टिमा कुन हजुर", भानु, देवकोटा विशेषांक, पृ. 417 – 18.
15. लेखनाथ देवकोटाले मित्रनाथ देवकोटालाई लेखेको पत्र, द्र. कमलराज शर्मा, महाकवि देवकोटा : एक व्यक्ति दुई रचना, काठमाडौं: साझा प्रकाशन, वि.सं. 2032, परिशिष्ट – 2.
16. चूडामणि बन्धु, पूर्ववत्, पृ. 525, टिप्पणी ।

उनलाई तीन-चार महिनाको निम्ति नियुक्त गरे । त्यस आठ वर्षदेखिका शिकारको वर्णन भएको त्यस बृहत् डायरीलाई अंग्रेजीमा रूपान्तर गरिदिए बापत् उनले रु.400/- पाए पछिबाट त्यो डायरी सम्पादनका निम्ति भनी ई.ई. स्मिथलाई दिइएको थियो । स्मिथले त्यो पुस्तकलाई "बिग गेम हन्टिङ् इन नेपाल" शीर्षक दिएर आफ्नो नाउँमा प्रकाशित गराए । देवकोटाको नाउँ यसको रूपान्तरमा सहायता गर्ने भनी उल्लेख मात्र गरिएको थियो । यसरी लेखनकार्यका साथै अन्यान्य पारिवारिक एवं सामाजिक कार्यमा संलग्न रहे तापनि उनको जीविकोपार्जनको मूल माध्यम भने ट्युसनवृत्ति नै रहिरहेको थियो ।

वि.सं. 2000 भदौ 11 गतेदेखि लेखकका रूपमा देवकोटाले नेपाली भाषा अनुवाद परिषद्मा मासिक रु. 60/- को जागीर पाए । यसले मात्र आफ्नो र परिवारको पनि व्यवहार नचल्ने हुनाले ट्युसन गर्ने काममा पनि उनी लागी नै रहे । तर यसरी दुवैतिर काममा लागिरहे तापनि समितिमा जागिर खाँदाको यस अवधिभित्रमा उनले "शाकुन्तल", "लक्ष्मी निबन्ध संग्रह" र "सुलोचना, प्रभृति महत्त्वपूर्ण कृतिहरूको रचना गरे र प्रकाशित पनि गराए ।

एकदिन लेखकीय स्वतन्त्रताका सम्बन्धमा समितिका अध्यक्ष पुष्कर शमशेरसित वादविवाद हुनाको परिणाम स्वरूप देवकोटाले परिषद्बाट राजिनामा दिए । तर पछिबाट मृगेन्द्रशमशेरले दुवैलाई सम्झाई बुझाई गरेपछि पुनः आएर काम गर्न थाले ।[17] वि.सं. 2002 मा भाषानुवाद परिषद्को म्याद पुरा भएकोले अरू लेखक सरह देवकोटाको पनि जागिर समाप्त भयो । तर 2003 मा एक वर्षका निम्ति फेरि यो परिषद् बहालिँदा देवकोटा पनि त्यहाँ पुनः नियुक्त भए । यसै वर्ष असार 12 गतेदेखि उनी त्रिचन्द्र कलेजमा नेपाली र अंग्रेजीका प्राध्यापकका रूपमा नियुक्त भए । त्यहाँ उनको वार्षिक वेतन रु.1200,00 थियो तापनि रु. 50/- दर्शन-भेटको रकम कटाएर उनलाई वर्षको रु. 1150/- अर्थात् मासिक रु. 95.84 पै. दिइन्थ्यो ।[18]

-----------------------------------

17. बन्धु, पूर्ववत्, पृ. 150-53.
18. नित्यराज पाण्डे, पूर्ववत्, पृ. 23.

यसैताक उनी विश्व-भाषा निर्माण गर्ने उद्देश्य लिएर विभिन्न स्वदेशी-विदेशी भाषाहरूको अध्ययन पनि गरिरहेका थिए । वि.सं. 2002 मा पद्मशमशेर प्रधान मंत्री भएको उपलक्ष्यमा उनले नौवटा बेग्लाबेग्लै भाषा – संस्कृत, नेपाली, हिन्दी, बंगला, अंग्रेजी, उर्दू, नेवारी, फ्रेन्च र जर्मन – को प्रयोग गरी "नवभाषेश्वर" शीर्षकमा एउटा कविता लेखे । उनको यो ध्याउन्न उनको जीवनको अन्तिम वर्षसम्म पनि चलिरहेकै थियो तर उनको त्यो सपना कहिल्यै साकार हुन सकेन ।[19]

वि.सं. 2003 मा देवकोटाले हृदयचन्द्रसिंह प्रधान र केदारमान व्यथितसित मिली "नेपाली साहित्य परिषद्" खोल्ने र त्यसको तत्त्वावधानमा "साहित्यस्रोत" निकाल्ने अनुमति प्रधान मन्त्रीलाई मागे । यस वर्षको चैत महिनामा मृगेन्द्रशमशेरको माध्यमद्वारा उनीहरूले प्रधान मन्त्रीबाट सो अनुमति प्राप्त गरेपछि वि.सं. 2004 को वैशाखमा यस परिषद्को विधिवत् स्थापना भयो । देवकोटा यसका सभापति चुनिए । यसै महिनादेखि यस संस्थाको तत्त्वावधानमा "साहित्यस्रोत" नामक पत्रिकाको प्रकाशन थालियो । जेठ 2 गतका दिन मृगेन्द्रशमशेरद्वारा यस परिषद्को औपचारिक उद्घाटन भयो । यस संस्थाको आयोजनामा त्यसै वर्ष जेठ 15 गतेदेखि 17 गतेसम्म भएको विराट साहित्य सम्मेलनमा सभापतिको आसनबाट देवकोटाले दिएको भाषण सुनेर लेखनाथ पौड्याल जस्ता वयस्क कवि पनि प्रभावित भए ।[20]

त्यस बेलासम्ममा नेपालमा राणातन्त्रको अमानुषिक शासनले जनसाधारणको सहनशीलताको सीमा नाघिसकेको थियो । भित्रभित्रै क्रान्तिको आगो सल्किरहेथ्यो । देवकोटा जस्ता तीव्र संवेदनशील, आत्माभिमानी, स्वातन्त्र्य प्रेमी, तथा मानवतावादी कवि-भित्र पनि दुर्व्यवस्थाप्रतिको विरोध र विद्रोह तीव्रतर बन्दै गइरहेथ्यो । यस्तो स्थिति पूर्णबहादुर एम.ए. सित भएको कुराकानीपछि केदारमान व्यथितको परामर्शअनुसार प्रेमबहादुर कंसाकारसित लागी घरमा सुईकोसम्म नदिईकन त्रिचन्द्र कलेजको प्राध्यापन पेशा छोडेर उनी 2004 साल साउन 3 गते बनारसतर्फ लागे । बनारस गएर उनी नेपाली कांग्रेसमा शामेल भए । यो खबर पाएर राणाहरू क्रुद्ध भए । उनको कलेजको जागिर

---

19. चन्दु, पूर्ववत्, पृ. 168-70.
20. कुमारबहादुर जोशी, पूर्ववत्, पृ. 120.

खोसियो, नेपाली साहित्य परिषद्‌को सभापति पदबाट निकालिए, घरमा पुलिसले आएर खानतलासी लियो । यस्तो स्थितिमा उनका छोराहरू मध्येका जेठा कृष्णप्रसाद देवकोटालाई टाइफाइडले भेट्यो । उपचारको कुनै माध्यम नपाएर 2004 असोज 20 गतेका दिन तिनको निधन भयो ।[21]

बनारस गएर नेपाली काँग्रेसमा सम्मिलित भई राजनैतिक क्षेत्रमा प्रवेश गरे तापनि उनले साहित्य-सिर्जना कार्य भने छाडी नै राखे । वि.सं. 2004 माघ 13 गतेदेखि देवकोटा, नारायण प्रसाद उपाध्याय, सत्येन्द्र शर्मा र कृष्णप्रसाद उपाध्यायको सम्पादकत्वमा बनारसबाट "युगवाणी" पत्रिकाको प्रकाशन शुरू भयो । बनारसको दुधविनायकमा "नेपाली सौभाग्य पुस्तकालय" नाउँको पसलका मालिक टीकादत्त सिग्देलसँग त्यसै समय भेंट र परिचय भएपछि सिग्देलको सल्लाहअनुसार देवकोटाले प्रतिकविता पारश्रमिकका दरले कविता लेख्ने काम स्वीकार गरे । तर देवकोटाको सिर्जनशक्तिको रफ्तारसित टीकादत्त सिग्देलको आर्थिक शक्तिले होड लिन सकेन । अतः कहिले एक प्याकेट चुरोटको निम्ति, कहिले एक थाली भिंडोको निम्ति, कहिले एक पेट बेलुकाको खानाको निम्ति पनि उनले कविता लेख्ने क्रम चलाइरहे । नेपाली साहित्यको इतिहासमा देवकोटा नै प्रथम यस्ता साहित्यकार देखा पर्दछन् जसले आफ्ना कैयौं रचना बेचेर जीविकाको जक टार्ने प्रयास गरे । यसै समयमा उनले "मैना", "नेपाली मेघदूत", "मायाविनी सर्सी","कटक", "आकाश बोल्छ", "छाँगाको कुरा", "सुन्दरी प्रोसर्पिना" "भवरस", र "वैराग्य लहरी" आदि काव्यकृतिहरू र अरू अनेकौं फुटकर कृतिहरूको रचना गरे ।[22] यसरी एकातिर दैनिक आवश्यकता पूर्तिको निम्ति उनको कलम चल्यो भने अर्कातिर युगीन आवश्यकताको संबोधन गर्दै क्रान्तिकारी रचनाहरू पनि "युगवाणी"मा यथेष्ट प्रकाशित भए ।

वि.सं. 2005 को भदौमा रत्नाकर जनप्रकाशनालयबाट "पहाडी पुकार" प्रकाशित भयो । त्यसै वर्षको मध्यतिर श्रीमती मनदेवी देवकोटा उनलाई खोज्दै बनारस पुगिन्

---

21. नित्यराज पाण्डे, पूर्ववत्, पृ. 24-25.
22. पुरुषमणि बन्धु, देवकोटा बनारसमा, <u>रचना</u>, देवकोटा विशेषांक, पृ. 82-83.

र काठमाडौं फर्किन अनुरोध गरिन् । राणा प्रधान मन्त्रीको अनुमति नपाई अब देवकोटा काठमाडौं फर्केमा थुनामा पर्ने डर थियो । आफ्नो निम्ति गाँस-बासको धौ धौ परिरहेका देवकोटालाई त्यसरी खान-परिवार समेत धपिन आइपुग्दा ठूलो आर्थिक संकट आइलाग्यो । अब त्यतिको त्यहाँ बसिरहन पनि उनी सक्तैनथे । त्यसै वर्ष माघमा कलकत्तामा पढ्न बसेका नेपाली विद्यार्थीहरूको संस्था "हिमालय छात्र संघ" को आमन्त्रणमा उनी पत्नीलाई बनारसमै छोडी कलकत्ता गए । त्यहाँ चार दिन बसि फेरि उनी बनारस फर्के । यता उनकी श्रीमती भने पतिलाई लिएर काठमाडौं फर्कने सुविध गर्नमा तल्लीन थिइन् ।[23] कलकत्ताबाट फर्केपछि उनी त्यसै वर्षको अन्त्यतिर दार्जिलिङ र कालेबुङ गए । दार्जिलिङ भ्रमणबाट फर्केपछि उनले "दार्जिलिङ तरफ्याङ, कालेबुङ" शीर्षकको एउटा निबन्ध लेखी प्रकाशित गराए ।[24] परिस्थितिले नै बिग्रँदै गइरहेको उनको स्वास्थ्य बनारसमा मलेरियाले आक्रमण गरेपछि झन् क्षीण भएर गयो । कुन राजनैतिक उद्देश्यले उनी बनारस पुगेका थिए त्यसको उद्देश्य सिद्धको राजनैतिक दलमा मानिसहरूबाट उनले कुनै सहयोग पाएनन् । काठमाडौं फर्किन पनि उनी उत्सुक थिएनन् । आखिर श्रीमती देवकोटाले राणा प्रधान मन्त्रीलाई नेपाल फर्किने अनुमति माग्दै आवेदन गरेपछि तात्कालिक परराष्ट्र सचिव नरेन्द्रमणि आ.दी. को प्रयासबाट अनुमति प्राप्त भयो तापनि अर्थ लिई मधुसूदन देवकोटा र हरिलाल श्रेष्ठ उनलाई लिन बनारस पुगे । फलत: 2006 को पौषमा देवकोटा काठमाडौं फर्के ।[25]

काठमाडौं फर्केर आएपछि एक महिना पछि दाजु-भाउका घरमा बसेपछि उनी मैतीदेवी गए । आम्दानीको कुनै स्रोत थिएन । ट्युसन नै उनी समक्ष एक मात्र विकल्प थियो । तर ट्युसनगिरी एउटा नितान्त मामुली वृत्ति भएकोले ट्युसनको काम ठेलेपछि आर्थिक संकट र लालाबाले परिवारलाई गाँज्यो ।[26] 2008 साल असार 29 गतेका दिन आफ्नो जन्मोत्सवको उपलक्ष्यमा राजा त्रिभुवनले लेखनाथ पौड्याललाई मासिक रु. 200/- भत्तासहित "कविशिरोमणि" को उपाधि प्रदान गरे ।[27] तर अर्थभावको

---

23. भवानी घिमिरे, "बन्धेको दृष्टिमा दुई स्कुर", भानु, देवकोटा विशेषांक, पृ. 414
24. पूर्णमणि बन्धु, देवकोटा, पृ. 292-93.
25. पूर्णमणि बन्धु, "देवकोटा बनारसमा", रचना, पृ. 91.
26. कुमारबहादुर जोशी, पूर्वोक्त, पृ. 129.
27. वासुदेव त्रिपाठी, लेखनाथ पौड्यालको कवित्वको विश्लेषण तथा मूल्यांकन, काठमाडौं: पाठ्यक्रम विकास केन्द्र, वि.सं. 2034, पृ. 15.

ग्रस्त देवकोटाको प्रतिभा र अवस्थाको सरकारद्वारा कदर भएन । यसरी सरकारी क्षेत्रमा उनले केही नपाए तापनि केशर शमशेरको सहयोगले सम्पन्न रहेको नेपाली सांस्कृतिक परिषद्बाट केही महिनासम्म नै भए पनि मासिक रु. 150/- सहयोग स्वरूप पाए ।[28] 2008 देखि उनी सामाजिक कार्यहरूमा अझ बढी सक्रिय र व्यस्त बने । यसै वर्षको सुरुतिर उनको अध्यक्षतामा गीतागेहको स्थापना भयो र यसको तत्त्वावधानमा प्रवचन, दार्शनिक सभा र धार्मिक अनुष्ठानहरू सम्पन्न भए । यसै वर्ष लेखक संघको स्थापना काठमाडौंमा भयो । देवकोटा पनि यसका सक्रिय सदस्य रहे ।

वि.सं. 2009 मा राजा त्रिभुवनद्वारा पुनर्गठित सल्लाहकार समितिमा गैरसरकारी सदस्यका रूपमा देवकोटा मनोनित भए । त्यसै वर्षको असार 19 गते भएको त्यस समितिको अध्यक्ष पदका निम्ति देवकोटा पनि उठे तर चुनावमा उनको हार भयो । असोजमा सत्ताभित्र "नेपाली भाषा प्रचार संघ"का आयोजनामा भएको शिक्षा सम्मे-लनमा निमन्त्रणापत्र भाग लिन गएका देवकोटा त्यहाँबाट लेखनाथ र बालकृष्ण समसँगै निमन्त्रणापत्र असोज 25 गते सोझै दार्जिलिङ गए । त्यहाँ दार्जिलिङ शिक्षा प्रचा-रिणी समितिले नेपाली साहित्यका यी त्रिरत्नलाई अभिनन्दन पत्र चढायो । असोज 27 गते दार्जिलिङका नागरिकहरूबाट तर्फबाट यी त्रिरत्नको सम्मानमा दिइएको प्रीति-भोजमा देवकोटाले त्यहीँ दिया खाँदाखेरि एउटा कविता रचेर सुनाए । यसै भोजमा सभाका अध्यक्ष पारसमणि प्रधानले उनलाई "स्टेविङ्ग कवि" भन्ने उपाधि दिए ।[29] त्यहाँबाट उनी कालिम्पोङ र गान्तोकको भ्रमणमा गए । दार्जिलिङ-सिक्किमको भ्रमण सिध्याएर देवकोटा काठमाडौं फर्के आई.ए. को परीक्षा दिनका निम्ति घरमा अध्ययनरत जेठा छोरा प्रकाशप्रसाद देवकोटा बिरामी थिए । तर निक दिनको भ्रमणपछि फर्केका देवकोटालाई भेट्न आउनेहरूसित कुराकानी गर्नमा व्यस्त भएर अतः ठीक समयमा उपचार हुन नसकी भँचिर ।। गतेका दिन उनका जेठा छोराको पनि निधन भयो । यस दुःखद घटनाले मनस्थितिमा पुऱ्याएको आघातले गर्दा उनी

---

28. चूडामणि बन्धु, देवकोटा, पृ. 308.
29. पारसमणि प्रधान, रोचक संस्मरण, कालिम्पोङ : भाग्यमणि प्रकाशन, सन् 1983 [वि.सं.], पृ. 114 – 115.

केही दिनसम्म चिठ्ठीपत्र चल्दा भए ।[30]

त्यही वर्ष माघमा राहुल सांकृत्यायन काठमाडौं गए र देवकोटासित उनको भेट भयो । उनी कविको प्रतिभा देखि प्रभावित भए । पछिबाट भारत फर्केर आएपछि सांकृत्यायनले देवकोटाको प्रतिभा हिन्दीका श्रेष्ठ कविहरूसित दाँज्दै हिन्दी पत्रिका "आजकल"मा "नेपालका महाकवि" शीर्षक लेख प्रकाशित गराए । देवकोटाको प्रतिभाबाट प्रभावित भएर उनले यस पत्रको पातामा देवकोटालाई भेट्टाउनु मेरो लागि एउटा नयाँ आविष्कार थियो" भन्ने विचार व्यक्त गरे । त्यही लेखमा सांकृत्यायनले देवकोटा पागल भएर राँची पुऱ्याइएको कुरा पनि उल्लेख गरेका थिए । देवकोटा यो लेख पढेर अभिमर्माहत भए । त्यसैको प्रतिफलस्वरूप उनको "पागल" कविताको सिर्जना भयो ।[31]

वि.सं.2009को पुस र चैतमा देवकोटाले नेपाल सरकारको शिक्षा विभागलाई शिक्षा विकास समितिका सदस्यका हैसियतले शिक्षामा सुधार ल्याउनका निम्ति अत्यावश्यक सामयिक सुझावहरू दिए । त्यही वर्ष माघ 18 गते काठमाडौंको जयबागेश्वरी पुस्तकालयको रजतजयन्तीमा आयोजित विराट साहित्य सम्मेलनमा अध्यक्ष भएर देवकोटाले अंग्रेजी भाषामा लेख सुनाएका थिए ।[32] यही वर्ष चैतमा शाही सत्ताधिकार ब्रह्मानसिंहसित पाल्पा हाई स्कूल गएका थिए जहाँ "राष्ट्रका महाकवि"को रूपमा उनको स्वागत भयो ।

वि.सं. 2010को साउनमा उनी चौथो विश्व महोत्सवमा भाग लिन नेपाली प्रतिनि-धि मण्डलका एकजना सदस्यका रूपमा रुमानियाको राजधानी बुखारेस्ट गए । बुखारे-स्टमा लगभग बीस दिन बिताएर प्रतिनिधि मण्डलसहित उनी चेकोस्लोभाकिया, रूस र चीन हुँदै कार्तिक महिनाको दोस्रो हप्तातिर काठमाडौं आइपुगे । यस क्रममा

-----------------------------------------------

30. राहुल सांकृत्यायन, "महापण्डित राहुलले महाकवि देवकोटासँग भेट गर्दैदा", भानु, 5:12 [देवकोटा विशेषांक], पृ. 433.
31. कमलराज शर्मा, पूर्ववत्, पृ. 42 - 48.
32. भैरव अर्याल, "व्यंग्य विनोदी देवकोटा : केही सत्याकुलक", भानु,[देवकोटा विशेषांक], पृ. 25 - 26.

क्रममा उनले केही गीत र कविताहरूको रचना गरे ।

वि.सं. 2011 सालको बैशाख 1 गते उनी राजा त्रिभुवनद्वारा पुनः सल्लाहकार सभाका सदस्य मनोनित भए र जेठ 25 गते त्यसको विरोधी दलको नेता समेत चुनिए । सदस्यका रूपमा उनी मासिक रु.200/–वेतन पाउँथे । त्यसै वर्ष साउनमा नेपाली पाठ्य-पुस्तक निर्धारणार्थ निम्त्याइएका हुँदा बालकृष्ण समसित उनी पनि सम्मिलित भए । सल्लाहकार समितिको अधिवेशन स्थगित भयो र अर्को अधिवेशन माघमा मात्र हुने हुनाले उनी पुनः अध्ययन-लेखनतर्फ लागे । साउन महिनाको अन्त्यतिर उनी पद्मकन्या कलेजमा अंग्रेजीका प्राध्यापक नियुक्त भए । त्यहाँ लगभग चार महिना काम गरे । 2011को पौष महिनामा देवकोटा दिल्लीमा भएको एसियाली जन-सम्मेलनमा नेपाली प्रतिनिधि मण्डलका सदस्यका रूपमा भाग लिन गए । सम्मेलन स्थगितपछि तत्काल लगायत भारतका केही महत्वपूर्ण ठाउँहरूको परिभ्रमण पनि गरेर फर्के ।

2012 सालको बैशाख 25 गते राजा महेन्द्रले काठमाडौं खास पाउन नारायणहिटी राज-दरबारमा डाकेको 129 जना व्यक्तिको सभामा देवकोटाले "नेपाली लेखक संघ" को प्रतिनिधित्व गर्दै नेपालमा प्रत्यक्ष शासन समाप्त गरी प्रजातान्त्रिक शासन व्यवस्थाको स्थापना गरिनुपर्दछ भन्ने मत प्रकट गरे । त्यसै वर्ष असोज मसान्तदेखि पुस 1 गतेसम्म उनले फेरि कलेजमा अंग्रेजीका प्राध्यापकको रूपमा काम गरे । जेठ महिनाको अन्त्यतिर उनी अधिक बिरामी भए । दिनमा लगभग 18 घण्टा ट्युसन गरेर मासिक सात-आठ सय कमाउने काम जारी थियो । मैतीदेवीमा वर्षौंदेखि बनाएको घरमा अझै पलास्तर लगाउन सकेका थिएनन् । कर्जामा लिएको हुन लागेको तीन हजार ऋण तिर्ने इच्छा पनि अर्थाभावले गर्दा साकार बन्न सकिरहेको थिएन ।[33]

असोज 8 गते टुँडिखेलमा भएको विराट जनसभाको अध्यक्षता उनले गरेका थिए जसमा चीनको तीन वर्षे निर्वासन बिताएर फर्केका के.आई. सिंह प्रधान वक्ता थिए । तर यस बेलासम्ममा उनी राजनीतिबाट टाढिंदै गएर साहित्यमा पुनः केन्द्रित रहने प्रयास गरिरहेका थिए । यसै वर्ष साहित्य एकेडेमीको स्थापनार्थ देवकोटाको अध्यक्षतामा

---

33. लक्ष्मणप्रकाश [राम्बाडु], "देवकोटाप्रति सम्झना", भाषा 5:12, पृ. 162 – 64.

एउटा प्रारम्भिक समिति गठन भयो । यसै वर्षको अन्त्यतिर काठमाडौंमा काव्य-प्रतिष्ठान नाउँको संस्था स्थापित भयो र त्यस संस्थाबाट कविताप्रधान पत्रिका "इन्द्रेणी" प्रकाशित हुन थाल्यो । त्यस संस्थाको स्थापना र पत्रिकाको प्रकाशनमा सक्रिय भूमिका खेल्नेहरू मध्ये देवकोटा प्रमुख थिए । 2013 मा उनी त्यस संस्थाको अध्यक्ष भए । त्यसै सालको पुस महिनामा दिल्लीमा आयोजित पहिलो एसियाली लेखक सम्मेलनमा भाग लिन नेपाली प्रतिनिधि मण्डलको नेतृत्व गरेर देवकोटा गए । त्यहाँ उनले आफ्नो भाषणद्वारा सबैलाई प्रभावित पारे । अल इण्डिया रेडियोबाट उनका कविता प्रसारित भए । सम्मेलनको समाप्तिपछि भारतका विभिन्न ठाउँ घुमेर प्रतिनिधिमण्डल लगभग एक महिनापछि नेपाल फर्क्यो । "2014 चैत 2 गते वीरगन्जस्थित नेपाल राष्ट्रिय विद्यापीठको उपकुलपतिका रूपमा उपाधि वितरण उत्सव र दीक्षान्त भाषणका शुभ अवसरमा देवकोटा आएका थिए ।"[34]

वि.सं. 2014 सालमा उनीकहाँ ट्युसन पढ्ने विद्यार्थीमध्ये एकजना थिए हरिविक्रम शाह तिनलाई देवकोटाले आफ्ना कविताबारे लेखेको टिप्पणी अत्यन्त महत्वपूर्ण छन् । त्यस वर्ष असार 9 गते स्थापित भएको "नेपाली साहित्य कला एकेडेमी" अर्थात् अहिलेको "नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान" को उनी साहित्य विभागका सदस्य मनोनित भए । त्यसै वर्ष साउन 11 गतेदेखि कार्तिक 29 गतेसम्म उनी के.आई. सिंहको मन्त्री मण्डलमा शिक्षा तथा स्वायत्त शासन विभागका मन्त्री मनोनित भए । 2014 साल फागुन 23 गते विश्वविद्यालय आयोगका सदस्यका रूपमा भारतीय विश्वविद्यालयहरूको व्यवस्थापन आदि बारे अध्ययन-भ्रमण गरेको प्रतिनिधि मण्डलमा पनि देवकोटा सामेल थिए ।[35] उनी अघिदेखि नै पेटका बिरामी थिए । त्यसरी मन्त्री भएर तथा अन्यान्य उत्तरदायित्वपूर्ण ओहोदामा रहेर बाहिरभित्र पार्टी भोजमा सामेल हुनुपर्थ्यो । उनले पथ्य बार्न सकेनन् । फलस्वरूप पेटको बिरामी त्यसै क्रमको क्रमशः बढ्यो । कलकत्तामा डाक्टरहरूले "ग्यास्ट्रिक अल्सर" भएको ठहराएर अपरेशन गर्नुपर्ने आवश्यकता जनाएका भए तापनि त्यहाँ कलकत्तामा बसी डाक्टरी पढ्ने विद्यार्थीको सल्लाहअनुसार गर्नाको पास हुनाले

---

34. चूडामणि बन्धु, पूर्ववत्, पृ. 35.
35. यदुनाथ खनाल, "लक्ष्मीप्रसाद देवकोटा:एक अधुरो संस्मरण", भानु, [देवकोटा विशेषांक], पृ. 121.

उनले अपरेशन गराएनन् । मन्त्री पदबाट निस्केपछि फेरि उनको आर्थिक अवस्था अझै बढ्दै बिग्रेर गयो । रोग पनि बढ्दै गयो । आखिर अपरेशन गर्नै पर्ने भयो । राजा महेन्द्रबाट रु. 5000/- र नेपाल स्थित भारतीय दूतावासबाट सहायताबाट आउने जाने खर्च पाई 2015 असार 4 गते भाइ मधुसूदन देवकोटासित उनी कलकत्ता गए । कलकत्ताको एस.एस.के.एम. अस्पतालमा उनको पेटको क्यान्सरको अपरेशन भयो । कलकत्ताबाट फर्केपछि केही दिनसम्म स्वास्थ्य लाभका निम्ति उनी टोखा गएर बसे ।

त्यसै वर्ष ताशकन्दमा हुने एफ्रो-एसियाली लेखक सम्मेलनमा भाग लिन उनलाई आमन्त्रण आयो । उनी कवि माधव घिमिरे र आफ्नो पत्नीलाई पनि लिएर ताशकन्द गए । त्यहाँ मस्कोमा उनले स्वास्थ्य जाँच गराए । सम्मेलनपछि उनीहरू उज्बेकिस्तानका केही ठाउँहरू घुमी मस्को गए । देवकोटा उपचारार्थ त्यहीँ एक हप्ता बसे । माधव घिमिरे चाहिँ अघिबाटै फर्के । अस्पतालमा बस्दा बस्दै कविता लेखी उनले त्यहाँका पत्र-पत्रिकामा छपाए र त्यसबाट पाएको पैसाले केटाकेटीलाई कोसेली किनी देवकोटा दम्पती मंसीर 8 गते काठमाडौं आइपुगे ।

2.1.5. अवसान – पत्ता बिदा नलिई गएको अभियोगमा राजकीय प्रज्ञा प्रतिष्ठानबाट उनले पाउने गरेको मासिक भत्ता रोकिएको थियो । आठ-नौ महिनासम्म त्यो भत्ता रोकिएर बस्दा उनलाई आर्थिक संकटले थेच्यो । फलस्वरूप स्वास्थ्यमा नराम्रो असर पर्‍यो । आखिर दण्ड स्वरूप एक महिनाको तलब काटी अरु तलब पाउने भए । तर त्यतिबेलासम्ममा उनको स्वास्थ्य धेरै बिग्रिसकेको थियो । विभिन्न संघ-संस्था र व्यक्तिहरूबाट सहयोग पाई उनी 2016 असार 6 गते उपचारार्थ कलकत्ता गए । पाँच हप्ता त्यहाँ बसेपछि रोग अब निको नहुने र औषधीले केही कम्ती मात्र गराउन सकिने कुरा डाक्टरहरूबाट थाह पाएपछि उनी काठमाडौं फर्के । अलिक दिन घरमै बसेपछि पीडा असह्य भएकोले उनी भदौ 3 गते शान्तभवन अस्पतालमा गएर बसे । दिनप्रतिदिन उनको पीडा असह्य हुँदै गइरहेथ्यो । उनी आफ्नो ब्रह्माण्ड फाटेको अनुभव गर्दथे । आफूलाई हेर्न,सहानुभूति दर्शाउन आउनेहरूसित उनी पोटासियम स्यानाइड माग्थे । आखिर 2016 भदौ 29 गते राति 6:10 बजे काठमाडौंको आर्यघाटमा उनको देहान्त भयो ।

## 2.2. देवकोटाको साहित्यिक जीवन -

2.2.1. संस्कार - लक्ष्मीप्रसाद देवकोटाका पुर्खाहरू प्रायः सबै नै विद्वान् पण्डित थिए । उनका हजुरबुबा चन्द्र दत्त देवकोटा धर्मशास्त्री र प्रख्यात पण्डित थिए । पिता तिलमाधव देवकोटा पनि उस्तै प्रकाण्ड विद्वान् हुनाका साथै कवि पनि थिए । उनी संस्कृत र नेपाली भाषामा कविता लेख्थे उनका ती कविता लक्ष्मीप्रसाद देवकोटा बाँकको कलमले राम्रा अक्षर उतारेर सारिदिन्थे । तिलमाधवकी काहिँली छोरी हुकुमलक्ष्मी पनि कविता लेख्थिन् । विवाहपछि उनका कविता लोकप्रियादेवी पोशीको नाउँमा प्रकाशित भए । लक्ष्मीप्रसाद आफ्ना पिताले लेखेका कविता कण्ठस्थ गर्थे र लयपूर्ण स्वरमा सुनाउने गर्थे । शास्त्रीय छन्दमा लेखिएका ती कविताबाट उनको मनमा छन्द,लय र कवितात्मक अनुभूतिको प्रभाव स्वतः पर्‍यो । यसप्रकार देवकोटाको जीवन पाण्डित्यपूर्ण, ब्राह्मण संस्कार र कवित्वमय वातावरणमा हुर्कंदै थियो । उनका जेठा दाजु लेखनाथ देवकोटा चन्द्रशमशेरको अंग्रेजी शिक्षा लिई ट्युसन गर्थे । यसरी एकातिर पिताको पाण्डित्यपूर्ण व्यक्तित्व र अर्कातिर दाजुको "मास्टरमा हुनुपर्ने जस्तो धाक, रवाफ, दवाफ र गाम्भीर्य"[36] बाट उनी प्रभावित थिए । त्यसमाथि झन् उनको "माताजी पनि बराबर त्यसरी पढ्नुपर्छ भन्थे । दाज्यू जस्तै" भनेर "म्लेच्छको अंग्रेजीले उनलाई (दाजुलाई) देखाउने गर्नुहुन्थ्यो ।"[37] उनी पनि त्यस्तै दाजु जस्तो हुन चाहन्थे "मास्टर हुन....., पैसा कमाउन, घर उज्यालो बनाउन, दाईलाई मद्दत गर्न, दुध-भात सबैलाई पुर्‍याउन ।"[38] फलस्वरूप उनलाई सानैदेखि खेलकुद भन्दा पढाइ-लेखाइमा नै रुचि बढ्यो । यसलाई उनी आफ्नो "डिल्लीबजारको पण्डित-मास्टर वातावरणको परिणाम"[39] भन्ठान्दछन् ।

यसरी सानैदेखि पूर्वीय र पाश्चात्य दुवै खाले साहित्य, भाषा र ज्ञान-विज्ञानको जानकारी पाई हुर्किएका देवकोटामा प्राचीन र आधुनिक दुवै खाले जीवनदृष्टिको

---

36. लक्ष्मीप्रसाद देवकोटा, "हाइ हाइ अंग्रेजी", लक्ष्मी निबन्ध संग्रह ।
37. ऐजन, ऐजन, ऐजन,।
38. ऐजन, ऐजन, ऐजन ।
39. ऐजन, "कवि हुने धुनमा", [illegible], वि.सं. 2039, पृ. 131.

समन्वित रूप पाइन्छ । उनका निबन्धहरूमा तथा कविता र महाकाव्यहरूमा पनि पाइने भारतीय आर्ष चिन्तन र सभ्यता सम्बन्धी कथ्यहरूको यत्रतत्र प्रयोगले एकातिर उनी भारतीय सभ्यता, संस्कृति र जीवन-शैलीका हिमायती देखिन्छन् भने अर्कातिर बाहुनवाद, कट्टरपना, अन्धविश्वास र रूढिवादका घोर विरोधी देखा पर्छन् । तर त्यसो भए तापनि उनी भारतीय आर्य संस्कृति र चिन्तन धारालाई सदैव सर्वोपरि ठान्दछन् । पाश्चात्य साहित्य र चिन्तन-प्रणालीबाट अधिकै गम्भीर रूपमा प्रभावित भएका भए तापनि उनको "हिन्दू हृदयमा त अनेक न्यूनता र अपूर्णताका चैतन्यको साथ चिसो भएर" पस्तथ्यो र उनी "प्रकृतिका या त सरस्वतीको चिन्ह पाउँ श्रीगणेशाय नमःको श्रीकाण्डीकुमको स्मरण गर्दो" बताउँदै । उनी यसलाई आफ्नो ब्राह्मण संस्कारको प्रतिफल होला भन्ठान्छन् ।[40]

जन्मगत तथा पारिवारिक परिवेश र जीवन-परिपाटी मात्र होइन, उनको आफ्नो बाल्यकालीन साधनाले पनि उनको जीवनलाई छुट्टै सुसंस्कृत रूप प्रदान गर्‍यो । बाह्र वर्षको उमेरमा स्कुलमा भर्ना हुन पुग्नुभन्दा अघि नै उनले अमरकोश, रघुवंश र अरू धेरै श्लोकहरू र "अलंकारचन्द्रोदय"का नियमहरू पनि कण्ठस्थ गरिसकेका थिए । अतः एकातिर प्रकृत-प्रतिभा लिएर जन्मेका, अर्कातिर पाण्डित्यपूर्ण, कवित्वमय तथा आर्य-भावनापूर्ण हिन्दू संस्कारमा जन्मेर हुर्केका देवकोटालाई करीब दश वर्षको उमेरदेखि कविता लेख्ने भावना पैदा भयो ।[41]

एकातिर युगीन समाजका यान्त्रिक जीवन-पद्धति, छल-कपट, ज्यादती र सवारफोसी तथा स्वांग, ढोंग, धंधा, दरीको कटु आलोचना, अर्कातिर प्राचीन भारतको गौरवपूर्ण सांस्कृतिक परम्परा, सरल सभ्य जीवन पद्धति, प्राकृतिकता आदिको महिमा गायन अनि अब अर्कातिर पश्चिमाभिमुख वर्तमान नेपाली समाजलाई आत्मावलोकनको चेत प्रदान गर्नु नै उनको मूल ध्येय रहेको कुरा उनका कृतिहरूबाट प्रष्टिन्छ । त्यसैकारण उनी आफूलाई "प्रबन्धको मामा" बनिरहेको अनुभव गर्दछन् ।[42] यसरी भारतीय हिन्दू

---

40. लक्ष्मीप्रसाद देवकोटा, "श्री गणेशाय नमः", लक्ष्मी निबन्ध संग्रह, 2039, पृ. 1.
41. ऐजन, "कवि हुने धुनमा", दाडिमको रूखनेर, 2039, पृ. 131-32.
42. ऐजन, "मातृभाषाको लागि", ऐजन, 2039, पृ. 65.

संस्कार तथा पाश्चात्य आधुनिक शिक्षा र साहित्यको सम्मिश्रित प्रभाव लिई प्रवीण नेपाली समाजलाई जागरण र प्रकाशको पैंत प्रदान गर्ने देवकोटा मूल रूपमा आस्तिक व्यक्ति थिए ।

2.2.2. प्रभाव ग्रहण – वि.सं. 1978मा स्कूलमा भर्ना हुनुभन्दा अघिनै उनले घरैमा पण्डित पिताबाट संस्कृत भाषाको ज्ञान प्राप्त गरी कालिदासको "रघुवंश" "मेघदूत" आदि काव्य, अमरसिंहको "अमरकोश" तथा "श्रीमद्भागवद् गीता"को अध्ययन गरिसकेका थिए । त्यस बाहेक अलंकार र पिंगलशास्त्रका नियमहरूको पनि केही जानकारी उनले पिताबाट पाएका थिए । स्कूलमा प्रवेश गरेपछि उनले अंग्रेजी शिक्षा हासिल गर्न थाले । त्यस बेला कवि शिरोमणि लेखनाथका कविता औधी लोकप्रिय थिए । उनले पनि ती कविता पढे । "भर्तृहरि" नाटक उनले कण्ठस्थ गरेथे । यसप्रकार बालकृष्ण सम र सिद्धिचरण श्रेष्ठमा जस्तै देवकोटामा पनि लेखनाथको काव्य-प्रवाहको प्रभाव केही मात्रामा परेको थियो ।[43]

स्कूलमा भर्ना भएर पढ्न थालेपछि बढ्दै उनको अंग्रेजी भाषा-ज्ञान पनि बढेर गयो । त्यस बेला नेपालमा "माध्यमिक कक्षामा उच्च तहमा र त्यस बेलाको त्रिचन्द्र कलेजमा अंग्रेजी रोमान्टिक कविका कविता पढाइन्थे र त्यस्ता कवितामा झुल्काइनेहरूले मात्र ती कवितामा केही कुरा अभिव्यक्त भएकेको अनुभव गर्नसक्थे । देवकोटालाई अंग्रेजी रूमानी कविहरूले छिटै असर गरे र यस्ता केयन कविता त्यस बेला उनलाई कण्ठस्थ थिए । त्यस बेलाको अंग्रेजी साहित्यको अध्ययन भन्नुने अंग्रेजी साहित्यको रोमान्टिक कालको अध्ययन थियो । यो बाहेक शेक्सपियर र म्याथ्यु आर्नोल्डका कृतिहरूको पनि अध्ययन उनले गरेका थिए" ।[44] वि.सं. 2014मा हरिविक्रम शाहलाई ट्युसन पढाउँदा आफ्नो कविता बारे लेखाएका टिप्पणीमा पनि उनले स्वयम् यो कुरा स्वीकार गरेका छन् ।[45]

---

43. यदुनाथ लाल, "लक्ष्मीप्रसाद देवकोटा एण्ड द मेन स्ट्रिम अव आवर ट्रेडिसन", उनकै, नेपाल : ट्राडिसन एण्ड आइडोलोजिज्, काठमाडौं : साझा प्रकाशन, वि. सं. 2034, पृ. 251.
44. बन्धु, देवकोटा, पृ.36 : तथा देवकोटा, "कवि हुने धुनमा", साहित्यको खजेर, पृ. 134.
45. रचना, देवकोटा विशेषांक, पृ. 34.

पटनामा बस्दा उनले हिन्दीका छायावादी कविका कविता पनि पढे । आफ्नो देश, जाति र भाषाप्रति अत्यन्त निष्ठावान् र गौरवान्वित रहने देवकोटाका निबन्धहरू पढ्दा उनी आफ्नो समकालीन हुने पनि नेपाली कविहरूभन्दा भारतका हिन्दी कवि प्रसाद, पन्त र निरालाप्रति अधिक आकर्षित देखिन्छन् ।[46]

वि.सं. 1993 मा उनी उदयलाल श्रेष्ठसँग कलकत्ताबाट फर्केर आउँदा शान्तिनिकेतन हेर्न गए । फर्कदा रेलको जुन डब्बामा उनी चढेका थिए संयोगवश त्यहीमा रवीन्द्रनाथ ठाकुर पनि थिए । परिचयपछि रवीन्द्रनाथ ठाकुरबाट केही प्रवचन सुने । त्यसपछि कलत्ते उनले बंगला भाषामा लेखिएको "गीताञ्जलि" किने । तर उनलाई बंगला पढ्न आउँदैनथ्यो । अतः त्यसैबेला बंगला वर्ण परिचय पनि किने र चौबीस घण्टा भित्रमा सबै वर्ण र संयुक्त अक्षरहरू चिनी बंगलामा "गीताञ्जलि" पढ्न थाले ।[47] रवीन्द्रनाथको प्रतिभा र व्यक्तित्वदेखि उनी निकै प्रभावित र आकर्षित थिए भन्ने कुरा उनले आफ्ना विभिन्न निबन्धमा प्रसंगवश कवि ठाकुरको नाउँ आदरपूर्वक स्मरण र उल्लेख गरेकोबाट थाह पाइन्छ । तर भाषागत अड्चनले गर्दा हिन्दी र अंग्रेजीका कवि, साहित्य र चिन्तन-परम्पराबाट उनी जति प्रभावित छन् त्यतिको गम्भीर रूपले बंगला साहित्यबाट भएका छैनन् ।

एकातिर उनले सांख्य, वेदान्त, शैव आदि जस्ता भारतीय दर्शनको अध्ययन गरेका थिए भने अर्कातिर इमर्सन, कान्ट, शोपेनहावर, प्लेटो आदि जस्ता पाश्चात्य दार्शनिकहरूका चिन्तनको पनि अध्ययन गरेका थिए । त्यसैले उनले आफ्ना निबन्धहरूमा यी दुवै थरी चिन्तनधाराको यथाप्रसंग प्रयोग गरेका छन् । तर यी विविध दार्शनिक परम्पराको अध्ययन र मनन उनले गरेका भए तापनि कुनै एउटा निश्चित सिद्धान्त वा दर्शनप्रति उनी पूर्णतः संलग्न छैनन् । त्यसैले उनी व्यापकतम अर्थमा "मानवतावादी" मानिन्छन् ।

वि.सं. 1999मा "शारदा"मा प्रकाशित "अंग्रेजी साहित्यको प्रभाव" शीर्षक आफ्नो लेखमा रामकृष्ण शर्माले देवकोटा, सम र धरणीधर कोइरालाका रचनामा पाइने अंग्रेजी साहित्यको प्रभाव स्पष्ट पारेर देखाइदिएपछि प्रत्युत्तर स्वरूप उनले "एक ह

---

46. डेभिड रुबिन, नेपाली भिजन्स, नेपाली ड्रिम्स, पृ. 25.
47. बन्धु, देवकोटा, पृ. 57.

अंग्रेजी" शीर्षक निबन्ध लेखे । आफ्ना कवितामा उक्त विदेशी प्रभाव परेको कुरा अन्यत्र पनि स्वीकार गर्दै उनी आफ्नो युगीन स्वभाव, परिवेश र यथार्थलाई मौलिक रूपमा अभिव्यक्ति दिनतर्फ सचेत भए तापनि अचेत रूपमा अनुकरणबाट मुक्ति त रवीन्द्रनाथ ठाकुरले समेतका निम्ति मात्र सम्भव हुँदो भन्ने मत व्यक्त गर्दछन् ।[48]

प्रारम्भिक चरणका आफ्ना रचनामा यसरी विभिन्न भाषा र साहित्यको प्रभाव रहेको भए तापनि बिस्तारै उनले आफ्नो मौलिक अभिव्यंजना प्रणाली र विचारधाराको विकास गर्दै ल्याएको पाइन्छ । उनका रचना "मुनामदन", "के नेपाल सानो छ? " र "निद्रा" आदिमा पनि उनी आफ्नो मौलिक चिन्तन, दृष्टिकोण र काव्यशैलीका प्रयोक्ता भएका छन् । वि.सं. 1996 तिर देवकोटाले पश्चिमका प्रसिद्ध निबन्धकार-हरूका निबन्धको अध्ययन गरी सिनकर बेकनका निबन्धको नेपालीमा अनुवाद पनि प्रस्तुत गरे । उक्त अध्ययनबाट उनले निबन्ध विधाको स्वरूप, संरचना आदि बारे स्पष्ट ज्ञान पाए । त्यसपूर्व पनि उनले निबन्ध लेखी प्रकाशित गराइसकेका थिए । तर विशेष गरी त्यसपछि भाषानुवाद परिवेशमा गएर उनले धेरैवटा निबन्धहरू नेपाली र अंग्रेजी भाषामा लेखे । निबन्धका विषयमा अभिव्यक्त उनका धारणा निबन्ध विधाका जनक ~~[illegible]~~ फ्रान्सेली चिन्तक माइकल द मोन्टेनसित मिल्दाजुल्दा देखिन्छन् र पनि आफ्ना निबन्धहरूमा उनले कतै स्पष्टरूपमा पनि मोन्टेनको नाउँ उल्लेख नगरेका हुनाले उनले मोन्टेनका निबन्ध पढेर तीबाट प्रभाव लिएका थिए भन्न सकिँदैन ।

रोमान्टिक चिन्तनधाराका साहित्यकार भएकाले प्रकृति र लोक-जीवनप्रति उनी बढी आकृष्ट थिए । लोकजीवनप्रतिको आफ्नो आकर्षणको फलस्वरूप लोकछन्दको प्रयोग गरी उनले "मुनामदन", "कुञ्जिनी", "लूनी", "म्हेन्दु", र कृषिबाला" आदि काव्यहरूको रचना गरे ।

2.2.3. रचना-प्रक्रिया - "भाषा मेरो छातीको बेथा हो - मेरो जीवनको बाल्य हवितव्यको अविरल संघर्षभूमि[49] भन्ने देवकोटाका निम्ति साहित्यको सिर्जना एउटा प्रकृत कार्य थियो । उनले पूर्वयोजना तयार पारेर भन्दा अधिकतः तत्काल स्फुरणका

---

48. देवकोटा, "कवि हुने कुरा", <u>दाडिमको रूखनेर</u>, पृ. 134.
49. देवकोटा, "नेपाली भाषा", ऐजन, पृ. 81.

नै धेरै लेखे । "शाकुन्तल" जस्तो बृहदाकारको महाकाव्य तीन महिनामा र "सुलोचना" जस्तो मौलिक कथावस्तु भएको महाकाव्य दश दिनमा लेखिसिध्याउने देवकोटालाई लेख्नका निम्ति विशेष मानसिकता परिरहनु पर्दैनथ्यो । "सुलोचना"को भूमिकामा उनले लेखेका छन् "...म श्लोकमा कुरा गर्न सक्छु, दिनभरि फत्फताईरहन सक्छु । तब दश दिनमा छुटा महाकाव्य किन नकाढौं अब होड गरेको थिएँ, शायद दिन-भरिमा छुटा लेख्न सक्छु कि भन्ने समेत मलाई आशा छ ।"

"देवकोटा कविता लेख्नुभन्दा अघि शीर्षक लेख्दैन र कहिले काहीं शीर्षक बनाउनुभन्दा अघि अंकलाई नाम लेखेर धमाधम कविता लेख्न थाल्दछ ।"[50] एकपटक लेखेको रचनालाई उनी बनाउने, चिल्याउने, काट-छाँट गर्ने गर्दैनथे । बरु त्यही विषयमा फेरि पूरै अर्को रचना तयार पारिदिन्थे । त्यसो गर्दा कहिले काहीं अघिल्लो र पछिल्लो टुक्रा पूर्णतः बेग्लाबेग्लै रचना जस्ता पनि बन्दथे । उनको यस प्रक्रियाको परिणाम स्वरूप उनका कैयौं कृतिका चार-पाँचवटा रूपान्तर पनि भेटिएका छन् ।[51]

लेख्नका निम्ति उनी कुनै विशेष कागज, कलम र मसी छुट्याएर राख्दैनथे । सामान्य किसिमको अभ्यास पुस्तिकामा उनी ठूला ठूला स्पष्ट बुझिने अक्षरमा लेख्ने गर्थे । कहीं कहीं भने भावको तीव्र वेगसँगै कलम कुर्न नसक्दा अक्षर अस्पष्ट हुन गएका पाइन्छन् । धर्का भएका वा रोले तथा नभएका वा सादा दुवै किसिमका कापी उनी चलाउँथे । प्रायः कालो अथवा नीलो मसीको प्रयोग गर्थे । मसीले भन्दा सिसा कलमले लेख्न उनलाई अझ बढी मन पर्थ्यो किनभने यसरी लेख्दा मसी सकिने, कागज बिग्रिने आदि झमेलाका नहुनाले लेखाइको प्रवाह अबाध रहनसक्थ्यो । प्रायः उनी कागजको पत्रका दुवैतिर लेख्दथे । लेख्न थाल्नुभन्दा पहिले पानाको प्रारम्भमा "श्री गणेशाय नमः,"श्री सरस्वत्यै नमः" आदि लेख्ने अथवा पञ्चकोण वा षट्कोण बनाएर बिन्दु दिने गर्थे ।

उनी "तगण र मगणको रगड मलाई मन पर्दैन भन्दथे तापनि कतिपय लोक वा वार्णिक छन्दमा कविता लेख्न थाल्दा शुरुमा कुनै लय र छन्दलाई पक्रेर त्यसको लक्षण पनि लघु गुरुका चिन्हमा लेखी प्रारम्भ गरेको पाइन्छ । तर त्यसरी छन्दबद्ध गरी लेख्न तोपे

--------------------------------

50. लक्ष्मीप्रसाद देवकोटा, "नेपाली भाषा", डा हिमाले क्षीर, पृ. 81.
51. बन्धु, देवकोटा, पृ. 427.

तापनि भावको प्रवाहप्रति बढी ध्यान दिने देवकोटा छन्दका ती सूत्रको परिपालन-तर्फ सर्वदा सचेत रहँदैनथे ।

समयको अभाव देवकोटालाई सानैदेखि थियो । त्यसैले उनी प्रायः राती लेख्थे । कहिले काहीँ रातभरि बसेर पनि लेख्थे । "महेन्दु", "दुनी" जस्ता काव्यहरू प्रायः उनले एकै बसाइमा लेखिसिध्याएका मानिन्छन् । त्यसै गरी 2007 साल तिर चार घण्टामा "कल्पनाको आधारमा नयाँ प्लट, नयाँ शब्द एकदम नयाँ शैलीलाई, काटकुट नगरी" पत्रिकामा तीन कथा शंकर लामिछानेलाई उनले डिक्टेट गराएका थिए । अझ लिपिकार लामिछानेले संकेतलिपि जानेका भए, अथवा साथमा "टेपरेकर्डर" भएको भए त्यस चार-पाँच घण्टाको अवधिमा उनले बाह्रवटा कथा डिक्टेट गराउन सक्नेथिए भन्ने विचार लामिछानेले व्यक्त गरेका छन्।[52]

देवकोटालाई चुरोटको नराम्रो लत लागेको थियो । "कुपात्रको क्षमा-प्रार्थना" शीर्षक निबन्धमा उनी लेख्छन्- "चुरोट बीचबीचमा पिउनु र गोड गर्नु या लेख्नु मेरो आदत छ । चुरोटले मलाई निद्रा बोलाइदिएको छ, साथीको काम दिएको छ । दरिद्रता र भोक बिर्साइदिएको छ । बराबर कल्पनाको उत्तेजक गुटिको काम दिएको छ । फिर दुःखको साथी भएकोले मैले प्यारले मात्र नछोडेको हो । म चुरोटसँग क्षमा माँगेको छु । स्व.रोग, आर्थिक र सम्भावना यो पहर पीउने गर्दा म फेरि दोहो-र्याउँछु म चुरोटसँग क्षमा माँगेको छु ।"[53] मस्तीमा उपचार गराउन बस्दा पनि श्रीमति देवकोटाले पलाउदेखि चुरोटको व्यवस्था गरिदिएपछि उनले कविता लेखेर ल्याउन दिई घर फर्किने खर्च आर्जन गरेका थिए ।[54] प्रायः उनी भुइँमा घुँडा ओछ्याएर अथवा ओछ्यानमाथि नै घोप्टो परेर गुनगुनाउँदै लेख्ने गर्थे । लेखिएका पाण्डुलिपि संरक्षणप्रति उनी विशेष ध्यान पनि दिँदैनथे । ओछ्यानको पत्रहरूमि भुइँमा चुरोटका ठुटा र सकियाहरूमि पाण्डुलिपि राख्ने गर्थे । लेख्ने धुनमा वा मनको धुनमा आवश्यक पर्दा तिनै पाण्डुलिपिका पत्र च्यातेर चिठ्ठान पुरो फ्याँकिने गर्थे । कार्यालयमा पनि

---

52. शंकर लामिछाने, "नेपालका महाकविसँग भेट", प्रगति, 1:3,पृ. 155-169.
53. लक्ष्मीप्रसाद देवकोटा, "कुपात्रको क्षमा प्रार्थना", दाडिमको रूखनेर,पृ. 129.
54. भवानी घिमिरे, "बज्यैका दृष्टिमा बुबा हजुर", भानु, 5:12,पृ. 408.

उनी "फुलको एउटा थोपटा लिएर थाममा बस्न चाहन्थे र पहेँली कोर थोप्टिई लेख्ने गर्थे । यस्तो शरीर पसीने पग्लिनी भएको र हात गोडामा नीलडाम परेको पनि उनी वास्ता पाउँदैनथे ।"55

यसरी उनको वास्तविक स्वरूपको उपको क्षमता बढी लेखेका थिए । साहित्यबारे उनको धारणा यस्तो थियो -

"हृदयको क्षमा
मिठास फुल हो साहित्य भन्ने कुरा,
भावको रस हो
प्रसाद यस यो सिद्धि छ आत्मा पुरा ।"56

त्यसो भए तापनि उनी कैले हुने योजना नबनाई वा विचार नगरी नै लेख्थे भन्ने होइन । उनले थैरपस्ट कतिपय कामका रूपरेखा तयार पारी तदनुसार लेख्ने प्रयास गरेको पनि पाइन्छ । उनी समाजका निम्ति लेख्थे । उनका दृष्टिमा उनका पाठक तीन किसिमका थिए र तिनैतीनथरी पाठकका लागि उनी तीन किसिमका रचना लेख्थे - कुनै गहिरो - एकदम विद्वानका लागि, मझौला - शिक्षित मात्रका लागि र सरल साधारण मानिसले पनि बुझ्न सक्ने । "शाकुन्तल" पहिलो किसिमको रचना थियो भने "मुनामदन" तेस्रो किसिमको ।57 उनले लेखनका निम्ति विषय र क्रम छनेर बनाएका कतिपय योजनामा निबन्ध, उपन्यास, छोटा किस्सा, हास्य, मनोविश्लेषण, एकांकी नाटक आदि 15 विषयहरूको सूची छ । त्यस्तै अंग्रेजीमा बनाएको अर्को एउटा सूचीमा नेपाली गद्य शैलीमा क्रान्ति, कवितामा क्रान्ति, नाटकमा क्रान्ति, नेपाली उपन्यासको उन्नति र व्यंग्य गरी जम्मा पाँचवटा विषय राखिएका छन् । यस्तै अर्को एउटा टिपोटमा उनले एकसयवटा कथा लेख्ने योजना बनाई अंग्रेजीमा एकसयवटाकै शीर्षक पनि लेखेका छन् । प्रत्येक कथा करिब 6 पृष्ठको हुने र संकलन लगभग 600 पृष्ठको हुने अनुमान पनि उनले गरेको पाइन्छ । यस सूचीमा

---

55. बन्धु, देवकोटा, पृ. 95.
56. देवकोटा, "सरस्वती वन्दना", आकाश बोल्छ, भद्रपुर:शाखा प्रकाशन, सन् 1968., पृ. 12.
57. आनन्ददेव भट्ट, "महाकवि देवकोटाज्यूलाई सम्झँदा", शास्त्र प्रतिभास, काठमाडौं: एजुकेशनल इन्टरप्राइजेज, वि.सं.2019.

परेकामध्ये अभिमा, शिरीषी, मुक आनसिंह र मेमसाहबको शीर्षक कथा नेपालीमा लेखिएका छन् । यसबाट के अनुमानित हुन्छभने उनी अंग्रेजीमा विचार गरेर अंग्रेजीमै टिपोट राख्दै र पछिबाट त्यसलाई नेपालीमा लेख्दै । उपर्युक्त पाँच विषयको योजना भएको पुर्जोमा उनले "मुक आनसिंह" कथाको रूपरेखा र प्रचलित प्रेम कथाको संरचनात्मक सूत्र -"ए मि लभ्ड, वि वि म्यारेड, एण्ड हन टु विन" - पनि पाइन्छ ।[58] यसबाट उनी पहिला रूपरेखा तयार पारेर लेख्दै भन्ने पनि देखिन आउँछ । यसलाई साथै विभिन्न रंगका कागज र मसी प्रयोग गरी अध्याय क्रम र रवीन्द्रनाथ ठाकुरले झैं कोरोबाटो चिटिक्क पारेर लेख्न सक्ने बानी देवकोटाको थिएन । उनले आफै आफ्नो लेखन प्रक्रियाको चित्रण "मेरो कोठा" शीर्षक कवितामा यस प्रकार गरेका छन् -

"दराज दुवालमा थ्यामक लौरेल्टा,
किताबतक छरबर बाँगा टिंगा
टालोमाटो गोबर एक चित्ता उद्दाम कालो झैं ससरैभा उपर
मखोटाटे
एक ठाउँमा ब्लाकबोर्ड बाधुन्ने हरियो ठाउँमा किरमिर किरमिर
चुरोटका ठुटा फुलमारका रातो चट्टा ध्वा
आफि फुटेका मसी म्मोच, दरानो बार भुवादु
बने बाट्ला फाटी दुई
टाचिएको कालो बेमालिक खटियानेर,
परिक्रमा अना, मेरो दरानीदार तन्नामनि
मेरा गलवन्द, कलम हात म
स्वान केक आण जोष्ट्याई , डल्ले कलमले, ठुटे लेख्यु
उसको बयान..."

नेपाली साहित्यका पाठकहरूमाझ देवकोटा आशुकविको रूपमा परिचित छन् । उनी जतिसुकै बेला जुनसुकै छन्द र जुनसुकै भाकामा कविता लेख्न वा बोल्न सक्थे भन्ने कुरा किंवदन्ती बनिसकेको छ । एउटै विषयलाई धारापारि किसिमले लेख्न सकिने कुरा पनि

--------------------------------------------

58. बन्धु, देवकोटा, पृ. 214–16.

भनी गर्छ ।[59] तर उनमा त्यो प्रवाह, त्यो आशुकवित्व र प्रत्युत्पन्नमतिको विकास कसरी भयो भन्ने कुरालाई थोरैको मात्र ध्यान गएको छ । वस्तुतः देवकोटाको जीवन सदैव साधना र तपस्याको जीवन रह्यो । साहित्य सिर्जना र अध्ययन-मननमा उनले बाल्यकालदेखि नै आफ्नो जीवन उत्सर्ग गरे । प्रतिभामा आवश्यक अभ्यास र साधनाको योगले नै उनको त्यो व्यक्तित्व बनेको हो । त्यसैकारण अरूले आफूलाई आशुकवि, "इलेक्ट्रिक कवि" आदि उपाधि दिएको पाउँदा कहिले काहीं उनी दुःखबोध गर्दथे। "अन रियरिङ. लेमन्स एबाउट मसेल्फ" शीर्षकको आफ्नो अंग्रेजी निबन्धमा उनले लेखेका छन् – "केही व्यक्ति छन् जसले मलाई विद्युत कविको पद प्रदान गरेका छन्, मानौं स्वीच थिचिदिनु मात्र पर्छ र मेरो कलम फोनुको रेकर्ड हो स्वतः पुष्प पल्छ, र त्यसबाट ध्वनित हुन्छ काव्य र सिर्फ काव्य ।"[60]

2.2.4. साहित्यिक प्रवृत्ति – देवकोटाको जीवन भारतीय एवं पाश्चात्य सभ्यता र संस्कृतिको अनौठो संगम र द्वन्द्वको स्पष्ट स्वरूप देख्न पर्छ । एकातिर "अक्षुण्ण मितव्ययिता, क्षमाशीलता, पाण्डित्य, उदारता तथा कुसंस्कारमा कट्टरपनमा... बडो तेजी. तथा सुन्दर"[61] अनुसार भएका, भारतीय शास्त्रका ज्ञाता, पुराणवाचक, संगीत-प्रेमी एवं काव्यानुरागी पण्डित पिता तिलमाधव देवकोटाको आदर्श-व्यक्तित्वबाट उनले प्राचीन भारतीय संस्कृति र सभ्यताको आदर्शबारे ज्ञान पाए भने अर्कातिर "भरि-भरि वस्तो छन्द्रन्य पाठ भएर त्यस जमानाको दुरुस्त गराउमा महिनाको तीन सय उपर कमाउरहनुभएको" दाजु लेखनाथ देवकोटाको "मास्टरमा हुनुपर्ने जस्तो धाक, रवाफ, दबाब र गाम्भीर्य" देखेर बालक देवकोटालाई अंग्रेजी शिक्षा र सभ्यताको "मोहनीले गोधाईंथनले पानी खोजाए झैं कठिन पढाइतर्फ उकाल्दै लग्यो ।"[62] यही "पण्डित-मास्टर वातावरणको"[63] संगम नै देवकोटाका साहित्यिक रचनाहरूको प्रमुख द्वन्द्वात्मक भावभूमि रहेको छ र यो कुरा उनका निबन्धमा अझ प्रस्ट चित्त प्रकाशित भएको पाइन्छ।

---

59. बन्धु, देवकोटा, पृ. 470.
60. ऐजन, ऐजन, पृ. 317 मा उद्धृत, अनु.शंकर लामिछाने ।
61. लक्ष्मीप्रसाद देवकोटा, "कविहुने धुनमा", साहित्यको स्रोत, पृ. 131.
62. ऐजन, "लाइ लाइ अंग्रेजी", लक्ष्मी निबन्ध संग्रह, पृ. 51.
63. ऐजन, "कविहुने धुनमा", साहित्यको स्रोत, पृ.131.

देवकोटाको साहित्य साधनाको क्रम वि.सं. 1976 देखि चलिरहेर वि.सं. 2016 मा भौतिक जीवनसँगसँगै समाप्त हुन्छ । यस अवधि अन्तर्गत 1976-91 को अवधि उनको साहित्य साधनाको आभ्यासिक काल हो जुन बेला उनले पिताका संस्कृत श्लोक, भगवद्गीता, महाभारत आदिको प्रभावका संस्कृत र नेपालीमा कविता रचना गर्ने अभ्यास गरे अनि कलेज स्तरको अध्ययनमा प्रवेश गरेपछि अंग्रेजीमा पनि साहित्य-रचनाको प्रयास गरे । यसै अवधिमा उनका केही समस्या-पूर्ति "गोर्खापत्र" मा प्रकाशित भएको उल्लेख पाइन्छ ।[64]

1991 मा "शारदा" पत्रिकाको प्रकाशनको प्रारम्भसँगसँगै देवकोटीय साहित्यको प्रकाशनको पनि प्रारम्भ हुन्छ । त्यस वर्ष उनका "पूर्णिमाको जलधि", "गरीब", प्रभृति कविता प्रकाशित भए । यस समयदेखि वि.सं. 2002 सम्मको उनको साहित्य-साधनाको प्रमुख परिणति "मुनामदन" मानिन्छ । यसैका आधारमा उनको साहित्ययात्राको यो चरण "मुनामदन काल"को रूपमा पनि चिनिएको छ । नेपाली कवितामा र निबन्धमा नयाँ शैली र नवीन भावधाराको प्रवर्तन पनि यसै बेला भयो । उक्त नवीन शैली र भावधारालाई स्वच्छन्दतावादी अर्थात् रूमानी वा रोमाण्टिक धाराको संज्ञा प्राप्त छ । सिद्धिचरण श्रेष्ठ र देवकोटाबाट थालिएको यो रोमाण्टिक प्रवृत्ति नेपाली साहित्यको एउटा सिंगै युगको प्रवृत्ति हो जसको व्याप्ति वि.सं. 1991 देखि 2016 सम्मको अवधिभरी छ ।[65]

वि.सं. 1991 देखि 2002 सम्मको अवधि उनको साहित्य साधनाको पहिलो महत्त्वपूर्ण अवधि हो । यस अवधिमा उनले शास्त्रीय छन्दका स्फुट कविता, लोक छन्दका तथा शास्त्रीय छन्दका खण्डकाव्य, गद्य एवं पद्यात्मक नाटकका अतिरिक्त आत्मपरक निबन्धहरूको रचना गरे । अंग्रेजी नव्यशास्त्रीय तथा स्वच्छन्दतावादी युगका जम्मा तेह्रजना निबन्धकारहरूका तेह्रवटा निबन्धको उनको अनुवाद-संग्रह "प्रसिद्ध-प्रबन्ध संग्रह"को प्रकाशन पनि यसै अवधिमा (1998) भयो । यसप्रकार साहित्यका गद्य-पद्यात्मक विविध

---

64. वासुदेव त्रिपाठी,"महाकवि देवकोटा र उनका महाकाव्यका सम्बन्धमा",कुमार-बहादुर जोशी, <u>महाकवि देवकोटा र उनका महाकाव्य</u>, पृ. 35.
65. चूडामणि बन्धु, <u>देवकोटा</u> , पृ. 516.

विधामा कलम चलाउन थाले तापनि पछिल्लो चरणका देवकोटा विशेष रूपले कविकै रूपमा चिनिए । परम्परा-अपेक्षित झ्याउरे छन्दमा खण्डकाव्य रचना गरे तापनि शास्त्रीयता प्रेमी पण्डित पाठकवर्गले उनलाई "झ्याउरे कवि"भन्ने उपाधिले विभूषित गराउन थाले ।"[66] तर लोकको भाषामा काव्य-रचना गर्ने मनका आग्रही अंग्रेजी स्वच्छन्दता-वादी कवि "वर्ड्सवर्थको प्रभाव र अनुकरणबाट आफ्ना प्रारम्भिक कविताको रचना गर्ने कवि देवकोटा"[67]का निम्ति काव्यशैलीको एउटा उपकरणका रूपमा झ्याउरे छन्दको चयन साँच्चै उपयुक्त र अनुकूल थियो । यस चरणमा उनका कविता, निबन्ध,र कथा, लोकाश्रित सौन्दर्यको पुटको अनुभूति तथा मानवतावादी जीवन-दृष्टिले पूर्णतः ओतप्रोत पाइन्छन् ।

प्रवृत्तिका दृष्टिले देवकोटा मूलतः स्वच्छन्दतावादी साहित्यकार हुन् ।[68] यही स्वच्छ-न्दतावादी अन्तर्गत मानवतावाद, शास्त्रीयताको स्पर्श र वैयक्तिकोपन, विद्रोही भावना, व्यंग्यात्मकता, दृष्टान्तीकरण, आत्मानीकरण, प्रगतिवादी स्वर, प्रकृति-प्रेम, सौन्दर्यानुराग, भाषिक-सीमाबद्धताबाट उन्मुक्तिको चेष्टा, भावात्मक प्रवाहमयता परिष्काराभाव आदि अनेक विशेषताका प्रवृत्तिहरू पाइन्छन् । "गरीब", "भिखारी", र "मुनामदन"देखि "शाकुन्तल" र "लक्ष्मी निबन्ध संग्रह" को प्रकाशनपूर्वसम्म उनका रचनामा मानवतावाद, प्राकृतिक-सौन्दर्य प्रेम, आत्मानीकरण, काल्पनिक वस्तुविधान, र केही परिष्कृत भाषिक प्रयोग नै मूल विशेषता स्वरूप रहेका छन् । उनका "बालकको पन्थ", "फूल", "निद्रा", "भ्याकुत्तो", "पूर्व र पश्चिम", आदि निबन्ध-हरू वि.सं. 1996 सम्ममा प्रकाशित भइसकेका थिए यसमा आत्मपरकता र भावात्म-कताको प्राधान्य पाइन्छ । पछिका "कल्पना", "के नेपाल सानो छ"?, "धरित्रीको कलकलमा", आदिका तुलनामा भावगत प्रवाह र भाषिक प्रयोगमा नियन्त्रण, परिष्कारका साथै सरलता पनि यी निबन्धहरूमा बढी नै पाइन्छ ।

---

66. लक्ष्मीप्रसाद देवकोटा, "नेपाली झ्याउरे", राजेन्द्र सुवेदी (सं.), द्रष्टा देवकोटा द्रष्टा परिवेक्षण, पृ. 60.
67. डेभिड रुबिन, नेपाली भिजन्स, नेपाली ड्रिम्स, पृ. 17.
68. ठाकुरप्रसाद पराजुली, "देवकोटाको प्रकृति प्रयोग र प्रकृतिकाव्य वनकुसुम", भानु, देवकोटा विशेषांक, पृ. 290.

समाजको बदलिँदो नैतिक मूल्यबोध, युद्ध पुस्ताका बोधको भेद-भेद, हुलका सभ्यता र साहित्यिक परम्पराका बोधको ज्यालाजूरी परिवेश आदिका प्रभावको प्रतिफल देवकोटाको साहित्यिक शैलीको विकासमा पनि देख्न पाइन्छ ।

साहित्य-सिर्जनाका दृष्टिले वि.सं. 2002देखि वि.सं. 2006 सम्मको अवधि देवकोटाको जीवनको अधिक सक्रियतापूर्ण अवधि हो । यसै बेला उनले "युगवाणी"को सम्पादनका साथै "साँढे", "भाँचु कि मेरो कलम", "बाल्छे बच्चा किन लाग्छ", "पहाडी पुकार" आदि कविताहरूको पनि रचना गरे । यस बेलाका यी कविताहरू र प्रमेथियस महाकाव्य [वि.सं. 2008तिर] के आधारमा आलोचकहरू उनलाई "द्वन्द्वात्मक भौतिकवादी"[69] तथा "प्रगतिवादी"[70] कविका रूपमा हेर्दछन् ।

देवकोटाका रचना-समष्टिमा ध्यानाकर्षक एउटा कुरो के छ भने उनको रचनागत विषय संसार अत्यन्त व्यापक हुँदाहुँदै पनि अथवा "उनको विषय – आकाशदेखि आँगनसम्म, ढुँगादेखि दूबासम्म, गगनदेखि गुफासम्म अर्थात् आकाशमनिका जुनै पनि विषयलाई समातेर भावनाको धारा अबाध बगाउन सक्ने अप्रतिम कलाकार"[71] स्वयम् उनी बेला पर्दा-पर्दै पनि एउटै विषयमा उनले विभिन्न रचना लेखेको पाइन्छ । कहिले उही विधा अन्तर्गत तथा कहिले बेग्लाबेग्लै विधामा पनि उही कथ्यवस्तुको पुनः प्रयोग गरेका पाइन्छ । यसबाट के देखिन्छ भने देवकोटाको विषयक्षेत्र व्यापक भए तापनि कतिपय कथासूत्र अर्थात् मोटिफले उनलाई अधिक आकर्षित गर्दथे र उही मोटिफको प्रयोगबाट आफ्नो अभिव्यक्तिलाई विशिष्टबाट विशिष्टतर तुल्याउनु उनको अभीष्ट रहन्थ्यो । उनले त्यसरी अधिक मन पराएका केही काव्यसूत्रहरू यस्ता छन् – साँढे, धरा, धोबिनी तारा, आँधी, कन्चेनी, अवार, कवि, कविता, कुकुर, जीवन, मोती [रङ.], नेपाल, नेपाली, पहाड, प्रमिथस, प्रेम, फूल, बादल, शिशु वा बालक, भारत, भिखारी गधा,

---

69. जगदीश घिमिरे, "द्वन्द्वात्मक भौतिकवादी प्रमेथियस", मधु. 5:12, पृ. 194- 208.
70. वासुदेव त्रिपाठी, "महाकवि देवकोटा र उनका महाकाव्यका सम्बन्धमा", पूर्ववत्, पृ. 37.
71. राजनारायण प्रधान, "लक्ष्मी निबन्ध संग्रह", केही कृति:केही स्मृति, पृ. 109.

मानिस, वसन्त, वन, सुन्दर,सुर्य, सिस्नो इत्यादि । यस्ता कथ्यसूत्र प्रयोगको विश्लेषणात्मक अध्ययनबाट उनको कविको क्षेत्र, लक्ष्य गरेको अभिव्यक्ति तथा कलाप्रतिको दृष्टिकोण बुझ्न सकिन्छ । दृष्टान्त स्वरूप प्रस्तुत गरिएका उपर्युक्त कथ्यसूत्रक मात्रलाई लिएर हेर्दा पनि के देखिन्छ भने उनका कृतिहरूका कथ्य-विषय अधिकांशतः प्रकृतिबाट लिइएका छन् यसमध्ये लगभग 50% कथ्यसूत्रक वैचित्र्य-वस्तुपरक वा "एनिमेट" छन् । यस्ता कथ्यसूत्रक को रचनाका केन्द्रीय वस्तु स्वरूप प्रयुक्त छन् भने कुनै रचनामा तो सन्दर्भविशेष प्रकरण रूप छन् । उदाहरणार्थ – "थोरैको राता रङको भ्यागुतो जो बसेको आड.मा कोट लाएर सुर्तिको धुवाँले आकाश रङियो ।"[72] यस वाक्यमा प्रयुक्त "भ्यागुतो" सान्दर्भिक पाठको प्रमुख कथ्यसूत्र होइन, केवल फुपान्को पत्तिमा बुनाउनका निम्ति ल्याइने सहायक कथ्यसूत्र मात्र हो । तर "जब तिमी शब्द र अलंकारपछि कुर्दछौ, तब तिमी साहित्यिक भ्यागुतो बन्दछौ ।"[73] यो वाक्यमा पाइने "भ्यागुतो" सान्दर्भिक पाठ अन्तर्गत प्रमुख कथ्यसूत्र हो यसलाई "दिग्दर्शक कथ्यसूत्र" वा "गाइडिङ मोटिफ" भन्दछन् ।

2004 सालदेखि नै राजनैतिक क्षेत्रमा संलग्न रहेका देवकोटा 2006 सालमा नेपालमा आएको राजनैतिक परिवर्तनपछि राष्ट्रिय राजनीतिमा बढी सक्रिय बन्न पुगे र उनको यो सक्रियता 2012 सालसम्म रह्यो । यस राजनैतिक दृष्टिले सक्रिय अवधिमा उनको साहित्य-साधना केही घटेर गएको पाइन्छ । यस अवधिमा उनले "पागल", "कागी साव", "भुनको बिहान", "छहरा", "प्रमिथस" आदि फुटकर कविता ,कविता-संग्रह र महाकाव्यहरू तयार पारे । वासुदेव त्रिपाठीको अनुमानअनुसार सम्भवतः "कृष्णबाल" [गीति-नाट्य] को रचना पनि यसै अवधिमा भएको हो । यस अवधिमा देवकोटा "प्रजातान्त्रिक प्रचार र प्रगतिवादी प्रचलनका धुनमा देखा पर्छन् ।"[74]

---

72. लक्ष्मीप्रसाद देवकोटा, "फुपान्को क्षमा-प्रार्थना", प्राक्तिको स्लोर, पृ. 127.
73. ऐजन , "भ्यागुतो", लक्ष्मी निबन्ध संग्रह, पृ. 73.
74. वासुदेव त्रिपाठी, "महाकवि देवकोटा र उनका महाकाव्यका सम्बन्धमा", पूर्ववत्, पृ. 38.

वि.सं. 2012 को अन्त्यतिर काठमाडौंमा "काव्य-प्रतिष्ठान" नामक संस्थाको स्थापना देवकोटाको सक्रिय भूमिकाको प्रतिफल स्वरूप भयो । पश्चात "इन्द्रेनी" नामक कविताप्रधान पत्रिका पनि मासिक रूपमा प्रकाशित हुन थाल्यो । यस संस्थाको स्थापना र पत्रिकाको प्रकाशनको प्रारम्भ सँगसँगै देवकोटा पुनः साहित्य क्षेत्रमा सक्रिय बन्न पुगे ।[75] 2012 सालको चैत्रमा सल्लाहकार सभाको विघटन भएसँगै उनले सक्रिय राजनीतिबाट आफूलाई पन्छाएर साहित्य सृजनातर्फ लगाए । उनका यस कार्य-क्षेत्रगत परिवर्तनलाई वासुदेव त्रिपाठी परदेशबाट गृहागमनको रूपमा हेर्छन् ।[76]

वि.सं. 2013 देखि 2016 सम्मको अवधि देवकोटाको साहित्य साधनाको अन्तिम र अत्यन्त सक्रिय एवं सचेततापूर्ण अवधि हो । उनको यस अवधिलाई "इन्द्रेनी काल" भन्ने आख्यान दिइन्छ । यस अवधिमा उनले एकातिर "छहरा", "मनोरञ्जन", "गीति-संग्रह" आदि कविता-संग्रह तयार पारे भने अर्कातिर "हुरीको गीत", "दाल-भात-डुकु", "ज्वरसम्मना प्रकृति", "वाटीको विद्युम्ती", "शाहजहाँको छ्या", "सामी नेपाली", "उद्बोधन", "बराको भक्त" आदि आफ्ना जीवनका सैली श्रेष्ठ कवितात्मक पनि यसै अवधिमा प्रकाशनमा ल्याए । यस चरणका रचनाको प्रमुख विशेषता हो भाषिक परिष्कार । एकातिर नवरचित कविताहरूलाई प्रकाशनमा ल्याउनुभन्दा अघि दोहोर्याई-तेहेर्याई लेख्ने गरेको जानकारी पाइन्छ भने अर्कातिर यसै चरणमा आएर उनले आफ्नो प्रथम खण्डकाव्य "मुनामदन"को पुनः लेखन या परिष्कार गरेको पाइन्छ ।

यसरी ठीक अंग्रेजी नाटककार शेक्सपियरको साहित्य-यात्रामा देखिए जस्तै देवकोटाको साहित्य-यात्रा पनि विकासको अन्तिम चरणतिर आइपुग्दा आफ्ना प्रारम्भिककालका रचनागत सौन्दर्य, संयम, रूमानी कोमलता र परिष्कृत शैलीतर्फ फर्किने प्रयासमा लागिरहेको प्रतीत हुन्छ ।

तर्कशीलता र दृष्टान्त प्रयोग देवकोटाका निबन्ध-शैलीमा पाइने प्रमुख विशेषता अन्तर्गत

---

75. चूडामणि बन्धु, <u>देवकोटा</u>, पृ. 384-6 औ पृ. 399.
76. वासुदेव त्रिपाठी, पूर्ववत्, पृ. 32.

पर्दछन् । प्रारम्भिक अवस्थाका "निद्रा", "फूल", "आँसुको पन्ना" आदि निबन्धमा तर्क र युक्तिहरूको समुचित प्रयोग भए तापनि दृष्टान्तीकरण उस्तो विकसित छैन । तर पछिल्ला "लक्ष्मी निबन्ध संग्रह" अन्तर्गत "गधा बुद्धिमान कि गुरु", "मान्छेलाई पढीबढ सानो", "कल्पना", "के नेपाल सानो छ", "कविराजको च्यातिएको डायरी" आदिमा आदि दृष्टान्तीकरण पनि युक्ति र तर्क जत्तिकै एउटा प्रमुख उपकरण स्वरूप प्रयुक्त हुन पुगेको पाइन्छ । कथात्मक विधानको दुर्बलताका दृष्टिले देवकोटाका रचनामा आख्यानी-करणको उस्तो प्रबलता बोध नभए तापनि साहित्यमा औपचारिक वा आख्यानात्मक तत्त्वको नै प्रयोग हुने हुँदा[77] तथा यस कुरातर्फ निबन्धकार देवकोटा सचेत रहेका हुँदा[78] उनका निबन्धहरूमा अनुभूतिको आख्यानात्मक अभिव्यक्तिकरण पाठगत संरचनाको एउटा प्रभावकारी घटक बनेको पाइन्छ । वस्तुतः कथा, उपन्यास, नाटक वा प्रबन्ध-काव्यमा झैं उनका निबन्धमा इतिवृत्तात्मकताले पाठलाई पृष्ठवंशीय स्वरूप भने प्रदान गरेको छैन र निबन्धको विधागत स्वभावका त्यसो नहुनु नै स्वाभाविक पनि देखिन्छ अर्थात् कथा, उपन्यास प्रभृति विधाहरूमा झैं इतिवृत्तात्मकता देवकोटाका आत्मपरक निबन्धमा कमी पाइन्छ र त्यसो हुनाको पछिल्तिर यी विधाहरूका आफ्नाआफ्ना संरचनात्मक स्वरूपहरूका [79] विशेषताको भूमिका छ, तर अनुभूत तत्त्वको वस्तुतथ्यात्मकताबाट अपसरणद्वारा आख्यानात्मक प्रस्तुतीकरण उनका निबन्धमा प्रशस्त पाइन्छ र यसैले गर्दा यी निबन्धहरू साहित्यिक गुणले युक्त हुन पुगेका छन् ।

पूर्ववर्ती साहित्यको तुलनामा आधुनिक कालको नेपाली साहित्य प्रवृत्तिगत दृष्टिले वैविध्यपूर्ण छ । प्राथमिक कालमा झैं वीरगाथा, भक्ति-स्तुति आदि वा माध्यमिक कालमा झैं शृङ्गारिकता, रोमान्स, अलौकिकलिप्त रम्याख्यान आदि कुनै एउटा वा दुइटा प्रवृत्तिको प्रमुखता आधुनिक कालमा स्थापित गर्न सकिन्न । कविता र निबन्धका क्षेत्रमा देवकोटीय साहित्यको व्याप्तिवश स्वच्छन्दतावादी प्रवृत्ति लगभग 2016 सम्म प्रमुख रहेको देखिन्छ तापनि बीचबीचमा हास्य-व्यङ्ग्यका साथै यथार्थवादी चेतनाको पनि विकाससँगै आदर्शोन्मुख यथार्थवाद, मनोविश्लेषणात्मक यथार्थवाद तथा

---

77. रोबर्ट स्कोल्स, एलिमेन्ट्स अव फिक्सन, न्यु योर्क : अक्सफोर्ड युनिभर्सिटी प्रेस, सन् 1969, पृ. 1 – 14.
78. लक्ष्मीप्रसाद देवकोटा, "कला र जीवन", लक्ष्मी निबन्ध संग्रह, पृ. 87.
79. रोबर्ट स्कोल्स एण्ड कार्ल एच क्लाउस, एलिमेन्ट्स अव दि एसे, पृ. 3 – 5.

ऐतिहासिक यथार्थवाद पनि उनकै विकासशील देखिन्छन् । वस्तुतः देवकोटाको रोमाण्टिक साहित्य-धाराले गोपालप्रसाद रिमाल, विजयबहादुर मल्ल, हृदयचन्द्रसिंह प्रधान, शिवकुमार राई, अच्छा राई "रसिक", अगमसिंह गिरी आदि परवर्ती साहित्यकारहरूलाई प्रभावित पारेको प्रतीत हुन्छ, तर त्यसका साथै रिमालको उनकोतो यथार्थवाद तथा छिवट्म्यानेली प्रजातान्त्रिक मानवतावाद र परम्परामुक्त काव्य-शैली, विजयबहादुर मल्लको प्रगतिवादिता, हृदयचन्द्रसिंह प्रधानको सामाजिक यथार्थको चेतना र वर्गीय विषमताको आलोचना आदिको प्रयोग पनि देवकोटीय साहित्यमा क्रमिक रूपले विकसित हुँदै आएको पाइन्छ । त्यति मात्र होइन, आफ्नै युगका विश्वेश्वरप्रसाद कोइराला र भवानी भिक्षुका मनोवैज्ञानिक-रतिरागात्मक लेखनधाराको प्रयोग पनि देवकोटाका "उनको मनो", "मन र तन", "चम्पा" आदि कथा र उपन्यासमा पाइन्छ । यस प्रकार उनी मूलतः रोमाण्टिक भएर पनि रोमाण्टिसिज्मको छुट्टै रूप र अवस्थामा सीमित छैनन् । "उनीद्वारा प्रवर्तित र प्रतिस्थापित यस रोमाण्टिक काव्यधाराको परामा ईशाको उन्नाईसौं शताब्दीको पूर्वार्धका अंग्रेजी रोमाण्टिक कविहरूको प्रेरणा पर्याप्त परेको छ भने मूलतः अंग्रेजी र संस्कृत तथा अंशतः फारसेली रोमाण्टिक चेतन्यको स्वायत्ततापूर्ण संयोजनद्वारा रवीन्द्रनाथ ठाकुरद्वारा प्रतिष्ठित बंगला रोमाण्टिक काव्यधारा र त्यसैको हिन्दी छायावादी संस्करणबाट पनि देवकोटा लाभान्वित रहेका हुन् ।"[80] निबन्ध, कथा र उपन्यास जस्ता गद्य-विधामा पनि उनको रोमाण्टिक दृष्टिकोण अन्तर्निहित छ । त्यो यथार्थवादी, विद्रोही, वातोयतावादी, मानवतावादी, रूढिविरोधी तर प्राचीनता र परम्पराप्रेमी, प्रगतिवादी, भौतिकवाद विरोधी आदि विविध प्रवृत्तिको अन्तर्मिश्रण र सम्पुटनद्वारा बहुआयामिक बन्न पुगेको छ । वस्तुतः देवकोटीय चिन्तनशीलता, भाषिक सामर्थ्य, साहित्य-सिद्धान्त र जीवन-दृष्टिको उद्घाटन एवं प्रकाशनको उनका निबन्धमा उत्तम समाकलन भएको छ । उनको रोमाण्टिक, मानवतावादी, विद्रोही, प्रगतिवादी, आस्तिक-नास्तिक, यथार्थवादी, व्यंग्यकार, क्रियाशील, वाक्पटु आदि विविध व्यक्तित्वको उत्तम संग्रह यो निबन्धमा भएको छ । त्यसैले देवकोटीय साहित्यमा उनका निबन्धहरू शीर्षस्थ महत्त्व राख्दछन् । देवकोटाका कविता मात्र होइन ,सम्पूर्ण रचना नै "एक स्वरले बोल्दैनन् र ती अक्सर भाव र विचारको हार्मनीमा

-----

80. वासुदेव त्रिपाठी, पूर्ववत्, पृ. 21.

बोल्छन् भन्ने भनाइ सब ठाउँमा सत्य पनि छैन र त्यो विरोधाभासलाई ध्यानमा नराखी देवकोटाको काव्यात्मक व्यक्तित्वमाथि पूर्ण न्याय हुन्छ भन्न पनि सकिँदैन ।"[81]

2.3. नेपाली साहित्यमा देवकोटाको स्थान –

लक्ष्मीप्रसाद देवकोटा नेपाली साहित्यका इतिहासको आधुनिक कालका कवि, निबन्धकार, नाटककार, कथाकार, गीतकार, समालोचक र उपन्यासकारका रूपमा प्रसिद्ध छन् । यी विविध व्यक्तित्वमध्ये पनि उनको कवि र निबन्धकारको व्यक्तित्व अधिक प्रतिष्ठित मानिन्छ ।[82]

उनको कविको व्यक्तित्वका तीनवटा मूल रूप छन् – महाकाव्यकार, खण्डकाव्यकार र फुटकर कविताका रचनाकार ।

नेपाली साहित्यमा महाकाव्यको परम्परा देवकोटाको "शाकुन्तल" (2002) बाट थालियो र विकसित पनि भयो । अतः उनी प्रथम मौलिक नेपाली महाकाव्यकारका रूपमा प्रसिद्ध छन् ।[83] उनीभन्दा अघिका कविहरूमा भानुभक्तले संस्कृत "अध्यात्म रामायण"को नेपाली भावानुवाद तयार पारे र मोतीराम भट्टले वि.सं. 1944 मा त्यसलाई प्रकाशित गराए । यसमा महाकाव्योचित स्वरूपको झल्को पाइए तापनि "संस्कृत साहित्यशास्त्रका अनुसार रामायण र महाभारतलाई महाकाव्य भन्न सकिन्नथ्यो ।"[84] माध्यमिक कालमा कविहरूले महाकाव्यको रचनातर्फ तत्परता देखाएको पाइन्न ।सोमनाथ

---

81. अभि सुवेदी, "देवकोटाको विकासशील स्वरूप", चिन्तना र मूल्यांकन, काठमाडौं: साझा प्रकाशन, वि.सं. 2038, पृ. 72.
82. क. रत्नध्वज जोशी, "कथाकार देवकोटा", रूपरेखा (देवकोटा विशेषांक), पृ. 133.
    ख. दयाराम श्रेष्ठ, "सम्भव", "मुलोचना: पत्रात्मक उपन्यास", नेपाली साहित्यका केही पृष्ठ, साझा प्रकाशन, वि.सं. 2032, पृ. 135.
83. वासुदेव त्रिपाठी, "महाकवि देवकोटा र उनका महाकाव्यका सम्बन्धमा", कुमारबहादुर जोशी, महाकवि देवकोटा र उनका महाकाव्य, पृ. 87-8.
84. चूडामणि बन्धु, देवकोटा, पृ. 131.

[illegible], केदारनाथ खतिवडा, शिखरनाथ सुवेदी, कृष्णप्रसाद रेग्मी, नरेन्द्रनाथ रिमाल, पद्मप्रसाद ढुंगाना, पुण्यप्रसाद उपाध्याय, शम्भुप्रसाद ढुंगेल आदि माध्यमिक कालीन कविहरूले "रामायण", "महाभारत" र पौराणिक ग्रन्थहरूको अनुवाद र स्वतन्त्र-रचनाद्वारा बृहद् आकारको काव्यको रचना गरी काव्यभाषा र स्वरूपको विस्तार गराएको भए तापनि[85] उनीहरूबाट महाकाव्यको रचना भएन । वि.सं. 1986 मा देवीदत्त पराजुलीको "कविता गुल्जार" लाई नेपाली भाषा प्रकाशिनी समितिले प्रथम मौलिक नेपाली महाकाव्य मानेको भए तापनि विविध विषयको वर्णन भएको यो पद्यकृति वि.सं. 2005 मा प्रकाशित भयो । यसको संरचना र काव्य-स्वरूपलाई हेरेर समालोचकहरूले यसलाई "महाकाव्य नै होइन" भन्ने ठहराएका छन् ।[86] सोमनाथ सिग्द्यालको "आदर्श राघव" पनि वि.सं. 2005 मा नै प्रकाशित भयो । अतः देवकोटाका नेपाली "शाकुन्तल" (2002) बाट नै नेपाली महाकाव्यको परम्परा थालिएको कुरा स्पष्ट छ ।

देवकोटा नेपाली महाकाव्यका प्रणेता मात्र नभएर महाकाव्य-परम्पराका प्रतिष्ठापक पनि हुन् । काव्यात्मक सौन्दर्य आदि गुणवत्ताका साथै संख्याका दृष्टिले पनि देवकोटाले सबैभन्दा अधिक महाकाव्यहरूको रचना गरेका छन् । सोमनाथ सिग्द्यालको "आदर्श राघव" महाकाव्यका पूर्वीय लक्षणहरूको अक्षरशः पालन गरी लेखिएको भए तापनि यसमा शाकुन्तलको जस्तो मौलिक काव्यात्मक अभिव्यञ्जना पाइँदैन । यो पं. सिग्द्यालको पाण्डित्य शिल्पकारिता र शास्त्रीयतावादी दृष्टिको परिचायक कृति हो । लेखनाथ पौड्यालको "तरुण-तपसी" (2010) महाकाव्यीय स्वरूपको सन्निकट भए पनि महाकाव्य नै बन्न चाहिँ सकेन । देवकोटाकै शब्दमा - यो "अल्प महाकाव्य" मात्र हो ।[87] यसपछि उनले गरेको अर्को महाकाव्य लेखनको प्रयासको परिणाम "गंगा-गौरी" अपूर्ण नै रहेको हुँदा पूर्ण महाकाव्यको रूप त्यसले पनि प्राप्त गर्न सकेन ।[88] बालकृष्ण समको "चिसो चुल्हो"

---

85. राममणि रिसाल, नेपाली काव्य र कवि, काठमाडौं : साझा प्रकाशन, वि.सं. 2031, पृ. 41.
86. चूडामणि बन्धु, देवकोटा, पृ. 131.
87. लक्ष्मीप्रसाद देवकोटा, "तरुण-तपसी प्रदक्षिणा", राजेन्द्र सुवेदी (सं.), द्रष्टा देवकोटा : द्रष्टा परिवेशमा, पृ. 12.
88. वासुदेव त्रिपाठी, लेखनाथ पौड्यालको कवित्वको विश्लेषण तथा मूल्यांकन, पृ. 404

(2015) महाकाव्यमा महाकाव्यीय स्वरूप छ तापनि कथानकको पीनता, नायक-नायिकाका व्यक्तित्वको उत्स र चरित्रांकनको प्रभावपूर्णता, स्वाभाविक अभिव्यञ्जना-कौशल आदिको दृष्टिले यसको काव्य-वैशिष्ट्य देवकोटीय महाकाव्यको स्तरसम्म पुग्न सकेको छैन ।[89] वक्र त बौद्धिकता र पाण्डित्यको अस्वाभाविकतापूर्ण प्रकाशनले यसमा कृत्रिमताको सृष्टि भएको मान्दै समालोचकहरू यसलाई समको विशाल व्यापक अध्ययन र बौद्धिकताको "बुझिनो डकार" मात्र पनि मान्दछन् ।[90] यस स्थितिमा महाकाव्यकारका रूपमा देवकोटाको भूमिका र स्थान सबैभन्दा माथि रहेको कुरा स्वतः स्पष्ट हुन्छ । उनले जम्मा आठवटा महाकाव्य लेखेको उल्लेख पाइन्छ । विषय-स्रोतका दृष्टिले देवकोटाका महाकाव्यको विश्लेषण गर्दा उनले एकाधिक विषयस्रोतको प्रयोग गरेको पाइन्छ । उनका "शाकुन्तल", "महाराणा प्रताप" र "प्रमिथस"मा ख्यात कथावस्तुको प्रयोग पाइन्छ । "शाकुन्तल" र "प्रमिथस" क्रमशः पूर्वीय र पाश्चात्य पुराणमा प्रसिद्ध कथामा आधारित छन् भने "महाराणा प्रताप" चाहिँ मुगलकालीन भारतीय इतिहासका एउटा "राजा र एक जातीय प्रधानको कथावस्तु लिएर"[91] लेखिएको छ । "सुलोचना" र "वनकुसुम"मा उत्पाद्य कथावस्तुको प्रयोग भएको छ । ध्यातव्य के छ भने उनका ख्यात विषयाश्रित महाकाव्यहरूमा नवीनताको सन्निवेश पाइन्छ भने अर्कातिर उत्पाद्य-स्रोत-मूलक कथावस्तुका महाकाव्यमा आख्यानीकरण र इतिवृत्तात्मकताको सहयोगद्वारा ख्यात-तत्त्वको आभास दिने प्रयास पाइन्छ । "शाकुन्तल"मा प्रयुक्त "चाक"को प्रसंग तथा "सुलोचना"मा शत्रुमर्दनको पारिवारिक पृष्ठभूमि र गोरखाथरी दिने कुरातर्फ संकेत गर्दछन् ।

छन्दका दृष्टिले देवकोटाका महाकाव्य तीन प्रमुख कोटिमा पर्दछन् - शास्त्रीय छन्द वा पद्यबद्ध, लोकछन्द वा लयबद्ध, र छन्दमुक्त वा गद्यलयात्मक । "शाकुन्तल", "सुलोचना" र "महाराणा प्रताप" शास्त्रीय छन्दमा लेखिएका छन् भने "पृथ्वीराज चौहान", लोकछन्दमा लेखिएको ऐतिहासिक विषयको महाकाव्य हो अनि "प्रमिथस" चाहिँ गद्यशैलीमा लेखिएको छ ।[92]

======================================

89. कुमारबहादुर जोशी, महाकवि देवकोटा र उनका महाकाव्य, पृ. 186.
90. ताना शर्मा, भानुभक्तदेखि भैरव अर्यालसम्म, काठमाडौं: साझा प्रकाशन, वि.सं. 2036, (दो.सं.) पृ. 55.
91. अभि सुवेदी, "मायाविनी सर्सी : एक ग्रीसियन आत्म विलाप", सिर्जना र मूल्यांकन, पृ. 85.
92. चूडामणि बन्धु, देवकोटा, पृ. 503.

देवकोटाले महाकाव्य सम्बन्धी शास्त्रीय लक्षणको सर्वदा सर्वत्र यथावत् पालन गरेका छैनन् । कथानुबन्ध, छन्दोविधान आदिका दृष्टिले देवकोटाका महाकाव्य परम्पराबाट पर्याप्त विचलित छन् । यसो गरेर देवकोटाले नेपालीमा मौलिक महाकाव्यहरूको रचना मात्र गरेनन् तर त्यसका साथै काव्यको महाकाव्यात्मक स्वरूप र यसका अभिव्यञ्जना-सामर्थ्यका सीमा पनि व्यापक तुल्याइदिए । काव्यको महाकाव्यीय स्वरूप विकास मात्र होइन नेपाली कविताको काव्यात्मक आदर्शको विकास पनि देवकोटाले आफ्ना महाकाव्यद्वारा गरे । वासुदेव त्रिपाठीले भने झैं, "आधुनिक नेपाली कविताको विकास-यात्रा महाकाव्यको अभिमुखी स्तरद्वारा ओतप्रोत रहेको हो । महान् कविका नाताले देवकोटा आफ्नो कविता-यात्राको एक खास पुग्दा-नपुग्दै महाकाव्य सिर्जन्छन् र उनको महाकाव्य-रचना आफ्ना सर्व महाकाव्यको विस्तारसम्म पुग्दछ ।"[93] महाकविको रूपमा देवकोटालाई उनी सर्वश्रेष्ठ ठहराउँछन् भने देवकोटाका महाकाव्यमध्ये "शाकुन्तल" को स्थान शीर्षस्थ मान्दछन् ।[94]

देवकोटाले पन्ध्रभन्दा बढी संख्यामा खण्डकाव्यहरूको रचना गरेका छन् । उनको कवि जीवनको पहिलो महत्तम उपलब्धि नै "मुनामदन" खण्डकाव्य हो । यी खण्डकाव्यमा पनि उनले विविध विषय-स्रोत र विविध शैलीको प्रयोग गरेका छन् । "सीताहरण", "रावण-जटायु युद्ध", "दुष्यन्त-शकुन्तला भेट", "मायाविनी सर्सी" आदि पुराण प्रसिद्ध कथा वस्तुमा आधारित खण्डकाव्य हुन् । "मुनामदन", "कुञ्जिनी", "लूनी", "म्हेन्दु", "बसन्ती" आदि कल्पनाश्रित कथावस्तुमा आधारित खण्डकाव्य हुन् । रूपका दृष्टिले "रावण-जटायु युद्ध" र "मायाविनी सर्सी" छन्दमुक्त वा गद्यशैलीमा लेखिएका छन्, "राजकुमार प्रभाकर", "सीताहरण", "नेपाली मेघदूत" आदि शास्त्रीय वर्ण-मात्रिक तथा मात्रिक छन्दमा अनि "मुनामदन", "लूनी", "कुञ्जिनी", "म्हेन्दु", "ल्वाँधा" र "बसन्ती" चाहिँ लोकलयमा लेखिएका छन् । यी मध्ये विशेषतः लोक-लयात्मक खण्डकाव्यको प्रसिद्धि अधिक रहेको छ । लोक लयात्मक मध्ये पनि [illegible]

---

93. वासुदेव त्रिपाठी, <u>कवि लेखनाथ पौड्यालको कवित्वको विवेचना तथा मूल्याङ्कन</u>, पृ. 403.
94. वासुदेव त्रिपाठी, "महाकवि देवकोटा र उनका महाकाव्यका सम्बन्धमा", कुमारबहादुर जोशी, पूर्ववत्, पृ. 101 – 04.

बरालका दृष्टिमा "कुञ्जिनी" देवकोटाको सर्वश्रेष्ठ खण्डकाव्य हो[95] तर कवि देवकोटा स्वयं लगायत अरू धेरै समालोचकहरूले भनी एक मुख भएर "मुनामदन"कै श्रेष्ठता स्वीकारेका छन् । चूडामणि बन्धुका दृष्टिमा त "मुनामदन" देवकोटाको पहिलो र अन्तिम खण्डकाव्य हुनाका साथै उनको सर्वश्रेष्ठ कृति पनि हुन पुगेको छ ।"[96]

नेपाली खण्डकाव्यको परम्परा वसन्त शर्माको "श्रीकृष्ण चरित्र"(1884)बाट थालिएको मानिन्छ । उनकै समकालीन यदुनाथ पोखरेल र रघुनाथ भट्टले पनि यसतर्फ प्रयास गरेका भए तापनि खण्डकाव्यको अझ स्पष्ट रूप भानुभक्तको "प्रश्नोत्तर", "भक्तमाला" र"वधू-शिक्षा"मा पाइन्छ । माध्यमिक कालको प्रारम्भतिर मोतीराम भट्टले रचना गरेको "पिकदूत" मौलिक कल्पना र काव्यात्मकताका दृष्टिले महत्त्व-पूर्ण छ । उनका "प्रह्लाद-भक्ति-कथा", "गजेन्द्रमोक्ष" र "उषाचरित्र" पौराणिक आख्यानका नेपाली अनुवाद र रूपान्तर हुन् । मोतीरामकै दौंतरी गोपीनाथ लोहनीको "रुग्म-चरित्र", "नल-दमयन्ती", "ध्रुव चरित्र" र "सत्य-दुर्गा"भाषा"मा पनि खण्डकाव्यात्मक रूप पाइन्छ । यी बाहेक माध्यमिक कालका कृष्णप्रसाद रेग्मी, शिखरनाथ सुवेदी, शम्भुप्रसाद ढुंगेल आदिका कृतिमा यसतर्फको चेष्टा पाइए तापनि नेपाली खण्डकाव्यको मौलिक काव्यात्मक स्वरूपको वास्तविक विकास लेखनाथ पौड्यालको "ऋतु-विचार"देखि मात्र हुन्छ ।[97] अनुष्टुप छन्दमा परिमार्जित भाषा, उपमा, उत्प्रेक्षा,रूपकादि अलंकार, अनुप्रास, र कोमल ध्वनियुक्त शैलीमा 6वटा ऋतुको क्रमिक आवागमन-परिवर्तनका आडमा चेतनात्मक रूपारोपित प्रकृति वर्णनका दृष्टिले "ऋतु"विचार" नेपाली साहित्यको एउटा महत्त्वपूर्ण प्राप्ति हो । तर नेपाली जीवन-काल र यसका लोक-भावात्मक परम्पराको धरेरीमाथि निर्मित खण्डकाव्यकारका रूपमा भने लक्ष्मीप्रसाद देवकोटा नै आफ्ना लोकलयका मौलिक र रोमान्टिक खण्डकाव्य लिएर देखा पर्दछन् । लोकको काव्यशैली वरण गरी रचना गरिएको काव्यात्मक

---

95. कुमारबहादुर जोशी, "समालोचक डा.ईश्वर बरालजीको अन्तर्वार्ता", एक व्यक्तित्व : अनेक दृष्टि, काठमाडौं:नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, वि.सं.2043, पृ. 31 - 33.
96. चूडामणि बन्धु, देवकोटा, पृ. 505.
97. राममणि रिसाल, नेपाली काव्य र कवि, पृ. 208 - 11.

सौन्दर्ययुक्त पहिलो मौलिक खण्डकाव्य स्वरूप "मुनामदन" देखा पर्दछ, र यसद्वारा स्थापित परम्पराको विकासमा सहयोग पुऱ्याउन पनि उनका "कुञ्जिनी", "लूनी" र "म्हेन्दु" देखा पर्दछन् । उनले यो काव्य रचना गर्नुभन्दा अघि लोक-छन्दका "कविताको साहित्यिक सम्भावना उपर नजर कसैको गएको थिएन, त्यस समयसम्म गए पनि फोहोर खबरका साहित्यी मानो ठेका नीच कविका कविता सिपाही र लाहुरेका पाकेट कुल्कुल्याउने किसिमका शोषक मात्र पैदा गर्ने साहित्यिक व्यापारीले बनाउन खोजेका" देख्दा उनलाई "झ्याउरेलाई नीच कवि र फोहोर गानाबाट उठाएर शिव,सत्य सुन्दरका अमर छल्का भएका स्वदेशी ग्राम्य छन्दका कविता स्वरूपमा उठाएर जनताका सामुन्ने पेश" गर्ने भावना आयो । परिणाम के भयो भने उनले "सारै दिन भित्र रातका 2/2 घण्टा दुखानमछि आएर "मुनामदन" नामक एक झ्याउरे काव्यको रचना गरे"[98] उनको यो पहिलो खण्डकाव्य उनको मात्र होइन समस्त नेपाली साहित्यकै एउटा श्रेष्ठ काव्य मानिन पुग्यो ।[99]

उनीपछि विविध भाव र शैलीका खण्डकाव्यको रचनाक्रम चलेको पाइन्छ । माधव घिमिरे मुख्यः खण्डकाव्यकारकै रूपमा देखा पर्दछन् भने बालकृष्ण समको "आगो र पानी", अगमसिंह गिरीका "पाद","बाँडु", "युद्ध र योद्धा", सिद्धिचरण श्रेष्ठको "उर्वशी", मोहन कोइरालाको "ऊँ" आदि विभिन्न कविका विविध खण्डकाव्यहरू प्रकाशमा आएका भए तापनि देवकोटाको "मुनामदन"को काव्यात्मक उत्कर्ष र लोक-प्रसिद्धि अन्य कुनै खण्डकाव्यकारका कृतिलाई प्राप्त छैन । अनि "साहित्यिक श्रेष्ठताको नाप जनतामा परेको प्रभाव र सर्वकालीन हृदयस्पर्शितामा निर्भर रहन्छ"[100] साहित्यमूल्याङ्कनको देवकोटीय मानदण्डका आधारमा हेर्दा देवकोटा नेपाली साहित्यका सर्वश्रेष्ठ खण्डकाव्यकार

-----------------------------------

98. लक्ष्मीप्रसाद देवकोटा, "नेपाली झ्याउरे बारे", राजेन्द्र सुवेदी (सं.) *द्रष्टा देवकोटा:द्रष्टा परिवेश*, पृ. 59 – 60.
99. क. [illegible], "मुनामदन एक यथार्थवादी समालोचना", *प्रज्ञा समालोचना* पृ. 257.
ख. वासुदेव त्रिपाठी, "महाकवि देवकोटा र उनका महाकाव्यका सम्बन्धमा", कुमारबहादुर जोशी, पूर्ववत, पृ. 34.
100. लक्ष्मीप्रसाद देवकोटा, "नेपाली साहित्यको इतिहासमा सर्वश्रेष्ठ पुरुष", *लक्ष्मी निबन्ध संग्रह*, पृ. 25.

मात्र होइन, सर्वश्रेष्ठ कवि समेत हुन् भन्ने कुरा स्वतः सिद्ध हुन्छ र उनी यस स्थानमा अध्यावधि अच्युत छन् ।

ऋषि दुवेदीको विचारमा "देवकोटाको विकासशील स्वरूप ... महाकाव्यहरूमा भन्दा फुटकर कविताले देखिन्छ ।"[101] वस्तुतः देवकोटाले नेपाली काव्य जगतलाई प्रदान गरेका एउटा प्रमुख धारा स्वच्छन्दतावादी काव्यधारा हो भने यस धाराको प्रवर्तन उनका फुटकर कविताबाटै भएको छ । त्यसका अतिरिक्त विषयगत व्यापकता र शैलीगत वैचित्र्यका दृष्टिले पनि उनको विराट् रूप पनि फुटकर कविताहरूमा पाइन्छ । वि.सं. 2003 पूर्वका उनका कविता सौम्य र सुन्दर जीवन एवं प्रकृतिको चित्रण गर्दछन् भने वि.सं. 2003 पछिका उनका कवितामा व्यंग्यात्मकताको उन्मेषका साथै पद्यबन्धात्मक शैलीबाट गद्यात्मक शैलीतर्फको परिवर्तन पनि आएको पाइन्छ । आफ्ना प्रजातान्त्रिक भावना, मानवतावादी दृष्टि, रोमान्टिक, प्रगतिवादी एवं विद्रोही स्वरको प्रकाशन आदिका दृष्टिले पनि यी कविता देवकोटीय काव्य-यात्राको विकास र काव्य प्रवृत्तिगत वैशिष्ट्यका संवाहक रहेका छन् । नेपाली लोक छन्द र संस्कृत शास्त्रीय छन्दको प्रयोगका अतिरिक्त गद्य शैलीको प्रयोग गरी लेखिएका उनका कविता पनि महत्त्वपूर्ण छन् । वस्तुतः नेपाली गद्य-कविताका प्रथम प्रयोक्ता मानिएका गोपालप्रसाद रिमालका कवितामा भन्दा बढी निखारो गद्यमयता देवकोटाका कतिपय कवितामा पाइन्छ र यस दृष्टिले उनी आफ्ना उत्तरवर्ती भूपि शेरचन र विजय मल्लभन्दा पनि ऋषि बदेर मोहन कोइरालाको गद्यात्मक काव्यशैलीका सन्निकट देखिन पुग्छन् । उनका निबन्धमा पाइने कवितात्मकताको प्रसंग पनि यसै कुराले प्रस्टिन जान्छ ।[102] "ओखो आउँछ यो चिनोचिनी चिनी सोचन्छको चोट" भएका कवि देवकोटाका कविता अन्तर्गत यी वैविध्यले गर्दा नै उनी आफ्ना उत्तरवर्ती कविहरूका दृष्टिमा पनि पुराना ठहरिन्नन् ।[103] वासुदेव त्रिपाठीले भने झैं नेपाली साहित्यको सबैभन्दा विकसित विधा कविता हो भने त्यसको चरम सिद्धि चाहिँ देवकोटाका कवितामा पाइन्छ, अतः

---

101. ऋषि दुवेदी, "देवकोटाको विकासशील स्वरूप", चिन्तन र मूल्यांकन, पृ. 77.
102. वासुदेव त्रिपाठी, "महाकवि देवकोटा र नेपाली कविताका प्राप्ति", विचारक्षितिज, काठमाडौं: साझा प्रकाशन, वि.सं. 2027, पृ. 134.
103. चूडामणि बन्धु, देवकोटा, पृ. 508.

देवकोटा नै नेपाली साहित्यका सर्वश्रेष्ठ कवि मात्र नभएर सर्वोच्च साहित्यस्रष्टा पनि हुन् भन्ने कुरा स्वतः सिद्ध हुन आउँछ ।[104]

नेपाली निबन्धको पूर्वपरम्परा नै स्थिर नभएको अवस्थामा निबन्धकारको रूपमा देवकोटाको उदय एउटा महत्त्वपूर्ण घटना बन्दछ । जसरी नेपाली साहित्यमा महाकाव्य "आख्यस्पाटको सर्ग" समान देखेर आवश्यकता पूर्तिको छटपटीले उनले "शाकुन्तल" र "प्रमीथस" जस्ता महाकाव्यहरूको रचना गरे त्यसरी नै गद्यका क्षेत्रमा पनि "पद (निबन्ध) किसिमको रचना नेपालीमा प्रचलित नभएकोले मैले यस तर्फ हातको कुटुकुटी नोक्दार कलमले कुदकिंडी तवरको मानौं एउटा मोटो प्रयत्न गर्न लागेको हुँ ।"[105] भन्दै उनी अभावपूर्तिको रूपमा "लक्ष्मी निबन्ध संग्रह" जस्तो महत्त्वपूर्ण कृति नेपाली साहित्यलाई दिन पुग्छन् । वस्तुतः "लक्ष्मी निबन्ध संग्रह" अन्तर्गत निबन्धकै आधारमा समालोचकहरूले उनको निबन्धकार-व्यक्तित्वलाई उनको कवि-व्यक्तित्व समान गुरुत्वको भन्ने स्वीकारेका छन् । बालकृष्ण समबाट थालेको "वस्तुपरक कथात्मक" निबन्धको प्रयोगधाराभन्दा भिन्न आत्मपरक रोमाण्टिक धाराका प्रयोक्ता देवकोटा रहेका छन् ।[106] निबन्धको सर्वोत्कृष्ट रूप पनि देवकोटामै छ । अतः निबन्धको क्षेत्रमा सर्वोच्च प्रतिभाको रूपमा उनी नै प्रतिष्ठित हुन पुग्दछन् ।

उनका निबन्धका दुइवटा संकलन "लक्ष्मी निबन्ध संग्रह" (2002) र "डाँडाको जुनेली" (2039) प्रकाशित छन् र यी दुइवटैमा संकलन नभएका "पूर्व र पश्चिम" (शारदा:4:11) "कला" (युगवाणी:1:6), "हामीलाई कवितामा के चाहिन्छ?" (शारदा:12:10), "मस्तिष्कको तरंग" आदि निबन्धहरू पनि केही पूर्वप्रकाशित तथा केही चाहिँ अहिलेसम्म अप्रकाशित नै छन् । आफ्ना निबन्धका सर्वप्रथम समालोचक देवकोटा स्वयं भए "लक्ष्मी निबन्ध संग्रह"को भूमिका र "श्रीगणेशाय नमः" मा संक्षेपमा उनले आफ्ना निबन्धकारिता र गद्यशैलीबारे पर्याप्त प्रकाश पारेका छन् । कवितात्मक गद्यका प्रयोक्ताका रूपमा आज देवकोटाको जुन प्रतिष्ठा छ, त्यो गद्यान्तर्गत कवितात्मक गुणको स्थितिको

---

104. वासुदेव त्रिपाठी, कुमारबहादुर जोशी, पूर्ववत्, पृ. 105.
105. देवकोटा, लक्ष्मी निबन्ध संग्रह, भूमिका ।
106. वासुदेव त्रिपाठी, पूर्ववत्, पृ. 306.

पछिल्लो जानकारी उनी आफैले भूमिकामा "यो प्रबन्धमा म कवि जस्तो धेरै मात्रामा देखिन्नँ"[107] भन्दै आफ्ना निबन्धको "पोथी युग" को उल्लेख गरेर दिए । निबन्ध लेखनमा प्रायः देवकोटाले स्वरमा उठेको बालकृष्ण समका निबन्धमा निबन्धको मूल तत्व आत्मपरकतालाई प्रबन्धको मूल वस्तुपरक तत्वले थिचेको छ । त्यसका साथै भाषाको व्याकरणनिष्ठ प्रयोगबाट उनी विचलित हुन सकेका छैनन् । तर भाषाको मानक रूप मिचे पनि उच्चकोटीको कलात्मक गद्यको निर्माण गर्नका निम्ति उनले अलंकरण र भावुकताको सहारा लिएका छन् । चित्रात्मक लेखन-शैली उनका गद्यको विशेषता हो । यही अलंकरण, भावुकता र चित्रात्मकताले उनको गद्यमा बहुवर्णिताको उन्मेष भएको छ र यसैलाई समालोचकले "आयामिक गद्य"को पहिलो प्रयोग मानेका छन् ।[108] तर समले निबन्धको क्षेत्रमा आफ्नो सामर्थ्यको परिचय मात्र दिए, निबन्ध-विधालाई अन्य साहित्यिक विधाको तुलनामा विकास गर्ने सामर्थ्य दिनतर्फ भने उनी लागिरहेनन् । तर देवकोटाले निबन्धलाई पनि एउटा उच्च साहित्यिक रचना प्रकारको प्रतिष्ठान प्राप्त गराउनका साथै नेपाली निबन्धलाई अन्तर्राष्ट्रिय स्तरमा उठाइदिए । त्यसैले उनलाई "नेपाली निबन्धका निम्ति सच्चा तात्पर्यमा प्रवर्तकका साथै सर्वोच्च उत्कर्ष बिन्दु" मान्ने वासुदेव त्रिपाठीको मत उपयुक्त देखिन्छ ।[109] उनले आफ्ना निम्ति निर्माण गरेको यो स्थानतर्फ उनीपछिका हृदयचन्द्रसिंह प्रधान, शंकर लामिछाने, बालकृष्ण पोखरेल, र तारानाथ शर्मा प्रभृति निबन्धकारहरू धावन गर्दैछन् तापनि निबन्धकारका रूपमा देवकोटाले ओगटेको स्थान उनीहरूका निम्ति जित्नुपर्ने दुर्ग होइन, पुग्नुपर्ने चोटी नै रहेको छ ।

कथा र उपन्यासको आधुनिक स्वरूपको उत्थानकालमा देवकोटा नेपाली साहित्यमा उत्रेका हुन् । त्यसैले महाकाव्य र निबन्धको जस्तो अभावात्मक स्थिति नभए तापनि कथा र उपन्यासको विकासोन्मुखतामा योग दिनका निम्ति उनले धेरै कथा र एउटा

---

107. लक्ष्मीप्रसाद देवकोटा, लक्ष्मी निबन्ध संग्रह, भूमिका ।
108. अभि सुवेदी, "बालकृष्ण समः आयामिक गद्यका प्रथम प्रयोक्ता", चिन्तना र मूल्यांकन, पृ. 66 – 71.
109. वासुदेव त्रिपाठी, "महाकवि देवकोटा र उनका महाकाव्यका सम्बन्धमा", कुमारबहादुर जोशी, महाकवि देवकोटा र उनका महाकाव्य, पृ. 78.

उपन्यास लेखेका छन् । नेपाली कथाको आधुनिक कालको प्रारम्भिक अवस्थामा नै देवकोटा कथाकारका रूपमा वि. सं. 1996 को "शारदा"मा "उनको मन" शीर्षक कथाका साथ देखा पर्दछन् ।[110] यस युगका प्रतिनिधि कथाकार मानिएका गुरुप्रसाद मैनाली, बालकृष्ण सम, पुष्कर शमशेर र विश्वेश्वरप्रसाद कोइरालाका तुलनामा संख्यात्मक दृष्टिले देवकोटाको कथा-सिर्जना पछि पर्ने भए तापनि[111] उनी "सिद्धहस्त कथा शिल्पी होइनन्"[112] र उनी "भावप्रधान कथाकार हुन्…हुने भावबिन्दुमा पौडिनु नै उनको कथाकारिता हो । त्यसैले देवकोटाको कथाकार देवकोटाको महत्तामा विशेष योगदान गर्न सक्दैन"[113]भन्ने समालोचकहरूको मत छ । देवकोटाका निबन्ध र कविताका दाँजोमा अवश्य उनका कथा उभ्रिन सक्दैनन् तापनि नेपाली कथाको आधुनिक स्वरूप विकासमा र विशेष गरी भाषिक प्रवृत्ति र शैलीका दृष्टिले उनका कथा आफ्ना विशिष्टतासाथ देखा पर्दछन् । उनका कथाको एउटा संकलन "लक्ष्मीकथा संग्रह" (2032) प्रकाशित छ ।

विश्वेश्वरप्रसाद कोइरालाद्वारा प्रतिष्ठित मनोवैज्ञानिक यथार्थवादी कथाधारा र मैनाली प्रतिष्ठित आदर्शोन्मुख सामाजिक यथार्थवादी धारा, दुवैको प्रयोग देवकोटाका कथामा भएको छ । "उनको मन", "तारा", "हत्यारो डाका", "मन र तन" आदि उनका मनोवैज्ञानिक यथार्थवादी प्रवृत्तिका कथा हुन् भने "लोभ", "अयस्न कुकुर", "ठिगुको झोपडो", "राधा क्यारो गर्छन् राम", "नर्सुक प्रथा", "कैमालो बाबु", "पण्डितजीको घरेलु पुस्तक", "गुरु सानसिंह" आदि सामाजिक आदर्शोन्मुख यथार्थवाद प्रवृत्तिका कथा हुन् । विशेषत: सामाजिक चेतना र सामाजिकताको प्रकाशनका दृष्टिले उनका कथा अधिक महत्त्वपूर्ण ठानिन्छन् ।[114] उनका कथामा पाइने अर्को एउटा विशेषता हो व्यंग्य । मनोवैज्ञानिक र सामाजिक दुवै थरी व्यंग्यको अन्तर्मिश्रण तथा सामाजिक रूढि, अन्धविश्वास र मान्छेका वैयक्तिक दुर्बलताको आलोचना तिनमा प्रभावकारी पाइन्छ । उनका यस्ता कथाहरू "शारदा", "कुमारी", "परोपकार", "प्रगति"

---

110. ईश्वर बराल, <u>झ्यालबाट</u>, पृ. 210.
111. वासुदेव त्रिपाठी, <u>विमर्श</u>, पृ. 43.
112. ईश्वर बराल, पूर्ववत्, पृ. 213.
113. वासुदेव त्रिपाठी, पूर्ववत्, पृ. 14.
114. चूडामणि बन्धु, <u>देवकोटा</u>, पृ. 278.

आदि पत्र-पत्रिकामा प्रकाशित भए । विशेष गरी "युगवाणी"मा छापिएका राजनैतिक र सामाजिक व्यंग्यका ती कथाले नेपाली क्रान्तिकारीलाई निकै हुराक दिएर हुर्याए" भन्ने ईश्वर बरालको मत छ ।[115]

भावना प्रवृत्तिका दृष्टिले हेर्दा सामाजिक र व्यक्ति-मनोवैज्ञानिक भनिने दुइ किसिमका कथाधारा देवकोटाको कथा-लेखनकालमा विशेष प्रचलित देखिन्छन् र साहित्यिक शैलीका दृष्टिले ती कथा विविध प्रकारका पनि छन् । कथाकार पुष्कर शमशेर तर्क र वाक्चातुर्यका निम्ति सुपरिचित छन् भने उनका कथामा आलंकारिकता र चित्रात्मकता विशेष प्रष्ट छन् । यसैगरी मैनाली सहानुभूतिपूर्ण र दुःखात्मक गार्हस्थ्य-चित्रणमा निपुण मानिन्छन् भने कोइराला मनोविज्ञान, संक्षिप्तता र व्यंग्यका निम्ति प्रसिद्ध छन् । तर देवकोटामा चाहिँ सबैका अलंकरण र भावुक कल्पनाशीलतालाई छोडेर प्रायः अरू उपर्युक्त विशेषताहरू पाइन्छन् । देवकोटीय साहित्यका मौलिक विशेषता रसिकता र वाक्पटुता हुन् । "जहाँसम्म आफ्ना आवेगहरूलाई वाणी प्रदान गर्ने प्रश्न छ, सबै मानिसका प्रायः एकै किसिमका विचार हुन्छन्, तर ती विचारलाई अभिव्यक्त गर्ने तरिकाले नै वाक्चातुर्ययुक्त मानिस र वाक्चातुर्यविहीन मानिस छुट्याउँछ"[116] भन्ने फ्रान्सेली लेखक भोल्टेयरको मतका आधारमा हेर्दा देवकोटा वाक्चतुर लेखक देखिन आउँछन् । यसै वाक्कौशलले उनका कृतिमा शैलीलाई सदा प्रभावकारी राख्दछ । जोन्सन अंग्रेजी नाटककार शेक्सपियरको शैलीबारे टिप्पणी गर्दै के भन्छन् भने शेक्सपियरको परिहासमूलक शैली हो जो कहिल्यै पद्य हुँदैन, यो यस्तो संवाद हो जो सर्वसामान्यभन्दा माथि छ, र परिष्करणभन्दा मुनि स्वच्छ ठाउँमा छ जहाँ औचित्यको वास छ ।"[117] प्रायः यही कुरा देवकोटाका कथा र अन्य गद्यकृतिको शैलीका सन्दर्भमा पनि भन्न सकिन्छ ।

देवकोटाका कथा, उनका कविता र निबन्धका तुलनामा "देवकोटा स्तरका छैनन्"[118] भने पनि कथाका रूपमा तिनका केही विशिष्टता छन् जो अन्य कुनै नेपाली कथाकारमा

115. ईश्वर बराल, पूर्ववत्, पृ. 211.
116. रेने वेलेक, ए हिस्ट्री अव मोडर्न क्रिटिसिज्म, पहिलो खण्ड, पृ. 38मा उद्धृत।
117. स्यामुअल जोन्सन, रेने वेलेक, पूर्ववत्, पृ. 90 मा उद्धृत ।
118. वासुदेव त्रिपाठी, कुमारबहादुर जोशी, पूर्ववत्, पृ. 76.

उत्तिकै मात्रामा देखा पर्दैनन् । मानवीकरण, प्रतीकीकरण, विशेषणबहुलता, वाक्यसम्पुटन, वाक्यविधान, प्रश्नालंकार, विविध स्रोतगत शब्दको मिश्रित प्रयोग, पर्यायमूलकता, परोक्ष कथन, समानान्तरता, व्यक्ति बोलीको स्वाभाविक प्रयोग, निबन्धात्मक प्रत्ययपरकता तथा वैयक्तिकताको प्रवेश, उत्थान, विपर्यय, अनुप्रास, समानाधिकरणात्मक वाक्य विधान आदिको प्रयोग देवकोटाका कथाका प्रमुख शैलीगत विशेषता भित्र पर्दछन् । देवकोटाका कथा र कथात्मक रचनाबन्ध भएका कृतिहरूमा पाइने एउटा मुख्य विशेषता हो व्यक्तिवाचक नाउँहरूको सप्रेय र सार्थक प्रयोग । कथामा पनि उनको भाषा व्यङ्ग्यात्मक र लाक्षणिक नै रहेको छ । देवकोटीय गद्यको विशेषता उनका कथामा पनि उत्तिकै स्पष्ट रूपले उभिएको पाइन्छ । अतः परिणति स्वयं अग्रसर भई आत्मकथन गर्ने जस्ता निबन्धात्मक र कवितात्मक संरचनाका तत्त्वको प्रयोगले उनका कथाको वस्तुविधान कुण्ठित भएको र कथामा झन् उनका कथा उच्च कोटिका बन्न नसकेको पाइन्छ भन्ने समालोचकीय मन्तव्य औचित्यपूर्ण हुँदाहुँदै पनि आख्यानात्मक गद्य-शैलीको विकासमा देवकोटाले उपर्युक्त शैलीय तत्त्वको प्रयोग परम्परा बलियो बनाइदिएका छन् भन्ने कुरा स्वतः स्पष्ट छ ।

देवकोटाको एउटा उपन्यास "चम्पा" साझा प्रकाशनबाट प्रकाशित (2024) छ र यही नै उनको पाइएको एकमात्र उपन्यास हो । यसमा पनि उनले आफ्ना कथामा जस्तै बाल-विवाह प्रभृति सामाजिक कुरीतिको आलोचना तथा एउटी पढेकी यौवनकी नारी पात्र चम्पाको विकासशील रतिरागात्मक मनोविज्ञानको चित्रण गरेका छन् । निबन्धात्मक एवं कवितात्मक तत्त्वहरूको अधिक मिश्रणले गर्दा औपन्यासिक संरचना यसमा उति विकसित हुन नसकेको देखिन्छ ।

नेपाली उपन्यासको परम्पराका सापेक्षतामा राखेर हेर्दा यसको रचना वि.सं.2003-04 तिर भएको अनुमान चूडामणि बन्धुले गरेका छन् ।[119] यसअनुसार यो नेपाली उपन्यासको आधुनिक कालको प्रारम्भिक चरणकै कृति देखिन आउँछ । नेपाली उपन्यासमा आधुनिक कालको प्रारम्भ "सुमति" (1991) र "रूपमती" (1992)बाट भई पुगी

---

119. चूडामणि बन्धु, <u>देवकोटा</u>, पृ. 225.

प्रतिष्ठा चाहिँ "भ्रमर" (1993) मा नै भएको मानिन्छ ।[120] "रूपमति"का लेखक रुद्रराज पाण्डेका अरू तीनवटा उपन्यास "प्रेम" (2005), "प्रायश्चित्त" र "चम्पाकली" (1993) प्रकाशित छन् । उनका यी उपन्यासमा सामाजिक एवं पारिवारिक जीवनका समस्या र तिनका कठिनाइहरू आदिको आदर्शवादी चित्रण पाइन्छ । रूपनारायण सिंहको "भ्रमर"ले नेपाली उपन्यासमा स्वच्छन्दतावादको प्रतिष्ठापन गर्दछ र यो पनि मूलत: सामाजिक यथार्थको आदर्शीकृत चित्रणकै परम्परामा देखिएको छ ।[121] उनको "मिठुरी" अपूर्ण उपन्यास (2006) मा पनि उनी सामाजिक यथार्थकै स्वच्छन्दतापरक चित्रण गरिरहेका पाइन्छन् । टुकराज–पद्मराज मिश्रका "रणबन्धको" र "रामकृष्ण कुँवर राणा" (1991) "ऐतिहासिक दृष्टिले इतिहास नभए जस्तो औपन्यासिक दृष्टिले उपन्यास पनि हुन" भनेका छन् ।[122] वि.सं. 2004मा लैनसिंह बाङ्देलको "मुलुक बाहिर"को प्रकाशनबाट "नेपाली उपन्यासले यथार्थवाद र यथार्थको प्रयोगक्षेत्रमा प्रवेश गर्छ ।"[123] यस प्रकार सामाजिक र ऐतिहासिक यथार्थवादको प्रयोग नेपाली उपन्यासमा भएको भए तापनि देवकोटाको "चम्पा" ले विश्वसम्मका "उपन्यास-रूपमा चित्रण र मनोविज्ञानलाई महत्व दिएन ।"[124] अत: नेपाली उपन्यासमा सामाजिक यथार्थ र पात्रगत मनोविज्ञानको चित्रणको प्रवृत्तिका दृष्टिले "चम्पा"को आफ्नो एउटा छुट्टै स्थान र महत्व देखिन्छ यसलाई अग्रणि भूमिकाका रूपमा हेर्न सकिन्छ । संरचनागत शिथिलता र चरित्रत्वको अनुरोपणको अभाव यसमा रहँदा रहँदै पनि नेपाली उपन्यासका भावात्मक प्रवृत्तिको विकास परम्पराका सन्दर्भमा यसको महत्वपूर्ण स्थान छ र यही नै उपन्यासकारका रूपमा देवकोटाको प्राप्ति पनि देखिन्छ । औपन्यासिक स्वरूपको रूपमा चाहिँ यसलाई "लघु-उपन्यास वा उपन्यासिका" मान्ने चूडामणि बन्धुको मत औचित्यपूर्ण देखिन्छ ।[125]

120. वासुदेव त्रिपाठी, विवरण, पृ. 95.
121. इन्द्रबहादुर राई, नेपाली उपन्यासका आधारहरू, दार्जिलिङ:नेपाली साहित्य परिषद्, वि.सं. 2031, पृ. 40.
122. कृष्णचन्द्रसिंह प्रधान, नेपाली उपन्यास र उपन्यासकार, काठमाडौं:साझा प्रकाशन, वि.सं. 2037, पृ. 105.
123. इन्द्रबहादुर राई , पूर्ववत्, पृ. 64.
124. चूडामणि बन्धु, देवकोटा, पृ. 232.
125. ऐजन , ऐजन, पृ. 511-12.

उनका समालोचनात्मक एवं साहित्य-सिद्धान्तपरक तथा जीवन-चरित्रात्मक लेख र भाषणहरूको एउटा संकलन राजेन्द्र सुवेदीको सम्पादनमा "स्रष्टा देवकोटा:द्रष्टा परिवेशमा" शीर्षकमा प्रकाशित छ । यस संग्रहमा संकलित लेखहरूका अतिरिक्त पनि उनको समालोचक व्यक्तित्वमाथि प्रकाश पार्ने उनका "कथा", "सामीलाई कवितामा के चाहिन्छ" "काव्य-चमत्कार", "भिखारी:प्रेमी पक्का आधारहरू", "भिखारी: देवकोटा, शैली र भिखारीको अर्थ", "यात्राबारे", "मार्ग वा प्रश्नोत्तरबारे" आदि लेखहरू छन् । वस्तुतः उनी प्रभावात्मक परम्पराका पोख्त समालोचकका रूपमा देखा पर्दछन् । उनको समालोचकीय दृष्टि र सामर्थ्यको राम्रो परिचय "उत्तम-तपस्वी प्रतिभा" शीर्षक लेखले दिन्छ ।

"पुतली", "सुनको बिहान", "राजकुमार प्रभाकर", "आँगाको कुरा", "कटक" र "चिल्लापात"जस्ता देवकोटाको बाल-साहित्य स्रष्टाको व्यक्तित्वको राम्रो परिचय दिन्छन् । सरल, सरस, विचारोत्तेजक र भावपूर्ण कविताहरूले उनलाई नेपालीका एकमात्र श्रेष्ठ बाल-साहित्यकारको प्रतिष्ठा प्राप्त गराएका छन् ।

नाटक क्षेत्रमा पनि देवकोटाको न्यूनाधिक अवदान रहेको छ । शेक्सपियरको "म्याकबेथ"को अनुवादका अतिरिक्त "सावित्री-सत्यवान"(1997) र "कृषिबाला"(2015) जस्ता पूर्णाङ्की तथा "भूत" र "शिक्षाको चमत्कार" जस्ता एकाङ्की नाटक लेखेर उनले नाटक विधाको उन्नयनमा हात दिएका छन् । तर कथा र उपन्यासमा झैं यस्तै नाटकमा पनि नाटकीय संरचनालाई कवितात्मक प्रस्तुतिले थिचेको हुँदा उनी उच्च कोटिका नाटककारका रूपमा भने प्रतिष्ठित हुन सकेनन् । उनले लेखेका "राजपूत रमणी", "भरत मिलन", "कृष्णाष्टमी" आदि नाटकहरू मञ्चित भएको उल्लेख पाइन्छ भने "विष्णुको चरित्र", "तथागत", चमाईं कुमारी" र "अमर प्रेम" जस्ता प्रबन्ध र नाटकहरू चाहिँ अधूरै रहेका देखिन्छन् ।

देवकोटाको संगीततर्फ पनि रुचि थियो र त्यसकै परिणाम स्वरूप उनले गीतहरूको रचना गरेका छन् । "दुष्यन्त", "कुञ्जिनी", "लूनी", "म्हेन्दु", "कृषिबाला", आदि गीति-काव्य र नाट्यका अतिरिक्त उनका "गाइने गीत"मा नेपाली भाषाका श्रेष्ठ कोटिका गीतहरू संकलित छन् । उनका कतिपय गीतहरू विभिन्न संगीतकार र गायक-

उनका गीत र स्वरमा "रेकर्डिङ्"पनि भएका छन् ।

यसप्रकार देवकोटाले अनुवाद तथा मौलिक लेखनद्वारा नेपाली साहित्यका विविध विधाको विकासमा योगदान दिएका हुँदा वि.सं. 1991 देखि 2016 सम्मको सम्पूर्ण नेपाली साहित्यका उनी प्रतिनिधि प्रयोक्ता स्वरूप देखा पर्दछन् । त्यसमा पनि अब निबन्ध र कविताका क्षेत्रमा त उनी सर्वोच्च प्रतिभाका रूपमा प्रतिष्ठित हुनुहुन्छ ।

2.4. देवकोटाका मौलिक गद्य-साहित्यको परिचय –

गद्यलेखकका रूपमा "शारदा"कालको प्रारम्भदेखि नै उदाएका देवकोटाका मौलिक गद्य-रचनाहरूका तीनवटा संकलन "लक्ष्मी निबन्ध संग्रह"[2002], "दाडिमको रूखनेर" [2039] र "द्रष्टा देवकोटा : द्रष्टा परिवेशमा"[2041] प्रकाशित छन् । योभन्दा अगाडि वि.सं. 1998मा प्रकाशित उनको "प्रतिभा-प्रबन्ध-संग्रह" अंग्रेजीबाट अनूदित गद्यको संकलन हो ।

"लक्ष्मी निबन्ध संग्रह"[2002] उनको पहिलो मौलिक ग्रन्थ हो । यसभित्र जम्मा छैँतीसवटा निबन्ध संकलित छन् । योमध्ये पहिलो "श्रीगणेशाय नमः" वस्तुतः छुट्टै निबन्धभन्दा निबन्ध-कलाको व्याख्या गर्दै यस संग्रह अन्तर्गत निबन्धका विशेषतातर्फ पनि संकेत गर्ने "भूमिका पछिको अर्को भूमिका" स्वरूप छ ।[126]

संकलनभित्रको दोस्रो निबन्ध "पहाडी जीवन"मा उनले गोसाईंकुण्ड र पश्चिम नेपालको सिल्टुङको भ्रमणबाट पहाडी जीवनबारे आफूले पाएको जानकारी प्रकाश गरेका छन् । शहरदेखि बाहिर सामान्य मानिसको जीवन-पद्धति त्यस बेला कस्तो थियो भन्ने कुराको यस्तो अनुभूति उनले यसमा व्यक्त गरेका छन्, त्यस्तै अनुभूतिको प्रकाशन उनका "मुनामदन", "कुञ्जिनी", "लूनी", "म्हेन्दु" आदि काव्यहरूमा पनि यत्रतत्र प्रकाशित पाइन्छ ।

"मेरो शिशु"मा उनले मानिसका सारा कार्य-व्यापार केवल शिशुको खातिर गरिन्छन् भन्ने मत व्यक्त गर्दै "शिशु मानिसको पिता हो" भन्ने वर्ड्सवर्थको धारणा पनि

---

126. चूडामणि बन्धु, <u>देवकोटा</u>, पृ. 111.

प्रकाश गरेका छन् ।

आध्यात्मिकताका अनुरागी देवकोटाको "कुन कुरा कि" निबन्धमा आधुनिक जीवनपद्धतिका कतिपय कुराका तुलनामा हाम्रो प्राचीन सभ्यता र जीवन-पद्धति नै बढी वैज्ञानिक र व्यवहारिक पनि थिए भन्ने धारणा अभिव्यक्त छ ।

"ठेल्ने पानी"मा उनले आफूभित्रको ठेलक व्यक्तित्व र आधुनिक शिक्षाद्वारा निर्मित आफ्नो शिक्षित व्यक्तित्वका बीचको द्वन्द्वको उद्घाटन गर्दै वास्तवमा ठेलकलाई त्यागिको मोल्ले सोझन अधिविद्याको अन्वेषणको मोहनीले ठेल्न प्रेरित गर्दछ भन्ने विचार प्रकट गरेका छन् ।

"नेपाली साहित्यको इतिहासमा सर्वश्रेष्ठ पुरुष" देवकोटाको मूल्यांकनपरक निबन्ध हो। यसमा उनले भानुभक्त आचार्य नेपाली साहित्यको इतिहासमा देखिएका सर्वश्रेष्ठ पुरुष हुन् भन्ने कुरा तर्क र युक्तिद्वारा सिद्ध गर्ने प्रयास गरेका छन् ।

"पाँचवोटा चाहिने कुराहरू"मा उनले ईश्वर, आत्मा, स्वर्ग, नरक,र धर्म नामक पाँचवोटा कुरा मानिसको जीवनमा आधारभूत आवश्यकताका कुरा हुन् र जीवनको ऊर्ध्वगामिता, जीवन्तता, कर्तव्यपरायणता, उत्तरदायित्वबोध, न्याय र नैतिकता निम्ति यी अनिवार्य छन् ।भन्ने कुरा सिद्ध गरेका छन् । आक्रमणात्मक शैलीको निबन्ध हो ।

"सरिताको कलकलमा" प्रकृति-प्रेमी देवकोटाको भावात्मक निबन्ध हो । कविताका सिर्जनाको निम्ति प्रेरणा, सूचना, सौन्दर्यात्मक भेद, लय, छन्द आदि पहाड र सरिताको कलकलबाट जति सक्दो प्राप्त हुन्छन् त्यति अन्यत्र प्राप्त हुँदैनन् भन्ने उनको धारणा छ ।

"मान्छे जादू"मा मानव जीवनको रहस्यमयी र गम्भीर स्वरूपको उद्घाटन भएको छ । मानिसले संसारका अरू थुप्रै थुप्रै कुराहरू बुझिसकेका भए तापनि आफैलाई चाहिँ पूरै रूपले कहिल्यै जानेको छैन, अनन्त रहस्य, अनन्त सामर्थ्य र सम्भावनाको अगाध भण्डार मानिस सर्वभिन्न हुनाले मानिस स्वयं नै कहिल्यै बुझेर कुनै नसकिने "जादू" हो भन्ने उनको मत यहाँ व्यक्त छ ।

"लाद ! लाद ! अंग्रेजी" देवकोटाको आत्मावलोकन र आत्मनिष्ठताश्रित निबन्ध हो/ यसमा उनले आफूमा परेको अंग्रेजीको प्रभावको वर्षौंका माध्यमबाट आधुनिक नेपाली समाजमा बढ्दो अंग्रेजीप्रतिको मोह र महत्वबारे व्यंग्यात्मक टिप्पणी गरेका छन् ।

"के नेपाल सानो छ " देवकोटाको राष्ट्र-प्रेम र राष्ट्रिय भावना व्यक्त गर्ने निबन्ध हो । उनका दृष्टिमा राष्ट्रको विशालता भौगोलिक व्याप्तिमा होइन गुणात्मक उच्चतामा निर्भर गर्दछ र आध्यात्मिक अनि भावात्मक दृष्टिले नेपाल जाति, भाषा, साहित्य र प्रकृति नै उनलाई सबैभन्दा प्यारा छन् कारण, देशप्रेमबाट विश्वप्रेम शुरु हुन्छ । "

"वीरहरू"मा उनी अरूका निम्ति निःस्वार्थ भएर आफूलाई उत्सर्ग गर्नसक्नु नै वास्तविक वीरता हो भन्छन् । प्रमेथियसले झैं स्वर्गको फिलिंगो चोरेर धरतीमा ल्याएर नेपाली जातिको उद्धार गर्ने आफ्नो मनोवाञ्छा उनले यसमा व्यक्त गरेका छन् ।

"भलादमी"मा आधुनिक समाजको आडम्बरी व्यवहारप्रति व्यंग्य छ । अरू क्षेत्रमा जस्तै शिक्षा र साहित्यका क्षेत्रमा पनि चोर्नेपन, लोकप्रियता र देखावट नै भलादमीका मूल लक्षण बनेका छन् भन्ने उनको धारणा छ ।

भावात्मक प्रवाहपूर्ण "फूल" निबन्धमा देवकोटाले फूललाई विभिन्न दृष्टिकोणबाट हेरेका छन् । उनका निम्ति फूल भनेका "रहस्यको देशबाट आएका बेतारका पाहुना" हुन् । फूलको उम्रिने, बढ्ने, फुल्ने, वैलिने र झर्ने प्रक्रियाभित्र सम्पूर्ण सृष्टिको र विशेष गरी मानव सभ्यताको नै विकासप्रक्रिया प्रतिबिम्बित हुन्छ भन्ने उनी ठान्दछन् ।

ग्रामीण नेपाली समाजमा असारको पन्ध्र दिन व्यस्तता र परिश्रमको पर्व स्वरूप मानिन्छ । शहरीया जीवनमा भने यसको उस्तो सम्भावना रहँदैन । तर देवकोटा भने आफू शहरीया भए तापनि आफूभित्रको ग्रामीण संस्कारले आफूलाई असारको पन्ध्रले दिने उत्सवतर्फ अचेत रूपमा नै प्रेरित गरेको अनुभव गर्दै शहरबाहिर गाउँमा असारको पन्ध्रको दिन रोपाईं भएको हेर्न जान्छन् । कठोर परिश्रम र कष्टलाई पनि मनोरञ्जन र आह्लादपूर्वक भोग गर्नसक्नु नेपाली लोक जीवनको विशेषता हो र यही

विशेषताको परिणामस्वरूप प्राकृत भावका साहित्यिक लहरी छुटक, गोठाला साथिका मुखबाट धाराप्रवाह रूपमा छुट्छन् तर शब्दरियाल्क भी सचेत रूपले साहित्य लेख्न बस्ने हुँदा कृत्रिम बनावट हिर्वाछन् भन्ने धारणा देवकोटाले "भाषाको पन्ध्र"मा व्यक्त गरेका छन् ।

"कला र जीवन" मा कलाको परिभाषा दिँदै उनले जीवनका सापेक्षतामा कलाको महत्त्व माथि प्रकाश पारेका छन् । उनी कला कलाको निम्ति भन्ने कुरा स्वीकार गर्दैनन्, न ता कला जीवनको निम्ति भनेर उनी पक्षको सौन्दर्यात्मक पक्षको महत्त्व नै कम ठान्छन् । उनका दृष्टिमा कला र जीवन माझ अन्योन्याश्रयभाव सम्बन्ध छ । जीवनभन्दा कला उच्च छ किनभने जीवन हर बिन्दुमा सुन्दर देखिँदैन, तर कला हर बिन्दुमा सुन्दर देखिन्छ, अनि जीवनको सत्य वस्तुवादिक हुन्छ, कलाको आख्यानात्मक वा काल्पनिक कलाले उच्चतर जीवनको चित्रण गर्दछ भन्ने एरिस्टोटलको धारणा नै उनी पनि व्यक्त गर्दछन् । त्यसैले उनका दृष्टिमा यथार्थवादीहरू सत्यको टीका कलाकार हुन् । कलाको महत्ता जीवनको उत्थान गर्नु र नैतिक शिक्षा दिनुमा छ भन्ने उनको धारणा छ ।

"गधा बुद्धिमान कि गुरु" " उनको सर्वश्रेष्ठ निबन्ध हो जसमा स्वयंलाई शिक्षित, बुद्धिमान र विवेकशील मान्ने आधुनिक मानव गुरुभन्दा नैसर्गिक सीमाको अतिक्रमण नगरी सीधो आफ्नो काम गर्ने गधा अधिक बुद्धिमान हो भन्ने विचार उनले व्यक्त गरेका छन् ।

हास्य-रस जस्तो शास्त्रीय विषयबारे आत्मपरक र भावात्मक परिपाटीमा चर्चा गरिएको निबन्ध "हास्य-रस" हो । हास्यबाट उच्च कविता बन्न नसके पनि कविताको अंश हास्यमा रहेको हुन्छ र स्वास्थ्यको निम्ति हास्य आवश्यक छ भन्ने उनको मत देखिन्छ ।

"कविराजको च्याँग्री लब्बर" एउटा हास्य निबन्ध हो जसमा च्याँग्री लब्बरमाथि चढेर हिँड्ने "च-प्रसाद" नामक एकजना कविराज पात्रको व्यंग्यचित्र उतारिएको छ ।

"कलम र कागजको रगड" मन नपराउने देवकोटाले "छन्द र लय" शीर्षक निबन्धमा कवितामा छन्दोविधान र यतिगतिको निर्वाह प्राकृतिक रूपले हुन्छ र पिङ्गलाई

छन्दशास्त्रीय नियमानुसार बनाउन खोज्नु कृत्रिमता हो भन्ने विचार व्यक्त गरेका छन्। उनका निम्ति छन्द ग्रन्थमा होइन प्रकृतिमा रहेको छ र उनी आफूले पनि प्रकृतिबाटै छन्दप्रयोग सिकेको कुरा गर्दछन् । उनका दृष्टिमा संसार नै छन्दोमय छ र छन्द र लय बिना कुनै पनि कुरामा ऐक्य हुँदैन ।

कल्पनाका विषयमा उनले आफ्नो धारणा "कल्पना" शीर्षक निबन्धमा व्यक्त गरेका छन्। उनका कल्पना सम्बन्धी यी धारणा वर्ड्स्वर्थका "इम्याजिनेशन" र "फ्यान्सी" सम्बन्धी धारणासित सामञ्जस्य राख्दछन् । उनका दृष्टिमा आनन्दको आत्मा कल्पना हो । प्रतिभा, विचार-शक्ति, संवेदनसामर्थ्य, भावनात्मकता आदि विभिन्न कुरालाई उनले कल्पनान्तर्गत व्याख्या गरेका छन् । उनका दृष्टिमा कल्पना एउटा अत्यन्त व्यापक र उच्च शक्ति हो । जीवनको अर्थ कल्पनामा छ, कल्पनाहीन मानिस निर्जीवतुल्य हो । कल्पनाशील मानिसले मात्र अनुपम विश्व विश्वमा ब्रह्म बन्न सक्छ भन्ने उनको धारणा यस निबन्धमा अभिव्यक्त छ ।

"कुम्भकर्ण"मा हास्य र भावात्मकताको मिश्रण छ । निद्रा मानिसको निम्ति सबै-भन्दा आनन्ददायक कुरा हो र यो परम आनन्दको सर्वाधिक उपभोगको सौभाग्य कुम्भकर्णले गरे भन्दै उनी जीवनमा निद्राको महत्त्वमाथि प्रकाश पार्दछन् । उनका दृष्टिमा कल्पना र निद्रामा सादृश्य छ । गीताको – "या निशा सर्वभूतानां तस्यां जागर्ति संयमी । यस्यां जाग्रति भूतानि सा निशा पश्यतो मुनेः ।।" भन्ने उक्तिको भावको पनि उनले यस निबन्धमा समाहार गरेका छन् ।

"धाउको माहात्म्य" मा आधुनिक भौतिकवादी जीवनदृष्टि र पद्धतिको समर्थन गर्दै हाम्रो परिधिमा भित्रिएकाले गर्दा हामी आफ्नो पूर्वीय संस्कृति र सभ्यतालाई बिर्सेर कृत्रिमतातर्फ बढेका छौं तर हाम्रो संस्कार चाहिँ पूर्वीय नै छ र रहनु आवश्यक छ भन्ने मत उनले प्रकट गरेका छन् ।

"मउवाको बोटले के देखे" मा उनले भाषानुवाद परिषद्को आफ्नो अड्डाबाट त्रिचन्द्र कलेजका छेउको मउवाको रूखलाई देखेँ त्यसको मानवीकरण गरेर त्यसको माध्यमबाट प्रकृतिको निरन्तर विकासशील एवं परिवर्तनशील स्वरूपको अवलोकन र विवरण प्रस्तुत गरेका छन् ।

"वैराग्य" निबन्धमा व्यावहारिक एवं वस्तुगतका तीता अनुभूतिद्वारा मानिसको आन्तरिक पेटबाट उठेको विरागको भावना नै वास्तविक वैराग्य हो भन्ने भाव अभिव्यक्त छ । उनका दृष्टिमा साँचो वैरागी बन्न गाह्रो छ ।

"आकार र अभिप्राय" मा देवकोटा के भन्छन् भने ईश्वरले प्रत्येक वस्तुलाई जे जस्तो आकार दिएका छन् त्यो साभिप्राय र तात्पर्यपूर्ण छ । आकृतिलाई उनी इच्छाको विकास मान्छन् र संसार वास्तवमा इच्छाशक्तिको विकास र तारतम्य स्वरूप छ तथा यही इच्छाशक्ति नै अभिप्रायशील आकारमा अभिव्यक्त हुँदै देखिँदो छ भन्ने उनको धारणा यसमा व्यक्त छ ।

"नेपाली गुण्डो" मा बाह्याडम्बरद्वारा समाजका आँखामा पर्दा हाली दुराचरण र दुर्व्यसनमा लागेर समाजको विकासमा बाधा पुऱ्याउने कुतत्वहरूको आलोचना गरिएको छ।

"पण्डित लेखनाथ पौड्यालका विषयमा" उनको आलोचनात्मक लेख हो यसमा उनले नेपाली साहित्यमा कवि लेखनाथको योगदान र भूमिका बारे प्रशंसामूलक शैलीमा चर्चा गरेका छन् । कतिपय सीमा र कमजोरी हुँदाहुँदै पनि लेखनाथ नेपालका आधुनिक महाकवि र महापुरुष हुन् भन्ने मत यस निबन्धमा उनले प्रकट गरेका छन् ।

"सुन्तली दाल भेर"मा उनी अहिंसाका समर्थक र प्रचारक झैं देखिन्छन् । "जीवो जीवस्य जीवनम्" भन्ने शास्त्रीय उक्ति भए तापनि स्वाद र मोटाइको निम्ति मासु खानु हिंसा हो भन्ने उनको विचार छ । त्यति मात्र होइन, आफ्नोभन्दा अधिक दाल बाहुल्यबाट आफूले खिचु पनि हिंसा हो, त्यसैले "मनुष्य, नवान, आफ्ना निम्ति सुन्तली स्वाद भेर" भनेर उनी पाठकलाई सतर्क गराउँछन् ।

"आमाको चित्त"मा उनी संसारका सबै धर्म आमाको हृदयमा हुन्छन् भन्दै शिशुप्रतिको पूर्णता देखाउने धर्म नै साँचो धर्म हो र यो धर्म आमाको चित्तमा मात्र सर्वदा हुन्छ भन्दछन् । आमाको चित्तको विशालता र गम्भीरता तिनको बालवियोगको क्षमता देख्न सकिन्छ भन्ने उनको विश्वास छ।

"शिक्षा" निबन्धमा आधुनिक परिपाटीको शिक्षालाई उनले यान्त्रिक पद्धतिको र बिनाकामको भन्ने ठहराउँदै प्राकृतिक रूपले जीवनोपयोगी शिक्षा नै मानिसको सर्वतो-

बुद्धि विकास र शान्तिका निम्ति आवश्यक छ भन्ने विचार प्रस्तुत गरेका छन् । यसमा उनले वर्तमान शिक्षा पद्धतिको घोर आलोचना गर्दै यस्तो शिक्षाले हामीलाई जीवनबाट टाढा लैजाने र मानिसलाई जड् मूर्ख बनाउने काम मात्र गर्दछ भन्ने उनको धारणा छ ।

"गौरीशंकर यात्रा" उनको भावनात्मक यात्राको निबन्ध हो जसमा उनी अग्ला अग्ला चुचुराहरू चाहन्छु र तिनको उच्चाइतिर लम्कनु नै गौरीशंकरको यात्री बन्नु हो र मानिसका सिर्जनात्मक नै सभ्यता र उन्नतिका निम्ति प्राकृतिक प्रेरणा हुन् अनि अन्वेषण र नवीन प्राप्तिको खोजीले नै मानिसलाई जीवनका कठीन चुचुराहरू उकाल्दछ भन्ने मत प्रकाश गर्दछन् ।

"जुवा" लाई नराम्रो कुरा मान्दै पनि यस्तो नराम्रो कुराबाट असल शिक्षा लिनसक्नु मानिसको विचारशीलताको द्योतक हो भन्दछन् । उनका दृष्टिमा जुवाको खेल मानिसको मनोवैज्ञानिक अध्ययनका निम्ति उपयुक्त साधन हो । वास्तवमा जीवन स्वयं नै जुवाको खेल जस्तो छ र नै जुवाको नशा लागेझैं जीवनका विभिन्न विषयको नशा लागेकाहरू "कोही व्यापारमा दौडिरहेछन्, कोही कारखानातिर, कोही अफिसतिर मान्छे दाउ हेर्दछ अरूलाई खिसार्न र आफ्नो मतलब हासिल गर्न ।" – भन्ने विचार यस निबन्धमा उनले प्रस्तुत गरेका छन् ।

"ढुंगा" उनको "लक्ष्मी निबन्ध संग्रह" अन्तर्गत पाँचौं निबन्ध हो । यस निबन्धमा उनले ढुंगालाई पुरुषको आत्मबल र पुरुषार्थको प्रतीक मानेका छन् । ढुंगाबाट मानिसका मनोवृत्ति बुझ्न सकिन्छ तर ढुंगा नै नछुने मगर आदि जातिका पुरुषले भने नया स्वाद दिन्छन् भन्ने उनको भनाइ छ । उनका दृष्टिमा ढुंगा राम्रो काट-छाँटगरी सिंगारेको छ भने त्यसबाट व्यक्तित्वको विकास पनि हुन्छ ।

"एउटा चरीको चिरीबिरी"मा उनले चरालाई सृष्टिको सुन्दरतम जीव मानेका छन् । उनको भनाइअनुसार माटोको पूर्णता फूल हो भने फूलको पूर्णता चरो हो । अर्थ नलाग्ने तिनका चिरीबिरीले अविदितका धुनमा व्यक्त गर्दछन् ।

देवकोटाको "मान्छेलाई पढेबाट हानी" यान्त्रिक सभ्यताको आलोचना गरिएको निबन्ध हो । यस "बाह्रकोठे बाहुबुले" कालचक्रले मानिसको विवेकको समेत

यान्त्रिकीकरण गरेको हुँदा अनेकन मानिसमा अधिक वैज्ञानिकहरूको यस्तो त्रिकाल-दर्शिता पाइन्न भन्ने उनी ठान्दछन् । मानिसले समयलाई क्षणक्षणमा विभाजित गरी उपयोग गर्ने ध्येयले आविष्कार गरेको यस यन्त्रले उल्टै मानिसलाई आफ्नो इशारामा नचाउन लागेको देखेर उनी यस्तो यान्त्रिक जीवन-पद्धतिको उपहास गर्दछन् ।

"सत्य सोझो हुन्छ" "लक्ष्मी निबन्ध संग्रह" अन्तर्गत अन्तिम निबन्ध हो । आगमनात्मक ढाँचामा लेखिएको यस निबन्धमा उनले सत्यको सरलता, सोझोपन र नैसर्गिक स्वभाव तथा असत्यको क्रूरता, अन्धेरोपन, जटिलता, प्रपञ्चात्मकता र कृत्रिमताबारे चर्चा गर्दै सबैलाई सत्यको पछि लाग्ने सल्लाह दिएका छन् ।

यस संग्रहभित्रका निबन्धहरूमध्ये "आगको पन्ना" वि.सं. 1993 मा र "फूल" अनि "भ्यागुतो" वि.सं. 1995 मा "शारदा"मा प्रकाशित भएकोका थिए ।[127] वासुदेव त्रिपाठीको भनाइअनुसार वि.सं. 1992 मा नै उनको "पहाडी जीवन" निबन्ध प्रकाशमा आएको थियो ।[128] प्रायः सबजसो निबन्ध उनले भाषानुवाद परिषद्मा लागेर भएपछि लेखेको देखिन्छ ।

"दाडिमको रूख" [वि.सं.2039] उनका निबन्धहरूको दोस्रो संकलन हो यसको सम्पादन राजेन्द्र सुवेदीले र नामकरण कमल दीक्षितले गरेका छन् । "लक्ष्मी निबन्ध संग्रह"को दोस्रो भाग भनेर प्रकाशित गराएको यस संग्रहभित्र देवकोटाका अठारवटा निबन्ध परेका छन् । योमध्ये पहिलो निबन्ध "निद्रा" वि.सं.1995 मै "शारदा"मा प्रकाशित भएको थियो । यसमा उनले मानव जीवनमा निद्राको महिमाको वर्णन गरेका छन् । "लक्ष्मी निबन्ध संग्रह" अन्तर्गत "कुम्भकर्ण" शीर्षक निबन्धसित यसको कथ्यगत साम्य पाइन्छ । निद्रा शान्तिको सती हो र यसको सिंहासन चाहिँ परिश्रममा अडेको छ भन्ने उनको विचार छ । उनका दृष्टिमा निद्रा, कल्पना र मृत्यु मात्र परस्पर सादृश्य छ ।

---

127. चूडामणि बन्धु, देवकोटा, पृ. 108.
128. वासुदेव त्रिपाठी, [क] विमर्श, पृ. 65.
[ख] "महाकवि देवकोटा र उनका महाकाव्यका सम्बन्धमा", कुमारबहादुर जोशी, पूर्ववत्, पृ. 77. । यसमा उनले यस निबन्धको प्रकाशन काल वि.सं. 1992 देखाएका छन् ।

देवकोटा संगीतका प्रेमी पनि थिए । उनको त्यही संगीतानुरागी व्यक्तित्वको प्रकाशन "बेहाग" शीर्षक निबन्धमा भएको छ । उनका दृष्टिमा गाना हुनु नै जीवित हुनाको लक्षण हो अनि नाचरूप बन्नु नै भाग्य हो । उनका निम्ति विश्व संगीतमय छ र संगीतले नै मेरुजीवनको पोषण गर्दछ । संगीतमा सूक्ष्म भावाभिव्यक्तिको सामर्थ्य रहेका हुनाले "यस कवितामा आफ्ना सूक्ष्म-भावहरू व्यक्ताउनु मुश्किल पर्दछ म गीत गाउँछु" भन्ने उनी आफ्नो नव-शब्द सिर्जना गर्ने आदतको कारण पनि यसैलाई मान्दछन् ।

"फर्सीको बोट" निबन्धमा देवकोटाले "लगाए बाटा फर्सीको बोट" भन्ने प्रसिद्ध नेपाली उखानले उल्लेख्यदेखि फर्सीप्रति अवहेलनाको भाव देखाउँदै आएको भए तापनि फर्सी वास्तवमा त्यति अवहेलनयोग्य छैन भन्ने तर्क पेश गरेका छन् । "फर्सी" शब्दको उत्पत्ति "परसी"बाट भएको मान्ने उनी यसमा "विश्वभरतीस्वाद" वा "विश्वप्रेमस्वाद", "मानवप्रेम जस्तो पच्छिँदो फराल शुचिपोषण", "वेदान्त" जस्तो "गोलाकारको चमत्कार" आदि विशिष्ट गुण रहेको देख्दछन् । त्यसैले फर्सी पनि एउटा उपेक्षणीय वस्तु नभई आदरणीय मानव आहारको वस्तु हो भन्ने तर्क उनले यस निबन्धमा दिएका छन् ।

"मातृभाषाको लागिमा नेपाली भाषाबारे देवकोटाका विचार व्यक्त छन् । "नेपाली भाषामा उर्दूको जस्तो रोब-रोब्क, शान छैन" भन्ने र उर्दू, हिन्दी, बंगला आदिका अतिरिक्त नेपाली भाषाको कुनै महत्व नदेख्नेप्रति उपहास गर्दै यस निबन्धमा उनले नेपाली भाषाको अद्वितीय अभिव्यक्ति सामर्थ्य र यसका मौलिक प्रवृत्तिगत विशेषताको उद्घाटन गरिदिएका छन् ।

"कट्टरता" मा उनका रूढि विरोधी विचारहरू अभिव्यक्त छन् । कट्टरता एक किसिमको रोग हो र यसले मानवविकासमा बाधा पुऱ्याउँछ, यो "एक किसिमको रक्त पुजारी हो । ऊ सत्यलाई देख्दैन" भन्ने उनको धारणा यसमा व्यक्त पाइन्छ । उनको भनाइअनुसार कट्टरहरू "एक किसिमका मरेका तानाशाही हुन्", तर तिनको पनि समाजलाई आवश्यकता छ ।

"नर-नारी" मा उनी सम्पूर्ण संसारको आधार नै नर र नारी हुन् भन्दै यी दुवै प्रकाश र अप्रकाश जस्ता परस्पर विरोधी नभएर एउटा सम्पूर्ण संसारका आधारभूत दुइ पक्ष हुन् भन्ने विचार व्यक्त गर्दछन् । यी नर र नारी दुइ तत्त्व सृष्टि सञ्चालनका

आधार हुन्, तर यो दुइ आधार सर्वत्र दुइ भिन्नाभिन्नै बोध नभएर गनेउला प्रभृति प्राणीमा एकै बोधमा आश्रित छन् भन्दै उनी नर-नारीको परस्पर घनिष्टता तर्फ संकेत गर्दै प्रजनन प्रक्रियाको वैज्ञानिक व्याख्या पनि गर्दछन् । यसमा यौन सम्बन्ध विषयक गोपिलयका पछिल्तिर पनि वैज्ञानिक अवधारणा रहेको कुरा प्रस्ट्याउँदै उनले यस निबन्धमा यसमा नारीको पनि "पुरुषको सम नभए पनि सभ्यताको भावना राम्रो पर्ने स्वभावीय अधिकार रहनुपर्छ ।" – भन्ने विचार प्रस्तुत गरेका छन् ।

"नेपाली भाषा" देवकोटाको भाषा-विषयक चिन्तनको अर्को निबन्ध हो । यसमा उनले "भाषा"को अर्थ, यसको उत्पत्ति स्थान तथा भाव, अर्थ र वाक्य लगायत यसको सम्बन्ध र भूमिकामाथि प्रकाश पार्दै नेपाली भाषाको विकासमा बाधक तत्त्वहरूको पनि चर्चा गरेका छन्, र भाषाको उन्नयनका निम्ति आवश्यक कुराको संकेत पनि दिएका छन् ।

"श्रीपञ्चमीको दिन 2010" उनको भावनात्मक निबन्ध हो जसमा उनले बसन्त पञ्चमीको दिन प्रकृतिमा आएको सुन्दर परिवर्तनको वर्णन गरेका छन् । उनका दृष्टिमा "यो कविको वर्षको जन्मदिवस" हो र "हृदयलाई छिन्ने तारा कलाहरू, यो सुन्दरका सम्पत्ति हुन्, यहीं प्रादुर्भाव हुन्छन् ।"

"दान" मा पनि देवकोटाका रूढि विरोधी विचार नै अभिव्यक्त छन् । यसमा प्रचलि-त दान प्रथाको कटु आलोचना गर्दै यस निबन्धमा उनले दान थाप्ने बाहुन र स्वार्थपूर्ण दान दिने धनी-मानीहरूको भर्त्सना गरेका छन् । उनी भन्छन् – "दिने काम या चीजलाई राम्रो दान भन्दछौं, तर दिँदैमा दानी कोही बन्दैन । यो मेरो लौरो म यथेष्ट मात्रामा दिन सक्छु ।" उनको दृष्टिमा "दान आत्मत्याग र त्यसको आधारि-क भावनाको सद्भाव र तीव्रतामा रहेको छ ।" दान गर्न धन दौलतको आवश्यकता छैन, आफ्ना शरीरका विभिन्न अंगले राम्रो उपाय र साथीलाई बाँडेसम्म दान दिन सक्छौं भन्ने उनको मत यसमा अभिव्यक्त छ ।

"भ्रमको महत्त्व" मा उनले भ्रमलाई एउटा आधारभूत वैदिक-प्रक्रियाका रूपमा चिनाउन खोजेका छन् । उनको मतानुसार जल-धारहरू हेर्दा अवश्य देखिए तापनि तिनका हरियालक-को हल्लाउ र चिकारलीलामा गतिले पूर्णरूपमा काम गरिरहेको हुन्छ र यो भ्रम नै

नभए तापनि भ्रमणको औपन्यासिकतातर्फको यात्रा चाहिँ अवश्य हो । यसउक्त अबउ छिए । तिनले त्यस उमारेर गतितर्फ लागे, अनि पछि जीवनको आरम्भ कालदेखि भ्रमणको सर्वोच्च विकास भयो भन्दै उनी के भन्छन् भने निरुद्देश्य भ्रमण पशुहरू र आदि-मानवको प्रवृत्ति हो तर सभ्य मानिसको भ्रमण सोद्देश्य हुन्छ । भ्रमणमा "भौंतारिंदो मनमानी उडाइको याद छ", "सिर्जनाको उन्माद छ", "स्वच्छन्दताको मिठास छ" भन्ने उनको विचार यसमा अभिव्यक्त छ ।

"साहित्यमा शिवत्व" शीर्षक निबन्धमा उनले साहित्यलाई जीवनको सापेक्षतामा राखेर हेरेका छन् । उनको दृष्टिमा शिवत्वको भावना साहित्यभित्र एकाकार छ । त्यसैले साहित्यले समाजको सदैव कल्याण गर्दछ । जुन साहित्यले समाजको हानी गर्दछ त्यो साहित्य नभएर जहर हो , असली साहित्यले मानिसलाई सच्चापूर्वक जिउन सिकाउनुपर्छ र विवेक, बुद्धि, ज्योति, निरीक्षण शक्ति, निर्दम्भ र सामर्थ्य पनि दिनु कौशी उसको भावनाको क्षितिज पनि विस्तृत हुँदै जानुपर्छ ।

"धूम्रपानको क्षमा-प्रार्थना" निबन्धमा देवकोटाले धूम्रपानको पक्षमा बहस गरेका छन् । चुरोट खानाका विभिन्न फाइदाहरूको उल्लेख गर्दै उनी स्वयं चुरोटको रूप, रंग, आवेग र सम्भावनाले गर्दा "उम्मा कैंको" कुरा ठोकोरेर भन्दछन् । धूम्रपानको विरोध गर्नेहरूलाई उनी बाख्रा, अरिंगाल, बच्छी आदिसँग तुलना गर्दछन् । नशामध्येको उत्तम नशा चुरोटकै छ भन्ने उनको तर्क छ । यस निबन्धमा उनको जीवनको एउटा अधिक प्रसिद्ध तथ्य नै प्रमुख विषयाधार रहेको छ ।

"कवि हुने धुनमा" देवकोटाको आत्मजीवनीपरक निबन्ध हो । यस निबन्धमा उनले आफूले कविता लेख्न कहाँबाट प्रेरणा पाएको थिए र कसरी कवित्वको विकास भयो भन्ने कुराको विवरण दिएका छन् ।

देवकोटाका निबन्धहरूको दोस्रो संकलनको नामकरणमा कमलमणि दीक्षितको सल्लाहअनुसार राजेन्द्र सुवेदीले चुनेको "दाडिमको रूखनेर" भन्ने शीर्षक यस संकलन अन्तर्गत पर्ने

नाउँको एउटा निबन्धमा आधारित छ ।[129] "दाडिमको रूखनेर" देवकोटाको प्रकृतिनिष्ठ निबन्ध हो । यसमा उनले मानवीय भावनाहरूलाई प्रेरित गर्ने मूल शक्तिका रूपमा प्रकृतिलाई लिएका छन् । उनको भनाइअनुसार उनलाई "वर्डस्वर्थको प्रभावले हो कि बराबर रूखनिर बसेर विचार गर्न मन लाग्छ ।" उनी आफ्नो शैशव सम्झँदै के भन्छन् भने उनी बालक छँदाताका प्रकृतिका मित्र थिए । तर बढ्दाबढ्दै उनी वयस्क बन्दै गए प्रकृतिबाट पनि उनी उछिट्टिँदै टाढा हुँदै गए । रूख र मानव जीवनका बोध धेरै सापेक्ष छ भन्दै उनी भन्छन् – "पैसाको प्रचुर पाठ नजान्ने दुनियाँमा कसैले कसैलाई सायदै उजारो दिन सक्तैन ।" त्यति मात्र होइन यी दुवैका जीवन अन्योन्याश्रित छन् । तर मानिसमा नैतिक दायित्वको बोध घट्नाले हुन गएको "वानस्पत्य तापक्रमहरूले हाम्रो टी.बी. क्षय अथवा नयाँ नयाँ सभ्य-असभ्य रोगहरूका शिकार बनिरहेका छौं ।"

"म बुढ्यौली मान्छे भए के गर्ने थिएँ ।" शीर्षक निबन्धमा देवकोटाले नारीभित्र निहित सामर्थ्य र शक्तिको वास्तविक रूप उद्घाटन गर्न खोजेका छन् । आफू "एक अतिशय सुन्दरी युवती भएको" कल्पनाका आडमा उनी स्वास्नीमान्छेको रूपमा म के के हुँ र के के गर्नसक्छु भन्ने कुराको विवरण दिँदै जान्छन् जसबाट नारी के हो र उसले के के गर्न-सक्छे भन्ने कुराको विवरण प्रस्तुत हुँदै जान्छ । हास्यात्मक ढंगमा थालिएको यो निबन्ध टुंग्याउनोमा पनि हास्यात्मक ढंगबाटै बिद्धिन्छ । नारीभित्रको सामर्थ्य र साहसपूर्ण व्यक्तित्वको कुरा गर्दै अन्त्यमा उनले आफूभित्रको उक्त महिलालाई "ज्याउठी महिला" ठहराएका छन् । वस्तुतः यो महिला कवि देवकोटाभित्रको साहित्य-सर्जनात्मक शक्ति-रूप नै हो । अर्थात्, "त्यो मोरीको नाम नै साहित्यिक बहुलट्ठी हो ।"

"शिशुहरूका लागि क्षमा प्रार्थना" मा देवकोटाले हिंसात्मकताको आलोचनात्मक चर्चा गरेका छन् । "पैसाको ठीक स्थानमा निर्माणका लागि पाटन र काठमाडौंका बीचमा अन्तरालहरूका पहाडतिर सुन्दराइएका" जस्ता विवरणमा भौतिको ढंगका सुसमृद्धि धारण गरेका नरभक्षक पिशाच एक थोडा"को विषयमा चर्चा गर्दै उनी के भन्छन् भने दानवहरू भोकबाट प्रसन्न बनेका थिए, अर्थात् मानवभित्र भय नामक एउटा दानव विद्यमान

---

129. राजेन्द्र सुवेदी,"देवकोटाका निबन्धःजस्तो भेटें–जस्तो देखें", लक्ष्मीप्रसाद देवकोटा, <u>दाडिमको रूखनेर</u>, पृ. 40–41.

रहन्छ यसले मानिसलाई हिंसात्मक कार्य गराउँदछ । उनको भनाइअनुसार "युद्धका कुरा ल्याउनु" दमन गराउनको निम्ति त्यस पितृ पुरुषले आफ्नो सिंह लडाइरहेका थिए । देवकोटाको दृष्टिमा यो कुनै नयाँ कुरो होइन , "यो त केवल हाम्रो राष्ट्रको , हाम्रा राजनीतिक र हाम्रा सामाजिक स्तम्भले आफ्नो वर्तमान नैतिक मापदण्डद्वारा मानवजीवनभर उपर आएको खतरले गरिआएको अमानवीकरणको मात्राको सजीव चित्र मात्र हो ।" र यस बाहक पितृत्वले हाम्रो राष्ट्रको नै प्रतिबिम्ब बोकेको छ ।

"साँढे" देवकोटाको प्रतीकात्मक–व्यंग्यात्मक निबन्ध हो जसमा निरंकुश र स्वार्थी ताना-शाहीको प्रतीकका रूपमा साँढेलाई लिइएको छ । उनका दृष्टिमा "चिल्लो पुष्ट बनेको उग्राउँदो साँढे यस युगभित्रैको एक अङ्कुरित तर अत्यधिक विकसित आदर्श हो । प्रत्येक नागरिक त्यसो अवश्य मान्छ ।" यसै शीर्षकमा उनले एउटा कविता पनि लेखेका छन् । र त्यसमा पनि साँढेको शक्तिशालिताको वर्णनद्वारा तानाशाही शासन-व्यवस्था र त्यसका कर्णधारहरूप्रति व्यंग्य गरेका छन् ।

यस संकलनको अन्तिम निबन्ध हो "मेरो पाल्पा तानसेनसम्मको यात्रा" । आत्मजीवनी-परक ढाँचाको यस निबन्धमा उनले आफ्ना जीवनका सहपाठी मित्रवर श्री वैकुण्ठप्रसाद लाकौलको निम्तो स्वीकारबाट पाल्पा-तानसेनको भ्रमणमा गएको वर्णन गरेका छन् । सम्पादकको भनाइअनुसार यसको बीचमा "प्याजको खण्डमा एकपृष्ठ छुटेको" र अन्त्यमा पनि "करीब आधा पृष्ठ हराएको अनुभव हुन्छ।"[130] यसले गर्दा निबन्ध अधुरै रूपमा प्रकाशित छ ।

यस संकलनको पहिलो निबन्ध "भिक्षु" वि.सं. 1995 को "शारदा" पत्रिकामा प्रकाशित भएको थियो । त्यसै गरी "वैशाख", "फूलको चोट", "मातृभाषाको लागि" र "नरनारी" शीर्षक निबन्धहरू पनि "शारदा" का विभिन्न अंकमा प्रकाशित भएका थिए । "कट्टरता" "साहित्यस्रोत" मा प्रकाशित निबन्ध हो । पारसमणि प्रधानको सम्पादकत्वमा प्रकाशित "नेपाली भाषा" [वि.सं.2010] मा देवकोटाको "नेपाली

---

130. राजेन्द्र सुवेदी, "देवकोटाका निबन्ध : केही मेलो-केही नमेलो" [illegible], पृ. 40-1.

भएथ" शीर्षक निबन्ध प्रकाशित भयो । पारसमणि प्रधानको सम्पादनमा वि.सं.2012 मा प्रकाशित "नेपाली पाठ्यांश" मा देवकोटाको केही कविता र कथाका साथै "दान" र "श्रीपञ्चमीको दिन 2010" शीर्षक निबन्धहरू पनि प्रकाशित भए । "भूमिको महत्व", "साहित्यमा शिवत्व" तथा "धूम्रपानको क्षमा प्रार्थना" निबन्धहरू "प्रगति" को विभिन्न अंकहरूमा प्रकाशित भए । उनको मरणोपरान्त उनका "कवि हुने धुनमा" वि.सं.2018मा तथा "साहित्यको लहर" वि.सं.2019 मा "रूपरेखा" मा प्रकाशित भए । संकलनका अन्तिम पाँचवटा निबन्धहरू – "म सुसाहितो साथिम भए के गर्ने थिएँ" ।", "विश्व-भक्तका लागि प्रार्थना", "घाँडे" र "मेरो पहिल्यै वानबेनको पान" सर्वप्रथम यसै संग्रहमा प्रकाशित देखिन्छन् ।

"स्रष्टा देवकोटा : द्रष्टा परिवेशमा" राजेन्द्र सुबेदीको सम्पादनमा वि.सं.2041 मा प्रकाशित देवकोटाका एघारवटा समालोचनात्मक लेख र भूमिकाको संकलन हो । संकलनको पहिलो लेख "तरुणतपसी प्रदक्षिणा" देवकोटाको समालोचकीय दृष्टिको राम्रो दृष्टान्त हो । लेखनाथ पौड्यालले "तरुण तपसी" (वि.सं.2010) को भूमिका लेखिदिने आग्रह देवकोटालाई गरेका थिए तर समयाभावले देवकोटाबाट यो काम हुन सकेन, र बालकृष्ण समले त्यसको भूमिका लेखिदिए । प्रकाशनपछि उक्त काव्य र भूमिका पढेर देवकोटाले "तरुणतपसी"बारे लेखेको समीक्षात्मक लेख नै यो "तरुणतपसी प्रदक्षिणा" हो । यस लेखमा उनले समले "तरुणतपसी"को भूमिकामा व्यक्त गरेका विचारहरूको औचित्या-नौचित्यको विश्लेषणात्मक ढंगले आलोचना गर्दै "तरुणतपसी"को मौलिक प्रवृत्ति, काव्य स्वरूप, यसका विशेषता र उपलब्धी आदिका साथै नेपाली कवितामा लेखनाथको स्थान एवं महत्वमाथि पनि गम्भीर अन्तर्दृष्टिपूर्ण निष्कर्षहरू प्रस्तुत गरेका छन् ।

"छोटो किस्सा" मा आधुनिक कथाका स्वरूप, विशेषता, स्रोत, साहित्यिक महत्व र मूल्यबारे चर्चा गर्दै नेपाली साहित्यमा यस किसिमका रचनाको आवश्यकता र उपयोगितामाथि पनि प्रकाश पारेका छन् । नेपालीमा आधुनिक कथाको सैद्धान्तिक स्वरूपबारे लेखिएको यो एउटा महत्वपूर्ण लेख हो ।

"नेपाली साहित्य गगनका दुइ नक्षत्र" मा उनले कवि भवानी भिक्षु र प्रेमराजेश्वरी थापा लाई नेपालीमा छायावादी रहस्यवादी प्रवृत्तिको काव्य-लेखनका अगुवाका रूपमा

चिनाएका छन् । यस क्रममा उनले दुबैका केही कविताहरूको चर्चा गरी तिनका काव्यगत प्रवृत्ति र विशेषताको पनि उल्लेख गरेका छन् ।

"श्री कविसम्राट पं. लेखनाथज्यूका केही कविताको नयाँ मोजाइकको समालोचना" शीर्षक लेखमा देवकोटाले लेखनाथका कवितामा पाइने परम्परागत काव्यशैलीय विशेषता र पुरातनवादी प्रवृत्तितर्फ प्रकाश पारेका छन् । उनी लेख्छन्, "मैले त्यो निबन्धमा पं. लेखनाथज्यूका विषयमा अलि ज्यादा आदर-कदरका पुकारोको हिस्सा लिएको देखिन गएकाले फेरि एकचोटि सच्चा समालोचकका हैसियतमा केही मोजाइकको समालोचना गर्न अग्रसर भएको छु ।" त्यसैले यस लेखमा लेखनाथीय काव्यका कलात्मक पक्षमा उनको विशेष ध्यान गएको अनुभव हुन्छ ।

"एक दृष्टिकोण" देवकोटाले हरि श्रेष्ठको कथा संग्रह "धार गिर" [2008] को भूमिका स्वरूप लेखेका हुन् । यसमा एकमना "नौचिन्दा" या साधारण साहित्यिकको साहित्यानुरागको प्रशंसा गर्दै हरि श्रेष्ठबारे केही सूचना र उनका लेखन प्रवृत्ति एवं कलागतितर्फ पनि संक्षेपमा चर्चा गरेका छन् ।

"नेपाली दमाउरे बारे" धर्मराज थापाको "पहाडी संगीत"को भूमिका स्वरूप लेखिएको हो । यसमा देवकोटाले नेपाली जनजीवनमा दमाउरेको स्थान र यसप्रति आफ्नो प्रेमको उल्लेख गरेर दमाउरेको अर्थ, परिभाषा र विशेषता समेत बताउने प्रयास गर्दै अन्त्यमा दमाउरे या लोक कविका रूपमा धर्मराज थापाको प्रतिभा र सामर्थ्यको विषयमा समीक्षात्मक टिप्पणी गरेका छन् ।

"समालोचक" हृदयचन्द्रसिंह प्रधानको "केही नेपाली नाटक" [2002] को भूमिका स्वरूप लेखिएको लेख हो । यसमा देवकोटाले समालोचकको दायित्व, साहित्यिक महत्त्व र प्राप्तिबारे चर्चा गर्दै नेपाली साहित्यको समसामयिक अवस्था र यसका प्रवृत्तितर्फ प्रकाश पार्दै नाटककार उनका प्रवृत्ति, विशेषता र मूल्य तथा नेपाली नाटकको क्षेत्रमा उनको अवदानको उल्लेख गरेका छन् अनि अन्त्यमा आफैले गर्न चाहेर पनि नभ्याएको काम हृदयचन्द्रसिंह प्रधानद्वारा "केही नेपाली नाटक" नामक ग्रन्थ लेखी हुन सकेकोमा देवकोटा उनलाई हार्दिक धन्यवाद चढाउँछन् ।

"बर्नार्ड शा" जीवनचरित्रात्मक लेख हो जसमा देवकोटाले अंग्रेजी नाटककार बर्नार्ड शाको जन्मदेखि लिएर शिक्षार्जन, साहित्य लेखन, साहित्यिक प्रवृत्ति, जीवन-दर्शन इत्यादिको संक्षेपमा जानकारी दिएका छन् ।

वि.सं.2004 साल चैतमा काठमाडौंको सरस्वती सदनमा नेपाली साहित्य परिषद्द्वारा आयोजित तीनदिने कवि सम्मेलनमा देवकोटाले सभापतिको आसनबाट दिएको भाषण नै "सभापतिको भाषण" शीर्षकमा यस संकलनमा संग्रहित छ । समकालीन राष्ट्रिय राज-नीतिप्रति ध्यान दिँदै उनले यस भाषणमा नेपालमा यस्ता संस्था सम्मेलनहरूको अवस्था र मूल्य चिनाउने प्रयास गरेका छन् । त्यसका साथै साहित्यकारको स्थान, साहित्य साधना र साहित्यकारको नैतिक उत्तरदायित्व, साहित्यको स्वरूप र मूल्य, जीवनसा-पेक्षता, परम्पराबोध, त्यसमा राष्ट्रियभावनाको अभिव्यञ्जना आदिबारे गम्भीर विचारहरू भावात्मक रूपमा यस भाषणमा अभिव्यक्त गरेका छन् ।

"नेपाली साहित्य" वि.सं. 2014 मा ताशकन्दमा आयोजित एशिया-अफ्रिकी लेखक-सम्मेलनमा देवकोटाले अंग्रेजीमा दिएको वक्तव्यको नेपाली अनुवाद हो । यो अनुवाद कृष्णप्रसाद श्रेष्ठले गरेका हुन् । यस वक्तव्यमा देवकोटाले विदेशी साहित्यकारहरू समक्ष छोटकरीमा नेपाल र नेपाली साहित्यको परिचय प्रस्तुत गरेका छन् । यसमा उनले नेपालीमा अझैं पनि साहित्यकारहरूले जीविकोपार्जनको समस्यामा अल्झिरहनुपरेको छ भन्ने कुरा बताउँदै नेपाली साहित्यको विकासका निम्ति कुनकुन कुराको आवश्यकता छ भन्ने कुरा पनि बताएका छन् ।

"नेपाली नाटक संघको उद्घाटन" एउटा रिपोर्ताज हो जसमा वि.सं. 2007 फागुन 20 गतेका दिन काठमाडौंमा भीमनिधि तिवारीको अध्यक्षतामा भएको "नेपाल नाटक संघ"-को स्थापनाकार्यको विवरण दिइएको छ ।

यसप्रकार यस संकलनमा चारवटा समीक्षात्मक लेख, तीनवटा भूमिका, एउटा जीवनचरित्रात्मक लेख, दुइवटा भाषण र एउटा रिपोर्ताज संकलित पाइन्छन् । यी मध्ये "तरुणतपसी प्रदक्षिणा" 'रचना'को चौथो वर्षको पहिलो अंकमा प्रकाशित भयो । संकलनको दोस्रो लेख "छोटो किस्सा" को प्रकाशन वि.सं. 1999 वैशाखको "शारदा"मा भएको थियो । "नेपाली साहित्य गगनका दुइ नक्षत्र" "शारदा"वर्ष 7 अंक 10 मा छापियो । [illegible]

धर्माको "पहाडी सँगीत" वि.सं.2003 मा प्रकाशित भयो । देवकोटाले यसको चौध पृष्ठ लामो भूमिका लेखेर फिर तर रचनाभावले गर्दा त्यसको आधा पति मात्र छ पियो भन्ने उल्लेख पाइन्छ ।[131] "धर्म बनाई सा" शीर्षक लेख "रूपरेखा"को वर्ष 2 अंक 3 मा प्रकाशित भयो । "समापतिको भाषण" "साहित्य स्रोत"का वर्ष । अंक 4 देखि 9 सम्ममा धारावाहिक रूपमा वि.सं. 2004 मा प्रकाशित भएको थियो ।

देवकोटाका ग्रन्थरूपमा संकलित एवं प्रकाशित बाहेक अरू पनि अनेक निबन्ध, लेख र भाषणहरूको विषयमा उल्लेख पाइन्छ जसमध्ये केही विभिन्न समयमा विभिन्न पत्र-पत्रिकामा प्रकाशित छन् भने केही चाहिँ अझसम्म अप्रकाशित नै छन् । "पूर्व र पश्चिम" (शारदा:4:11), "सामीलाई कवितामा के चाहिन्छ " (शारदा:12:10), "दार्जिलिङ कलिम्पोंग, कालिम्पोंग" (2005), "कला" (युगवाणी:1:6), "मांझारीको तरंग" (भोर:1:3), "विचित्र वाहिनी" (भारती :1:8), "नेपालको नयाँ विधान" (युगवाणी):1:7), "एक दृष्टि अनन्त गोलक" (नेरा वि,2024) तथा "एउटी बुढीको चित्र" (शारदा:10:9) प्रभृति विभिन्न समयमा प्रकाशित निबन्धहरू अझसम्म पुस्तकाकारमा संग्रहित भएका छैनन् । यी बाहेक अरू पनि निबन्धहरू "युगवाणी"का विभिन्न अंकमा प्रकाशित भएको कुराको उल्लेख पाइन्छ ।[132] त्यसैगरी "समाजवाद", "मांझारीको तरंग" आदि निबन्धहरू अप्रकाशित नै छन् । "पाँचको सुना" शीर्षक उनको एउटा एक पृष्ठको निबन्ध "मधुबिन्दु" वर्ष 3 अंक 4 पृष्ठ 1 मा प्रकाशित छ । तर "पाँचका सुना" एउटा छिटो निबन्ध-संग्रह हुनसक्ने सम्भावनातर्फ चूडामणि बन्धुले संकेत गरेका छन् अनि उनको भनाइअनुसार देवकोटाको "गद्य चमत्कार" नामक अप्रकाशित रचना-संग्रह तथा "समाजवाद" एवं "ईश्वरवाद र अनीश्वरवाद" शीर्षक लेखहरू नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानमा रहेका छन् ।[133] आफ्नो "मार्ग", "भिखारी", "मन" र "प्रश्नोत्तर" बारे देवकोटा स्वयंले हरिविक्रम शास्त्रीलाई वि.सं. 2014 सालमा ट्युसन पढाउँदा लेखाएका आलोचनात्मक टिप्पणीहरू "कान्ती" पत्रिकाका तीनदेखि सात अंकसम्ममा क्रमिक रूपले प्रकाशित भए । त्यसैगरी उनले अनिनाथ पौड्यालको "मीठो कथा"

---

131. चूडामणि बन्धु, <u>देवकोटा</u>, पृ. 310.
132. ऐजन, ऐजन, पृ. 531.
133. ऐजन, ऐजन, पृ. 532, तथा <u>रचना</u>, वर्ष 14,अंक 4,पृ. 84.

(2015) सोमनाथ शर्मा घिमिरेको "आलोक विज्ञान"(2015), रामहरि जोशीको "झंकार"(2014) आदि पुस्तकहरूका भूमिका पनि लेखेका थिए । "शारदा" र "युगवाणी"का कतिपय सम्पादकीयहरूमा पनि देवकोटीय गद्य-शैली पाइन्छ भन्ने विचार चूडामणि बन्धुको छ ।[134]

यसरी केही प्रकाशित तथा केही अप्रकाशित रूपमा देवकोटाका गद्य-रचनाहरू अद्यावधि यत्रतत्र छरिएका देखिन्छन् भने उनको कलमबाट प्रस्फुटित कतिपय गद्य-रचनाहरू चाहिँ उनको नाउँ बिना प्रकाशित रहेका हुँदा देवकोटीय साहित्यको रूपमा तिनको मूल्यन हुनै छ ।

134. चूडामणि बन्धु, <u>देवकोटा</u>, पृ. 168 तथा 271.